साउन – २

सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष २६, अङ्क ८ | २०७४, साउन १६–३२ | पूर्णाङ्क ६०२

प्रकाशक

सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२५०७४२, ४२६२३९७, ४२६२३९८, ४२६२८०१, ४२५८१२२ Ext.२५११ (सम्पादन), २५१४ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२६२८७८, पो.व.नं. २०४३८

Email: info@supremecourt.gov.np, Web: **www.supremecourt.gov.np**

प्रकाशन, सञ्चार तथा सम्पादन समिति

माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की, सर्वोच्च अदालत	**- अध्यक्ष**
नायव महान्यायाधिवक्ता श्री किरण पौडेल, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय	**- सदस्य**
अधिवक्ता श्री खम्मबहादुर खाती, महासचिव, नेपाल बार एसोसिएसन	**- सदस्य**
अधिवक्ता श्री शैलेन्द्रकुमार दाहाल, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन	**- सदस्य**
प्रा.डा.ताराप्रसाद सापकोटा, डिन, त्रिभूवन विश्वविद्यालय, कानून संकाय	**- सदस्य**
सहरजिस्ट्रार श्री भद्रकाली पोखरेल, सर्वोच्च अदालत	**- सदस्य सचिव**

सम्पादक : श्री रामप्रसाद बस्याल

प्रकाशन, सञ्चार तथा सम्पादन शाखामा कार्यरत् कर्मचारीहरू

शाखा अधिकृत श्री निलकण्ठ बराल
शाखा अधिकृत श्री मिनबहादुर कुँवर
कम्प्युटर अधिकृत श्री विक्रम प्रधान
ना.सु. श्री विनोदकुमार यादव
ना.सु. श्री पुष्पराज शर्मा
ना.सु. श्री अर्जुनबाबु सापकोटा
सि.क. श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री विजय खड्का
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री राजेश तिमल्सिना

भाषाविद् : सहप्रा. श्री रामचन्द्र फुयाल

बिक्री शाखामा कार्यरत् कर्मचारी

डि.श्री नरबहादुर खत्री

मुद्रण शाखामा कार्यरत कर्मचारीहरू

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री नरेन्द्रमुनि बज्राचार्य
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सिनियर बुकबाइन्डर श्री रमेश बासुकला
बुकबाइन्डर श्री यमनारायण भडेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
बुकबाइन्डर सहयोगी श्री धनमाया नगरकोटी
कार्यालय सहयोगी श्री मोति चौधरी
कार्यालय सहयोगी श्री रामचन्द्र खड्का

विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू

संयुक्त इजलास	१३	इजलास नं. १०	५
इजलास नं. १	३	इजलास नं. ११	६
इजलास नं. २	२	इजलास नं. १२	४
इजलास नं. ३	९	इजलास नं. १३	१
इजलास नं. ४	३	इजलास नं. १४	४
इजलास नं. ५	३	इजलास नं. १५	५
इजलास नं. ६	५	इजलास नं. १६	३
इजलास नं. ७	७	इजलास नं. १७	१
इजलास नं. ८	२	इजलास नं. १९	२
इजलास नं. ९	३	एकल इजलास	२
जम्मा	५०	जम्मा	३३

कूल जम्मा ५० + ३३ = ८३

नेपाल कानून पत्रिकामा

२०१५ सालदेखि २०६९ साल असोजसम्म

प्रकाशित

निर्णयहरूको सारसङ्ग्रह

विषयगत आधारमा

वर्गीकृत

एघार खण्ड पुस्तकहरू बिक्रीमा छन्।

मूल्य रू.५,५००।-

पाइने ठाउँ

- नेपाल कानून पत्रिका बिक्री कक्ष, सर्वोच्च अदालत
- न्यायाधीश समाज नेपाल, बबरमहल
- सर्वोच्च अदालत बार एसोसिएसन, नेबाए भवन

यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन २०७... ... . १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन २०७४, साउन – २, पृष्ठ १

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवम् अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजुरी र सुझाव भए सर्वोच्च अदालत, प्रधानन्यायाधीशको निजी सचिवालयमा रहेको

Toll Free Number

१६६०–०१–३३३–५५

वा

इमेल ठेगाना

cjs@supremecourt.gov.np

मा सम्पर्क गर्न सकिने छ।

मूल्य रू.१५।–

मुद्रकः सर्वोच्च अदालत, छापाखाना

विषयसूची

क्र.सं.	विषय	पक्ष / विपक्ष	पृष्ठ
संयुक्त इजलास			**१ - १२**
१.	उत्प्रेषण / परमादेश	मोतीबहादुर प्रसाई वि. सुनसरी जिल्ला अदालत, इनरूवासमेत	
२.	भ्रष्टाचार (सरकारी हानि नोक्सानी)	नेपाल सरकार वि. ममता झा	
३.	उत्प्रेषण / परमादेश	चक्रबहादुर विष्ट वि. स्वास्थ्य सेवा विभागसमेत	
४.	कर्तव्य ज्यान	लक्ष्मी लावती वि. नेपाल सरकार	
५.	उत्प्रेषण / परमादेश	पुष्पराज पाण्डेय वि. नेपाल सरकारसमेत	
६.	कर्तव्य ज्यान	ईश्वर बोगटी वि. नेपाल सरकार	
७.	सरकारी छाप किर्ते गरी झुठो नागरिकता बनाएको	छुल्तीम डौमा लामा वि. नेपाल सरकार	
८.	झुट्टा शैक्षिक प्रमाणपत्र पेस गरी भ्रष्टाचार गरेको	नगेन्द्रबहादुर तिवारी वि. नेपाल सरकार	
९.	उत्प्रेषण	गणेशदत्त पौडेलसमेत वि. सहकारी संस्था लिमिटेड जमुनी बर्दियासमेत	
१०.	कर्तव्य ज्यान	नेपाल सरकार वि. यामबहादुर राई	
इजलास नं. १			**१२ - १४**
११.	झुट्टा शैक्षिक प्रमाणपत्र पेस गरी भ्रष्टाचार गरेको	चित्रराज ओझा वि. नेपाल सरकार	
१२.	झुट्टा शैक्षिक प्रमाणपत्र पेस गरी भ्रष्टाचार गरेको	बुद्धिसागर यादव अहिर वि. नेपाल सरकार	
१३.	नक्कली प्रमाणपत्र पेस गरी भ्रष्टाचार	सुसन जोशी वि. नेपाल सरकार	
इजलास नं. २			**१४ - १५**
१४.	मोही नामसारी	मुरली दमिनी वि. गालु दमिनी	
इजलास नं. ३			**१५ - २१**
१५.	उत्प्रेषण	याङ्चा तामाङ वि. नुवाकोट जिल्ला अदालत, नुवाकोटसमेत	
१६.	कर्तव्य ज्यान	सिकीलाल यादव वि. नेपाल सरकार	
१७.	डाँका चोरी	संजय घर्तीसमेत वि. नेपाल सरकार	
१८.	दूरसञ्चार ऐनअन्तर्गतको कसुर अपराध	नेपाल सरकार वि. सरोज लामासमेत	

१९.	जबरजस्ती करणी	राजेश परियार वि. नेपाल सरकार
२०.	उत्प्रेषण / परमादेश	जगदेव पण्डित कुम्हाल वि. पुनरावेदन अदालत, हेटौंडासमेत
२१.	करारबमोजिम दायित्व पूरा गराई पाउँ	देउता बानिया वि. दुर्गाप्रसाद बानियासमेत
इजलास नं. ४		**२१ - २५**
२२.	लेनदेन	दुर्गाप्रसाद भण्डारी वि. नन्दकली भण्डारी
२३.	मानव बेचबिखन तथा ओसार पसार	नेपाल सरकार वि. सबिन मोक्तानसमेत
२४.	कर्तव्य ज्यान	इन्दिरा कार्की वि. नेपाल सरकार
इजलास नं. ५		**२५ - २९**
२५.	उत्प्रेषण	नारद कँडेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत
२६.	उत्प्रेषण	कपुर राई वि. नेपाल सरकार
२७.	उत्प्रेषण / परमादेश	रत्नेश्वरप्रसाद शर्मा वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत
इजलास नं. ६		**२९ - ३१**
२८.	जबरजस्ती करणी	सियाराम रानासमेत वि. नेपाल सरकार
२९.	निषेधाज्ञा	गोमा कुमारी पण्डित वि. मनतोरिया देवी
३०.	उत्प्रेषण / परमादेश	यज्ञप्रसाद बजगाई वि. काठमाडौं जिल्ला अदालत, बबरमहलसमेत
३१.	उत्प्रेषण	राजेन्द्रकुमार जोशी वि. कृषि विकास बैंक, के.का. रामशाहपथसमेत
इजलास नं. ७		**३१ - ३४**
३२.	अंश	चन्द्रकला गौडेल वि. गीता राना गुरूङ
३३.	उत्प्रेषण	पदम गड्तौला वि. पुनरावेदन अदालत, धनकुटासमेत
३४.	निर्णय दर्ता बदर दर्ता हक कायमसमेत	पञ्चलाल महर्जनसमेत वि. प्रेमबज्रमुनि मान बज्राचार्यसमेत
३५.	उत्प्रेषण / परमादेश	जनीकुमार राई वि. नेपाल सरकारसमेत
इजलास नं. ८		**३४ - ३६**
३६.	कर्तव्य ज्यान	मिनबहादुर कुँवर वि. नेपाल सरकार
३७.	कर्तव्य ज्यान	हिरालाल तामाङ वि. नेपाल सरकार
इजलास नं. ९		**३६ - ३७**
३८.	झुठ्ठा प्रमाणपत्र पेस गरी भ्रष्टाचार गरेको	नेपाल सरकार वि. बालकृष्ण थापा

३९.	झुट्ठा नक्कली अध्यापन अनुमतिपत्र पेस गरी भ्रष्टाचार गरेको	सन्तराम यादव वि. नेपाल सरकार
४०.	कर्तव्य ज्यान	दिपेन्द्र के.सी. (खत्री) वि. नेपाल सरकार
इजलास नं. १०		**३७ - ४०**
४१.	कर्तव्य ज्यान	होमाराम राई वि. नेपाल सरकार
४२.	अंश दा.खा. चलन	सुकमाया तामाङ वि. शिवमाया तामाङ
४३.	हक कायम दर्ता गरी खिचोला मेटाइ पाउँ	हरिचरण श्रेष्ठसमेत वि. चन्द्रकुमारी कार्की
४४.	अपहरणपछि कर्तव्य ज्यान	डिपलभ सेन वली वि. नेपाल सरकार
इजलास नं. ११		**४० - ४३**
४५.	उत्प्रेषण	वरूण सिं रावल वि. श्रम अदालत, अनामनगरसमेत
४६.	जबरजस्ती करणी	बाबुराम के.सी. वि. नेपाल सरकार
४७.	निर्णय बदर	जैनुल मिया भन्ने जसनुल मिया अन्सारी वि. सकिना खातुन
४८.	निर्णय दर्ता बदर हक कायम	आइतराम तामाङसमेत वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालयसमेत
इजलास नं. १२		**४३ - ४६**
४९.	उत्प्रेषण / परमादेश	श्यामकुमार चौधरी वि. नेपाल सरकार
५०.	निषेधाज्ञा	रामचन्द्र ठाकुर हजाम वि. रामअश्रे तत्मासमेत
५१.	उत्प्रेषण / प्रतिषेध	प्रेमकुमारी खड्का वि. काठमाडौं जिल्ला अदालत, बबरमहलसमेत
५२.	अंश चलन	मिरा के.सी. वि. कोशिला थापा के.सी.समेत
इजलास नं. १३		**४६ - ४७**
५३.	भ्रष्टाचार	देवराज जैसी वि. नेपाल सरकार
इजलास नं. १४		**४७ - ५१**
५४.	उत्प्रेषण / परमादेश	गंगादेवी पौडेल (गुरूङ) वि. प्रकाश थापा क्षेत्रीसमेत
५५.	आयकर (आ.व.२०५८ / ५९)	ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुर वि. नेपाल टोबाको कम्पनी प्रा.लि. (सिगरेट डिभिजन) को लेसी सिग्मेट नेपाल प्रा.लि.
५६.	उत्प्रेषण / परमादेश	फरिना बानु वि. श्रम अदालत, अनामनगर, काठमाडौंसमेत
५७.	कर्तव्य ज्यान	छिरिङ शेर्पासमेत वि. नेपाल सरकार

इजलास नं. १५		५१ - ५२
५८.	उत्प्रेषण / परमादेश	छवीलाल मगरसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत
५९.	बहाल दिलाई घर खाली गराई पाउँ	जकाउल्ला खाँ वि. रिता कौशल (ठठेरनी) समेत
६०.	उत्प्रेषण / परमादेश	चन्द्रकुमार गोल्छा वि. श्रम अदालत, काठमाडौंसमेत
६१.	धितो लिखत बदर गरी रोक्का रहेको जग्गा फुकुवा गरी दर्ता गरिपाउँ	फूलमति कुर्मिन वि. कृषि विकास बैंक, उपशाखा कार्यालय, हाल शाखा कार्यालय सिमरा, बारासमेत
इजलास नं. १६		**५२ - ५८**
६२.	उत्प्रेषण	गोपाल आचार्य वि. नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथसमेत
६३.	उत्प्रेषण	तिर्थराज भट्ट वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, सिंहदरबारसमेत
६४.	परमादेश	अधिवक्ता डा. चन्द्रकान्त ज्ञवालीसमेत वि. सम्माननीय प्रधानमन्त्री, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत
इजलास नं. १७		**५८**
६५.	उत्प्रेषण	मन्जुकुमारी कर्ण वि. शिक्षा मन्त्रालयसमेत
इजलास नं. १९		**५८ - ५९**
६६.	जबरजस्ती करणी	नेपाल सरकार वि. वेदहरि भट्टराई
६७.	जबरजस्ती करणी	नेपाल सरकार वि. विष्णु अचार्य
एकल इजलास		**५९ - ६०**
६८.	उत्प्रेषण / परमादेश	इस्माइल नाउँ वि. उच्च अदालत, तुलसीपुर नेपालगञ्ज इजलाससमेत
६९.	उत्प्रेषण / परमादेश	किरण गम्भीर सिं रायमाझी वि. काठमाडौं महानगरपालिका, बागदरबार, काठमाडौंसमेत

संयुक्त इजलास

१

स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री बैद्यनाथ उपाध्याय, ०६९-WO-१०७९, उत्प्रेषण / परमादेश, *मोतीबहादुर प्रसाई वि. सुनसरी जिल्ला अदालत, इनरूवासमेत*

जिल्ला अदालत, नियमावली, २०५२ को नियम २२क. (१)(ख) मा अ.बं.११० नं. बमोजिमको तोकिएका प्रक्रियाबाट म्याद तामेल हुन नसकेमा कुनै राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन गरेर म्याद तामेल गराउन सकिने व्यवस्था गरेको छ। उक्त कानूनी व्यवस्थाअनुसार राष्ट्रियस्तरको समाचारपत्रमा सार्वजनिक सूचना जारी गरिसकेपछि पनि निवेदकले थाहा जानकारी नपाएको भन्न मिल्ने अवस्था रहँदैन । सार्वजनिक सूचना जारी गर्नुको उद्देश्य सम्बन्धित सबैले सूचना थाहा पाएको हुन्छ भन्ने अनुमान गर्नु हो। मुलुकी ऐन, अ.बं.११० नं. बमोजिमको प्रक्रियाबाट म्याद तामेल हुन नसकेको अवस्थामा सार्वजनिक सूचना जारी गरेर प्रतिवादीको नामको म्याद तामेल गर्न नमिल्ने भन्ने हो भने कतिपय अवस्थामा प्रतिवादीका नाममा सूचना म्याद तामेल गर्न नसकिने अवस्था आइपर्छ । यसबाट अदालतमा विचाराधीन रहेका मुद्दामा अनन्तकालसम्म म्यादतामेल हुन नसकी न्यायनिरूपण गर्नेकार्य असम्भव हुन गई अन्तत: यसबाट सम्पूर्ण न्यायिक प्रक्रिया नै अन्योलग्रस्त हुन जाने।

निवेदकले आफ्नो वतन भनी अधिकृत वारेसनामामा उल्लेख गरेको सुनसरी जिल्ला इटहरी न.पा. वडा नं. ४ मा जिल्ला अदालत, नियमावली, २०५२ अनुसारको प्रक्रिया अनुशरण गरी मिति २०६८।१२।१० को गोरखापत्रमा सूचना प्रकाशन गरी अदालतबाट म्याद तामेल भएको देखिँदा उक्त कार्य कानूनविपरीत भएको भन्न नमिल्ने।

कानूनबमोजिम अधिकृत वारिसनामा बदर भइसकेपश्चात् खडा भएको बनावटी बैनाकागजबाट आफ्नो दायित्व सिर्जना हुने होइन भन्ने निवेदकको अर्को दाबी सन्दर्भमा हेर्दा निवेदकले मिति २०६६।९।१६ अधिकृत वारेसनामा बदर गराएको भन्ने देखिन्छ । यसरी अधिकृत वारेसनामा बदर गराउनु अगावै मिति २०६५।८।७ मा विपक्षी ज्योति प्रसाईले ०६८ साल जेठ मसान्तसम्मको भाखाभित्र जग्गा रजिस्ट्रेसन पास गरी दिने सर्तमा रकम लिई बैनाबट्टाको कागज गरेको देखिन्छ । विपक्षीहरूबाट मिलेमतोमा बैनाकागज खडा गरी निवेदकको हक जाने काम कारवाही गरेको भए त्यस्तो बैनाकागजलाई किर्ते जालसाजी घोषित गरी बदर गराउन सकिनेमा त्यसतर्फ निवेदकले कारवाही चलाएको छु भन्न सकेको देखिँदैन। अधिकृत वारेसनामा बदर भएपश्चात् त्यसको कानूनी हैसियत शून्य हुने हुन्छ। तर कानूनबमोजिम अधिकृत वारेसनामा बहाल रहेकै अवस्थामा भए गरेका कामकारवाहीबाट उत्पन्न दायित्व निस्तेज हुन सक्दैन। यसरी निवेदकले दिएको अधिकृत वारेसनामा मिति २०६६।९।१६ मा बदर भएकोमा सोभन्दा अगाडि मिति २०६५।८।७ मा गरिदिएको बैनाकागजबाट उत्पन्न दायित्वबाट यी निवेदकले फुर्सद पाउने भन्न नमिल्ने।

उल्लिखित आधार कारणबाट सुनसरी जिल्ला अदालतमा यी निवेदकसमेत उपर दायित्व पूरा गराई बैनाको रकम दिलाई पाउँ भनी दायर भएको मुद्दामा निवेदकको वतन जिल्ला सुनसरी इटहरी न.पा. वडा नं.४ मा जारी भएको ३० दिने म्याद बेपत्ते तामेल भएको कारण जिल्ला अदालत, नियमावली, २०५२ को नियम २२क.(१)(ख) बमोजिम गोरखापत्रमा सूचना प्रकाशित गरी म्याद तामेल भई फैसला भएको देखिँदा उक्त मिति २०६८।१२।१० को गोरखापत्रमा प्रकाशित म्याद सूचना, सोही आधारमा सुनसरी जिल्ला अदालतबाट मिति २०६९।३।२४ मा भएको फैसला र उक्त फैसला कार्यान्वयन सम्बन्धमा भएगरेका अन्य कामकारवाही कानूनविपरीत रहेको भन्ने नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी गरी रहनुपर्ने

देखिएन। तसर्थ प्रस्तुत निवेदन खारेज हुने ठहर्छ। यस अदालतबाट जारी भएको अन्तरिम आदेशसमेत स्वतः निष्क्रिय हुने।

इजलास अधिकृतः सुरेशराज खनाल
कम्प्युटर: अभिषेक कुमार राय
इति संवत् २०७२ साल पुस १ गते रोज ४ शुभम्।

- यसै लगाउको ०७०-WO-०६८७, उत्प्रेषण / परमादेश, *ज्योती प्रसाई वि. सुनसरी जिल्ला अदालत, इनरूवासमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

२

स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र, ०७२-CR-०५४२, भ्रष्टाचार (सरकारी हानि नोक्सानी), *नेपाल सरकार वि. ममता झा*

प्रतिवादी माधवप्रसाद थपलियाको साझा प्रकाशनको प्राविधिकतर्फको सहायक स्तर प्रथम श्रेणीको पदमा नियुक्ति हुन योग्यता पुगेको देखिएको र निजले नियुक्ति पाएपश्चात् पटकपटक प्रशासन विभागका प्रबन्धकबाट म्याद थपसमेत भएको देखिएको अवस्थामा निजलाई लेखा शाखाको जिम्मेवारी दिएको भन्ने आधारमा मात्र निजले नियुक्ति पाएको पद प्रशासनतर्फको पद भन्ने अर्थ गर्न मिल्ने देखिएन । यसरी प्रतिवादीहरूले विवादित पदमा नियुक्ति दिनुलिनु गरेको कार्यमा कानूनको प्रत्यक्ष त्रुटि नदेखिएको अवस्थामा प्रतिवादीहरूले सो पदको तलब भत्ता लिए खाएको कार्यलाई पनि अन्यथा भन्न मिलेन । प्रतिवादीहरूले कानूनबमोजिम लिन खान मिल्ने बाहेकको रकम भुक्तानी लिनुदिनु गरेको भए बेरूजु कायम भई असुलउपर हुन सक्ने अवस्था रहने नै हुन्छ । यस्तो अवस्थामा प्रतिवादीहरूले कानूनविपरीतको कार्य गरी बदनियतपूर्वक सार्वजनिक संस्थाको सम्पत्तिमा नोक्सान पुर्‍याएको भनी ठहर निर्णय गर्नु न्यायोचित हुने नदेखिँदा निज प्रतिवादीहरूलाई आरोपित कसुरबमोजिम सजाय हुनुपर्दछ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः उल्लिखित आधार कारणबाट प्रतिवादीहरू साझा प्रकाशन सहकारी संस्था लिमिटेडका तत्कालिन अध्यक्ष तथा महाप्रबन्धक ममता झा र माधवप्रसाद थपलियाले आरोपपत्र दाबीबमोजिमको कसुर गरेको कुरा मिसिल प्रमाणबाट पुष्टि हुन आएको नदेखिँदा निज प्रतिवादीहरूलाई आरोपित कसुरबाट सफाइ दिने ठहर्‍याएको विशेष अदालत, काठमाडौंको मिति २०७१।१२।५ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः सन्तोषप्रसाद पराजुली
कम्प्युटर: रमेश आचार्य
इति संवत् २०७२ साल फागुन १८ गते रोज ३ शुभम्।

३

स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री जगदीश शर्मा पौडेल, ०७१-WO-०५२३, उत्प्रेषण / परमादेश, *चक्रबहादुर विष्ट वि. स्वास्थ्य सेवा विभागसमेत*

नेपालको अन्तरिम संविधान २०६३ को धारा १६ ले स्वास्थ्यसम्बन्धी हकलाई मौलिकहकको रूपमा स्वीकार गरेको छ । यसरी सर्वसाधारण जनताको मौलिक हकको रूपमा रहेको स्वास्थ्य सेवा प्रदान गर्न निवेदक जस्ता जिम्मेवार स्वास्थ्यकर्मी खटाएको स्थानमा नजाने हो भने हाजिर हुनुपर्ने कार्यालयमा जनशक्तिको अभावमा स्वास्थ्यसेवा प्रवाहमा नकारात्मक असर पर्ने हुन्छ । फलस्वरूप त्यसक्षेत्रमा रहेका जनता गुणस्तरीय स्वास्थ्यसेवा पाउनबाट वञ्चित हुने देखिन्छ। जनस्वास्थ्य निरीक्षक अधिकृत छैटौं तहमा कार्यरत निवेदकलाई सरूवा गर्दा सि.अ.हे.व.अधिकृत छैटौं तह उल्लेख भई पदनाम फरक परेको पाइन्छ । सरूवाको निर्णयमा प्राविधिक कारणवश पदनामसम्म फरक परेको भन्ने कुरालाई विपक्षीले स्वीकारै गरेको देखिन्छ । सरूवा निर्णयमा भएको उक्त व्यहोरा सच्चाई रमाना दिन सकिने नै हुँदा त्यति मात्र कारणले सरूवा निर्णय नै बदर हुने भन्न नमिल्ने।

तसर्थ माथि विवेचित आधार र कारणहरूबाट अख्तियार प्राप्त अधिकारीबाट कानूनबमोजिम भएको

सरूवा निर्णयबाट निवेदकको कुनै संवैधानिक एवम् कानूनी हक अधिकारमा आघात पुगेको नदेखिएबाट निवेदन मागबमोजिमको आदेश जारी गरि रहन परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: सुरेशराज खनाल

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७२ साल मङ्सिर २७ गते रोज १ शुभम्।

४

स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली, ०६८-CR-०२७७, कर्तव्य ज्यान, *लक्ष्मी लावती वि. नेपाल सरकार*

आत्मरक्षा वा प्रतिरक्षा फौजदारी कानूनले निर्धारण गरेका त्यस्ता परिस्थितिहरू हुन् जसको विद्यमानता भएको प्रमाणित भएमा वा स्थापित भएमा वारदातमा मुछिएको व्यक्तिले आपराधिक दायित्वबाट छुट वा सजायमा कमी हुने अवस्था रहने।

आफूलाई गैरकानूनी आक्रमण गरिरहेका अवस्थामा उक्त आक्रमणबाट आफू बाँच्न नसक्ने वा भाग्न नपाउने वा आफ्नो धर्म वा सतित्व बचाउन नसक्ने अवस्था भई आफू बाँच्न वा सतित्व रक्षाका लागि प्रतिक्रियात्मक बल प्रयोग गर्दा ज्यान मर्न गएको अवस्थामा आपराधिक दायित्वबाट छुट वा उन्मुक्ति पाउने भन्ने कानूनको मकसद हो। अपितु आत्मरक्षाको दाबी लिने पक्षले उक्त सुविधा पाउनु पर्ने अवस्थाको विद्यमानता भएको स्थापित गर्न सक्नुपर्छ। त्यस्तो दाबी लिनु नै दायित्वबाट उन्मुक्तिको आधार हुन नसक्ने।

प्रस्तुत मुद्दामा मृतकले रक्सी सेवन गरी लडिरहेको भन्ने पुनरावेदक प्रतिवादीको बयान कागजमा उल्लेख भएको देखिन्छ भने सोही बयानमा आत्मरक्षाको लागि धकेलेको भनाई रहेको देखिन आउँछ। प्रतिवादीको बयान, मौकामा कागज गर्ने मानिसहरूको भनाई, मिसिल संलग्न कागज प्रमाणहरू एवम् वारदातको समग्र वस्तुस्थितिबाट आत्मरक्षाको जिकिर स्थापित हुने अवस्थाको विद्यमानता रहेको नदेखिँदा पुनरावेदन जिकिर विश्वासप्रद देखिन नआउने।

भवितव्य आकस्मिक घटना वा मनसायरहित अप्रत्यासित कार्य भएकोले यस्तो जिकिर लिनेले सो कार्य दुर्घटनापूर्वक परिणामको पूर्वजानकारीबिना भएको तथ्य स्थापित गर्नुपर्ने देखिन्छ र प्राप्त प्रमाणहरूबाट सो परिस्थिति देखिनु पर्दछ। मनसाय नरहेको, मार्नेसम्मको कारण नभएको, आफूले गरेको कार्यबाट मानिस मर्ला जस्तो नदेखिएको अवस्थामा ज्यानसम्बन्धीको ५ र ६ नं. आकर्षित हुन जान्छ भने ज्यानसम्बन्धीको १३(१) नं. को कसुरमा उपरोक्त तत्त्वहरूको अवस्था रहने देखिँदैन। परिणामको पूर्वजानकारीका साथ जोखिमी वा गैरजोखिमी हतियारले हानी ज्यान मारेमा ज्यानसम्बन्धीको १३(१) नं. आकर्षित हुन जाने।

प्रस्तुत वारदातमा मृतकको पोष्टमार्टम रिपोर्टमा cause of death is due to cerebral haemorrhage and laceration of R temporal lobe at brain भनी टाउकोमा लागेको चोटको असरबाट मृत्यु हुन गएको भन्ने देखिएको छ। फलामको भाटाले टाउकोमा प्रहार गर्दा मृत्यु हुन सक्ने अवस्थाको जानकारी हुँदा हुँदै प्रतिवादीले मृतकलाई गैरजोखिमी हतियारले प्रहार गरेको भन्ने मिसिल कागजबाट देखिन्छ। मौकामा कागज गर्ने व्यक्तिको कागज व्यहोरामा पुनरावेदक प्रतिवादीको कर्तव्यबाट मृतकको मृत्यु हुन गएको भन्ने तथ्यमा विवाद देखिँदैन। प्रतिवादीको अदालत, र अनुसन्धानको बयानबाट मृतकसँग व्यावसायिक साझेदारीसम्बन्धी मनमुटाव रहेको र सोही जरियाबाट मृतकको टाउकोमा प्रहार गरेको भन्ने देखिन्छ। यसका अतिरिक्त घटनास्थल मुचुल्कालगायतका समग्र मिसिल संलग्न कागज प्रमाणबाट फलामको पत्ती (भाटा) ले टाउकोजस्तो संवेदनशील अङ्गमा प्रहार गरी मृतकको मृत्यु भएको अवस्था देखिन आउने।

पुनरावेदक प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) नं. को कसुरमा ऐ. १३(३)नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने गरी सुरू अदालतबाट भएको फैसला सदर

हुने ठहर गरेको पुनरावेदन अदालत, इलामको मिति २०६७।१०।१७ को फैसला अन्यथा नभई मनासिब देखिन आउने।

प्रस्तुत वारदातको प्रकृति र घटनाको परिस्थितितर्फ विचार गर्दा मृतक र प्रतिवादीले साझेदारीमा व्यवसाय चलाएको भन्ने देखिएको, व्यापार व्यवसायको जरियाबाट विवाद सिर्जना भई एकाएक वारदात घट्न गएको, मृतकसँग पहिलेदेखि नै रिसइवी रहेको भन्ने नदेखिएको, पूर्वयोजना बनाई वारदात गरेको नदेखिएको अवस्थासमेतका आधारमा ठहर भएको सजाय गर्दा चर्को पर्ने भई अ.बं.१८८ नं. बमोजिम दश वर्ष कैद सजाय गर्न उपयुक्त देखिएकोले पुनरावेदक प्रतिवादी लक्ष्मी लावतीलाई दश वर्ष कैद सजाय हुने।

इजलास अधिकृतः दिलीपराज पन्त

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७३ साल साउन ३२ गते रोज ३ शुभम्।

५

स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय, ०७२-WO-०११९, उत्प्रेषण / परमादेश, *पुष्पराज पाण्डेय वि. नेपाल सरकारसमेत*

आमा, बाबु र सन्तानबीचको सम्बन्ध या त प्राकृतिक हुन्छ या कानूनी हुन्छ । प्राकृतिक सम्बन्ध आफैँले प्राकृतिकरूपमा जन्म दिएर हुन्छ भने हाल प्रचलित कानूनी व्यवस्थाअनुसार कानूनी सम्बन्ध धर्मपुत्र वा धर्मपुत्रीको ग्रहणबाट हुने हुन्छ। प्राकृतिकरूपमा सन्तान जन्माउने कुरा संविधान प्रदत्त प्रजननसम्बन्धी हकसँग सम्बन्धित छ भने कानूनीरूपमा सन्तान ग्रहण गर्न पाउने कुरा कानूनका सर्तको अधीनमा रहने हुन्छ । उक्त कानूनी व्यवस्था सामाजिक हित कायम गर्ने सार्वजनिक नीतिगत विषय भएको देखिन्छ। सोबाहेक अन्य कुनै पनि तरिकाबाट सन्तान प्राप्त गर्ने कुरा हाम्रो सामाजिक प्रचलनका साथै कानूनी व्यवस्थासमेतको अभाव रहेको पाइने।

विवाहित दम्पत्तिबाहेक अर्को व्यक्तिमार्फत सन्तान प्राप्ति गर्ने, बच्चाको पितृत्व एवम् मातृत्वको निर्धारण गर्ने र बच्चा एवम् आमाबाबुको हक अधिकार र दायित्व निर्धारणसम्बन्धी विषय केवल कानूनद्वारा मात्र स्थापित हुने हुन्छ। सोसम्बन्धमा उठान भएका विवादित विषय पनि कानूनबमोजिम नै निरूपण हुने हुन्छ। सरोगेसी सेवा प्रवाहसँगै अन्तरनिहित भएर आउने विवादित प्रश्नहरूको सम्बोधन गर्न सरोगेसी सम्बन्धमा विधायिका निर्मित कानून आवश्यक मात्र नभई अपरिहार्य नै हुन जाने।

विपक्षी स्वास्थ्य तथा जनसख्या मन्त्रालयले लिखित जवाफमा हालसम्म कुनै पनि स्वास्थ्य संस्थाले सरोगेसी सेवा सञ्चालन गर्न निवेदन माग नगरेको र कुनै स्वीकृतिसमेत नदिइएको भनी निवेदन दाबीलाई अस्वीकार गरेको पाइन्छ । निवेदकले निवेदनसाथ स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा कुनै स्वास्थ्य संस्थाले सरोगेसी सेवा सञ्चालन गर्न अनुमतिको लागि दिएको निवेदन तथा प्राप्त अनुमतिसम्बन्धी पत्र केही पेस गर्न सकेकोसमेत देखिन्न । विपक्षीमध्येका ग्राण्डी सिटी क्लिनिक एण्ड हस्पिटल प्रा.लि.ले नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७१।६।२ को निर्णयको सूचना स्वास्थ्य तथा जनसख्या मन्त्रालयमा माग गरेको र मन्त्रालयले सो सूचनाको जानकारीसम्म गराएको देखिन्छ। मन्त्रिपरिषद्को निर्णयको जानकारी सूचना माग गर्नु र मागबमोजिमको सूचना प्राप्त गर्नु नै सरोगेसी सेवा सञ्चालनको लागि कानूनबमोजिम अनुमति प्राप्त गरेको मान्न नमिल्ने।

सरोगेसी प्रविधिबाट महिलामा हुन सक्ने शारीरिक र मानसिक हानिको कुनै विचारै नगरी कोख भाडामा दिने र बच्चा जन्माई उपलब्ध गरे गराएबापत रकम लेनदेन गर्ने व्यावसायिक सरोगेसीलाई बिना कानूनी व्यवस्था प्रयोगमा आउन दिनु समाजको लागि घातक मात्र नभएर महिलाहरूको शोषणजन्य कार्यको प्रोत्साहनसमेत हुन जाने हुन्छ। कुनै नारी विवाहपूर्व गर्भवती हुँदा कलंकको लाञ्छना लगाइने समाजमा बिना कानूनी व्यवस्था एवम् कानूनबमोजिमको नियमनकारी निकायको अनुमति बिना सरोगेसी सेवाको प्रविधि

व्यवहारमा लागू गर्नलाई छुट प्रदान गर्न नमिल्ने ।

सरोगेसीसम्बन्धी सेवा वा व्यवसाय विधायिका निर्मित कानूनबाट मात्र व्यवस्थित गरिनु पर्ने जन स्वास्थ्य, शिष्टाचार वा नैतिकताको विषय हो। सरोगेसी आमा, ती आमाबाट जन्मने बच्चा र सरोगेसी आमाबाट सन्तान प्राप्त गर्न चाहने जैविक आमा बाबुको हक अधिकारका विषयहरूलाई सम्बोधन गर्ने कानूनी व्यवस्थाको शून्यतामा सरोगेसी सेवा सञ्चालनसम्बन्धी व्यवसाय सञ्चालन गर्नु वा गर्न दिनु सार्वजनिक नीति एवम् सार्वजनिक हितविपरीत हुनजाने हुन्छ। सरोगेसी आमाबाट सन्तान जन्माई ग्रहण गर्न पाउने वा त्यस्तो पेसा वा व्यवसाय सञ्चालन गर्न पाउने कुरा संविधान प्रदत्त हकको विषय होइन। सरोगेसीबाट सन्तान प्राप्ति गर्ने गराउने व्यवसाय सञ्चालनको विषय संविधानले परिकल्पना नगरेको अवस्थामा यसलाई अधिकारको रूपमा मान्न पनि नमिल्ने।

परोपकारको दृष्टिकोणबाट कुनै रकम कलम नलिई स्वयम् सरोगेट हुन चाहने कुनै महिलाको परोपकारी इच्छालाई पनि कानूनी व्यवस्था बिना वैधता प्रदान हुन सक्दैन । त्यसमा पनि सरोगेसीसम्बन्धी कानूनको अभावको अवस्थामा कुनै महिलाको आर्थिक अवस्थाको कमजोरीका कारण निजलाई केही रकम दिई जो कोही व्यक्तिले निजको कोख भाडामा लिई सन्तान जन्माउने स्वास्थ्य संस्थाहरूले आर्थिक मुनाफाको दृष्टिकोणले सरोगेसी सेवा सञ्चालनसम्बन्धी व्यवसाय गर्न लालायित हुने र सरोगेट आमाबाट जन्मिएको बच्चा निजबाट छुटाई लैजाने कार्य अमानवीय मात्र होइन शोषणजन्य नै मानिने हुन्छ। । महिलाको मातृत्व र कोख जस्तो अपनत्व भएको कुरा भाडामा लगाएर वा सोसम्बन्धी व्यवसाय सञ्चालन गरेर आर्थिक उपार्जन गर्न प्रेरित गर्नु वा हुनु नैतिक दृष्टिले पनि सुहाउँदो नमानिने।

कुनै पनि कार्यलाई वैध मान्न त्यो कार्य सामाजिकरूपमा स्वीकार्य, नैतिक मूल्य र मान्यतामा उचित हुनुको साथै कानूनबाट स्वीकृत हुनु आवश्यक हुन्छ। त्यस्तो कार्य न्यायपूर्ण छ छैन सोसमेत महत्त्वपूर्ण हुन्छ । सरोगेसी आमा बन्नु कुनै पनि महिलाको स्वेच्छिक परोपकारको चाहना हो वा बाध्यता हो विचारणीय कुरा हो। सन्तान नभएकालाई सन्तान दान दिने परोपकारयुक्त स्वेच्छिक चाहना भए त्यहाँ कुनै रकमकलम वा शुल्क लिने अवस्था नै हुँदैन । जब रकम लिएर सरोगेसी आमा बन्नुपर्ने सम्झौता हुन्छ भने त्यो आर्थिक कमजोरीको बाध्यता हो भन्ने प्रस्ट हुन्छ । आमा र बच्चाबीचको सम्बन्ध शास्वत, पवित्र र सबैभन्दा नजिकको नाता पनि हो । सरोगेट आमाले आफ्नो कोखमा हुर्काएर जन्माएको बच्चा पूर्वसम्झौताअनुसार अन्य व्यक्तिलाई दिनुपर्ने भए तापनि बच्चाप्रतिको गहिरो मातृत्व रहने नै हुन जाने।

केवल आर्थिक अभावको कारण अन्य तेस्रो व्यक्तिको बच्चा आफ्नो कोखमा धारण गर्ने, आफूले गर्भमा राखेर जन्म दिएको बच्चाबाट भौतिक एवम् कानूनीरूपमा सदाको लागि टाढा हुने गरी हुने सम्झौता कुनै पनि महिलाका लागि सहज विषय होइन। आफूले बच्चा जन्माएपछि आमाले त्यो बच्चा अरूलाई सुम्पनु निकै गाह्रो कुरा हो । केही देशमा सरोगेट आमाले बच्चा जन्माएपछि दिन नमानेको तथा बच्चालाई आमाबाट छुटाएपछि त्यस्ता महिलामा मानसिक समस्या भएको दृष्टान्तसमेत पाइएका छन् । यसले सरोगेसी हुने महिलालाई सदाको लागि पीडित बनाउने, सरोगेट आमालाई कुनै पनि दृष्टिले न्याय नगर्ने र यो महिलाको भावना र संवेदनशीलतासँग गाँसिएको विषय हुँदा यसलाई न्यायपूर्ण मान्न नसकेको कारण अधिकांश देशहरूमा Commercial Surrogacy लाई कानून बनाई बन्देज लगाइएको पाइन्छ। यस्तो अवस्थामा नेपालमा कानून नै नबनाई Commercial Surrogacy सेवा सञ्चालन गर्नु वा गर्न दिनु कुनै पनि हिसाबले उचित मान्न नसकिने।

सरोगेसी सेवा सञ्चालनका सम्बन्धमा अन्तरनिहित हुने कानूनी एवम् नियमनकारी संस्थागत संरचनाको सुनिश्चितताको आवश्यकतालाई उपेक्षा गरी यस्तो गम्भीर मानवीय, एवम् सार्वजनिक

स्वास्थ्य, शिष्टाचार वा नैतिकता र महिलाको भावना र संवेदनशीलता गाँसिएको विषयमा बिना कानूनी व्यवस्था कुनै पनि किसिमको Surrogacy सेवा सञ्चालन गर्नु वा गराउनु उचित नहुने हुनाले नेपालका अस्पतालहरूबाट विदेशी नागरिकहरूलाई सरोगेसी सेवा उपलब्ध गराउने विषयको नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७१।६।२ को निर्णय त्रुटिपूर्ण भई उक्त निर्णयलाई बदर गर्ने गरी स्वयम् नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०७२।६।१ मा निर्णय भई निवेदकको मागको सम्बोधन भइसकेको हुँदा निवेदन मागबमोजिमको आदेश जारी गरिरहनु परेन। अतः प्रस्तुत रिट निवेदन खारेज हुने।

प्रस्तुत रिट निवेदन खारेज हुने ठहर भए तापनि सरोगेसीका सम्बन्धमा चिकित्सा विज्ञानमा भएको विकास र यसको सकारात्मक प्रयोग गर्ने सन्दर्भमा विश्वका विभिन्न देशहरूले कानून निर्माण गरी व्यवसायिक सट्टा आमा (Commercial Surrogacy) लाई निषेध गरेका र कानूनले तोकेको सर्तहरूको अधीनमा रही केवल आफ्ना देशका नि:सन्तान दम्पत्तिको हकमा भने परोपकारी सरोगेसी सेवा सञ्चालन गर्न अनुमति प्रदान गर्ने गरेको अभ्यास एवम् नेपालमा विभिन्न स्वास्थ्य संस्थामा दृश्य वा अदृश्यरूपमा व्यवसायिक प्रकृतिको सरोगेसी सेवा सञ्चालनमा आएको अवस्थालाई मध्यनजर गर्दा नेपालमा व्यावसायिक सरोगेसी सेवालाई नियन्त्रण गर्न र सन्तान सुःख प्राप्त गर्न असमर्थ तथा असक्षम भएका स्वदेशी नि:सन्तान दम्पत्तिको हकमा सामाजिक चाहनाअनुरूप परोपकारी सट्टा आमा (Altruistic Surrogacy) सम्बन्धी सेवा कानून बनाएर सञ्चालन तथा नियमन गर्न सरोगेसीसम्बन्धी कानूनको निर्माण हुनु आवश्यक भएको हुँदा निम्न विषयहरूको सम्बोधन हुने गरी सरोगेसीसम्बन्धी कानून निर्माण गर्न विपक्षी बनाइएका सरकारी निकायहरूका नाममा प्रस्तुत निर्देशनात्मक आदेश जारी गरिएको छः-

१. महिलाको कोखको व्यापारिकरूपमा प्रयोग गर्न नमिल्ने हुँदा व्यवसायिक सट्टा आमा (Commercial Surrogacy) लाई पूर्णरूपमा प्रतिवन्धित गर्ने,
२. कमजोर स्वास्थ्य अवस्थाको कारण वा प्रजनन् क्षमता नभएको कारण सन्तान सुख प्राप्त गर्न नसक्ने भनी स्वीकृत मेडिकल बोर्डले सिफारिस गरेका नेपाली नागरिक रहेका नि:सन्तान विवाहित दम्पत्तिलाई मात्र सरोगेसी सेवा उपलब्ध गराउने,
३. नेपाली समलिङ्गी दम्पत्ति वा एकल पुरूष वा एकल महिलालाई सरोगेसी सेवा उपलब्ध नगराउने,
४. कुनै पनि विदेशी नागरिकलाई नेपालमा सरोगेसी सेवा उपलब्ध नगराउने,
५. सट्टा आमाबाट सन्तान प्राप्त गर्न नेपाली नागरिक रहेका नि:सन्तान विवाहित दम्पत्ति दुवैको मन्जुरी हुनुपर्ने,
६. सट्टा आमा हुन चाहने महिला कुनै आर्थिक लाभ आर्जन गर्ने तथा व्यावसायिक दृष्टिले सट्टा आमा हुन नपाउने, केबल परोपकारको भावनाले निजको स्वतन्त्र सहमतिले मात्र सट्टा आमा बन्न सक्ने, इच्छा प्रतिकूल सट्टा आमा बन्न कुनै महिलालाई बाध्य पार्न नपाइने,
७. परोपकारी सट्टा आमा हुन चाहने महिलाको निश्चित तोकिएको योग्यता पूरा हुनुपर्ने जस्तैः निजको उमेरको अवस्था, बच्चा जन्माउन सक्ने स्वास्थ्य अवस्था हुनुपर्ने, निज अविवाहित हुन नहुने, कम्तिमा एउटा सन्तान जन्माई सकेको हुनुपर्ने, कुनै महिला एक पटकभन्दा बढी सट्टा आमा हुन नपाउने, सट्टा आमा हुन निजको पति वा परिवारको उमेर पुगेको कुनै एक सदस्यको समेत मन्जुरी हुनुपर्ने आदि।
८. नेपाली नागरिकलाई सरोगेसी सेवा उपलब्ध गराउन चाहने स्वास्थ्य संस्थाले पूरा गर्नु पर्ने भौतिक पूर्वाधारका सम्बन्धमा निश्चित मापदण्ड तोकी तोकिएको मापदण्ड पूरा गर्ने स्वास्थ्य संस्थाले कानूनले तोकेको निकाय वा अधिकारीबाट अनुमति पत्र लिएर मात्र

कानूनबमोजिम सरोगेसीसम्बन्धी स्वास्थ्य सेवा प्रदान गर्न सक्ने,

९. कानूनबमोजिम सरोगेसी सेवा लिन चाहने नेपाली दम्पत्ति र सट्टा आमा हुन चाहने महिलाले कानूनले तोकिदिएको निकायमा सरोगेसी सेवा सम्बन्धमा निवेदन दिई उक्त निकायबाट छानबिन गरी सरोगेसी सेवाको लागि योग्य मानी सिफारिस गरेको व्यक्तिहरूका हकमा मात्र स्वास्थ्य संस्थाले सरोगेसी सेवा उपलब्ध गराउने,

१०. सरोगेसी प्रक्रियाबाट जन्मेको बच्चाको कानूनीरूपमा आमा बुबाको निर्धारण गरी बच्चाको आमा बाबुसँगको हक तथा बच्चाप्रतिको आमा बाबुको दायित्वसमेत प्रस्ट गर्ने,

११. सट्टा आमाले आफूले जन्म दिएको बच्चामा के कस्ता हक हुने हो प्रस्ट गर्ने,

१२. बच्चाको व्यक्तिगत घटना दर्ता र पञ्जिकरणको सम्बन्धमा प्रस्ट गर्ने,

१३. सरोगेसीसम्बन्धी सेवा प्रवाह कानूनसम्मत रूपमा प्रवाह भए नभएको हेर्ने नियमनकारी निकायको व्यवस्था गर्ने,

१४. सरोगेसी सम्बन्धमा विवाद उत्पन्न भएमा मुद्दा हेर्ने अधिकारक्षेत्र भएको निकाय कानूनमा नै तोकिदिने,

१५. कानून प्रतिकूल सरोगेसी सेवा प्रदान गर्ने व्यक्ति तथा स्वास्थ्य संस्था एवम् सो सेवा लिनेलाई कसुरको मात्राअनुरूप कैद वा जरिवाना वा दुवै सजाय हुन सक्ने कानूनी व्यवस्था गर्ने।

इजलास अधिकृत: दुर्गाप्रसाद खनाल

कम्प्युटर: रामशरण तिमिल्सीना

इति संवत् २०७३ साल असार ३० गते रोज ५ शुभम्।

एकै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७२-WO-०३५५, उत्प्रेषण / परमादेश, *डा. रूप ज्योती वि. नेपाल सरकारसमेत*
- ०७२-WO-०१२०, उत्प्रेषण / परमादेश, *प्रविन पन्दाकसमेत वि. नेपाल सरकारसमेत*

६

स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली, ०६८-CR-१३९५, कर्तव्य ज्यान, *ईश्वर बोगटी वि. नेपाल सरकार*

असहाय पक्षलाई कानून व्यवसायी उपलब्ध गराई स्वच्छ सुनुवाइको मौका नदिएको भन्ने पुनरावेदन जिकिरको सम्बन्धमा विचार गर्दा फौजदारी मुद्दामा सुनुवाइको मौका नदिई एकतर्फीरूपमा निर्णयमा पुग्ने कार्यलाई कानूनसम्मत भएको कार्य मान्न मिल्दैन । प्रत्येक व्यक्तिले आफू विरूद्ध लागेको अभियोगमा सफाइ दिने अवसर पाउने हक व्यक्तिको नैसर्गिक अधिकारको विषय हो । अभियोग लागेको व्यक्तिलाई सुनुवाइको मौका नदिई गरेको कुनै निर्णयले कानूनी मान्यता प्राप्त गर्न नसक्ने।

आफ्नो विरूद्धमा लगाइएको अभियोगको विरूद्धमा प्रतिरक्षा गर्नका लागि पक्षले रोजेको कानून व्यवसायी राख्न पाउने र त्यस्तो कानून व्यवसायी राख्न नसक्ने। असक्षम र असमर्थ पक्षलाई निःशुल्क कानूनी सहायता उपलब्ध गराउनु राज्यको कर्तव्य हुन आउने।

सुनुवाइको मौका दिइसकेपछि आरोपित व्यक्तिले दिएको जवाफ र अन्य सम्बद्ध तथ्य वा प्रमाणको मूल्याङ्कन गरी कानूनद्वारा निर्दिष्ट सीमाभित्र रही सजाय तोक्नु अख्तियारवालाको दायित्व र कर्तव्य हो । प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादीको तर्फबाट बहस पैरवी गर्नका लागि पुनरावेदन अदालत, सुर्खेतले कानून व्यवसायीको व्यवस्था गर्ने कार्य नगरी सुनुवाइको मौकाबाट वञ्चित गरी निर्णयमा पुगेको कार्यलाई प्राकृतिक न्यायको सिद्धान्त एवम् संवैधानिक व्यवस्थासमेतको अनुकूल कार्य मान्न नमिल्ने।

वारदातको दिन बिहानसमेत प्रतिवादीसँग मृतक लल्ता बोगटीको झगडा परेको भन्ने बुझिएका प्रतिवादीका हजुरबुबा विष्णुबहादुर बोगटीले मौकामा एवम् अदालतमा बकपत्र गर्दा खुलाएको पाइन्छ । घटनास्थल तथा लास जाँच मुचुल्कामा डोरीले घाँटीमा पासो लगाई झुन्डिएको, पासोको गाँठो पछाडि गर्धनमा

रहेको, डोरीको पासो बनाई घाँटीमा छिराई पुनः गाँठो पारी बाँधेको, टाउको अगाडि झुन्डिएको, कपालका रौंहरू खोल्सिएको, नाकबाट रगत निस्केको, बायाँ आँखामाथि निधारको दाहिने साइडमा सानो घाउ रहेको, नाकको डाँडीमा र बायाँ गालामा २ ठाउँमा छाला खोस्रिएको भन्ने खुलाएको पाइन्छ भने मृत्युको कारण Hanging भनी जिल्ला स्वास्थ्य कार्यालय दैलेखका Dr. Pratik Poudel ले खुलाई पठाएको समेतका प्रमाणहरूबाट मृतकलाई मार्नेसम्मको मनसाय थिएन कि भनी शङ्का गर्न सकिने अवस्था देखिँदैन । आफ्नै आमालाई कुटपिट गर्दा लडी बेहोस भएपछि घरमा गई डोरी खोजी ल्याई झुन्ड्याउने कार्यलाई मनसायरहित कार्य भन्न मिलेन । मार्नसम्मको मनसाय नभएको भए आफूले प्रहार गरेको मुक्काको कारण बेहोस भई भुइँमा लडेपछि होसमा ल्याउने प्रयास गर्नसक्ने थिए । त्यसो नगरी उल्टै डोरीको पासो लगाई झुन्ड्याई मारेको अवस्थामा मनसाय नभई तत्काल उठेको रिस थाम्न नसकी आवेशप्रेरित हत्या हुन गएको भन्न नसकिने ।

प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादीले लुकी चोरी हानेको वा कुनै जोखिमी हतियारले हानेको वा विष खुवाई हत्या गरेको नभई लात र मुक्काले हान्दा मृतकको मृत्यु भएको भन्ने अर्थ गरी सुरू दोलखा जिल्ला अदालतले निज प्रतिवादीलाई आवेशप्रेरित हत्या अपराधमा दश वर्ष कैद ठहर गरेको देखियो । पुनरावेदक प्रतिवादीले आमालाई हात मुक्काले हिर्काएपछि मृतक भुइँमा ढली बेहोस भएको अवस्थामा मार्ने मनसाय नभएको भए घरमा गएर डोरी खोजी ल्याई घिसार्दै रूखमा लगेर झुन्ड्याई मार्ने कार्य गर्ने थिएनन् । तसर्थ उल्लिखित कानूनी व्यवस्थाअनुसार मार्ने मनसाय बिना तत्काल उठेको रिस थाम्न नसकी मुक्काले हिर्काउँदा मृतक लल्ता बोगटीको मृत्यु भएको नभई झुन्ड्याएर कर्तव्य गरी हत्या गरेको भन्ने शव परीक्षण प्रतिवेदनबाट खुल्न आएको अवस्थामा मार्ने मनसाय रहेनछ वा थिएन भनी व्याख्या गर्न न्यायको मर्मविपरीत हुन जाने ।

माथि विवेचित तथ्य, कानूनी व्यवस्था एवम् सबुत प्रमाणहरूबाट पुनरावेदक प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं. बमोजिम दश वर्ष कैद सजाय हुने ठहर्‍याई भएको सुरू दैलेख जिल्ला अदालतको फैसला उल्टी गरी निज प्रतिवादीलाई ऐ. महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर गरी पुनरावेदन अदालत, सुर्खेतबाट मिति २०६८।९।१२ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीको उमेर, योभन्दा पहिलेको निजको आचरण, पुनरावेदक प्रतिवादीलाई मृतकले कुटेको कारण उत्पन्न भएको परिस्थितिका कारण वारदात घट्न गएको अवस्था, मृतकलाई मार्ने पूर्वयोजना बनाएको नदेखिएको र निजको आर्थिक तथा सामाजिक अवस्थासमेतलाई विचार गर्दा निजलाई सर्वस्वसहित जन्मकैद गर्दा चर्को पर्ने देखिँदा मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम पुनरावेदक प्रतिवादी ईश्वर बोगटीलाई बाह्र (१२) वर्ष कैद सजाय हुने ।

इजलास अधिकृतः इन्दिरा शर्मा

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७३ साल जेठ ३ गते रोज २ शुभम् ।

७

स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली, ०७१-CR-१५४५, सरकारी छाप किर्ते गरी झुठो नागरिकता बनाएको, *छुल्तीम डौमा लामा वि. नेपाल सरकार*

नेपालको नागरिकताको प्रमाणपत्र प्राप्त गर्नका लागि संविधान तथा कानूनले निर्धारण गरेको सर्त पूरा गरेका व्यक्तिले कानूनद्वारा तोकिएको प्रक्रिया र कार्यविधि पूरा गरी जिल्ला प्रशासन कार्यालयबाट नागरिकताको प्रमाणपत्र लिनु पर्ने कानूनी व्यवस्था सबैले पालना गर्नुपर्छ । कानूनको अज्ञानता वा अनभिज्ञता क्षम्य हुँदैन भन्ने कानूनको मान्य सिद्धान्तअनुसार मलाई नागरिकता प्राप्त गर्ने कार्यविधि र प्रक्रिया थाहा नभएको र जिल्ला प्रशासन कार्यालयमा जान असमर्थ रहेकी हुँदा अर्कै व्यक्तिलाई पैसा दिएर आफ्नो नागरिकता बनाउन लगाएको भन्ने पुनरावेदक प्रतिवादीको कथनलाई कानूनको मान्य

सिद्धान्तअनुकूलको कार्य मान्न नमिल्ने।

कानूनले गर्नु हुँदैन भनी बर्जित गरेको कार्य गरेको अवस्थामा कानूनले निर्धारण गरेको सजायको भागिदार हुनु नै पर्ने हुन्छ । । कानूनन निषेधित कार्य गर्ने र गराउने दुवै कार्य गैरकानूनी मानिने हुँदा त्यस्तो निषेधित कार्य आफैँले उपस्थित भई नगरी अर्को व्यक्तिबाट गराएको भन्ने आधारमा कानूनद्वारा निर्धारण गरेको सजायबाट कसैले छुटकारा पाउन नसक्ने।

नागरिकता ऐन, २०६३ को दफा २१(३) मा “कसैले नेपाली नागरिकताको झुठो वा किर्ते प्रमाणपत्र खडा गरेमा वा बनाई प्रचलनमा ल्याएमा त्यस्तो कार्य गर्ने, गराउने व्यक्तिलाई एक वर्षदेखि पाँच वर्षसम्म कैद वा बीस हजारदेखि एकलाख रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ” भन्ने व्यवस्था रहेको छ। पुनरावेदक प्रतिवादीले किर्ते नागरिकताको प्रमाणपत्र बोकी हिँडेको र प्रयोग गर्ने गरेको देखिए पनि सो प्रमाणपत्र बनाउने कार्यमा निज प्रतिवादीको प्रत्यक्ष संलग्नता नरही अर्कै व्यक्तिले प्रतिवादीसँग रकम लिई उक्त किर्ते नागरिकता बनाई दिएको र पुनरावेदक प्रतिवादीले सो नागरिकताको फोटोकपी प्रचलनमा ल्याएको भन्ने प्रतिवादीको मौकाको बयान, अदालतमा भएको बयान तथा मिसिल संलग्न कागजातबाट देखिँदा निज प्रतिवादीलाई नागरिकता ऐन, २०६३ को दफा २१(३) बमोजिम हदैसम्मको सजाय नगरी तीन वर्ष कैद र पचास हजार रूपैयाँ जरिवाना हुने ठहर गरेको पुनरावेदन अदालत, जनकपुरको फैसला मिलेन भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः उल्लिखित तथ्य, कानूनी व्यवस्था तथा विवेचित आधार प्रमाण र प्रतिवादीको कसुरको प्रकृतिसमेतलाई मध्यनजर गर्दा प्रतिवादी छुल्तिम डौमा लामालाई नागरिकता ऐन, २०६३ को दफा २१(३) बमोजिम ३ (तीन) वर्ष कैद र रू. ५००००। (पचास हजार रूपैयाँ) जरिवाना हुने र किर्ते कागजको महलको ९ नं. बमोजिम रू. ५०।- थप जरिवाना ऐ. को १२ नं. बमोजिम १ (एक) वर्ष थप कैद हुने ठहर गरी भएको पुनरावेदन अदालत, जनकपुरको मिति २०७१।३।३२ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: इन्दिरा शर्मा

इति संवत् २०७३ साल जेठ ३ गते रोज २ शुभम्।

८

स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय, ०७०-CR-१७३४, अध्यक्ष पदमा नियुक्ति हुने उद्देश्यले झुट्टा शैक्षिक प्रमाणपत्र पेस गरी भ्रष्टाचार गरेको, *नगेन्द्रबहादुर तिवारी वि. नेपाल सरकार*

प्रतिवादीले प्राप्त गरेको शैक्षिक योग्यताको प्रमाणपत्रको सम्बन्धमा प्रश्न उठी छानबिन कार्यको प्रारम्भ भएको भन्नेमा विवाद देखिएन। प्रतिवादीले पेस गरेका प्रमाणपत्र ठीक हुन् होइनन् भनी प्रमाणीकरणका लागि उच्च माध्यामिक शिक्षा परिषद् सानोठिमीमार्फत सम्बन्धित बोर्ड / परिषद्मा पठाइएकोमा उक्त परिषद्को पत्रसाथ प्राप्त प्रमाणीकरण विवरणको सि.नं. २५ मा परीक्षार्थीको नाम नागेन्द्रबहादुर तिवारी लेखिएको ठाउँमा गोलो लगाई Mustkim Ahmad लेखी, पिताको नाम काशिराम तिवारी लेखिएको ठाउँमा गोलो लगाई Jamil Ahmad लेखी, जन्म मिति १४-८-७३ लेखिएको ठाउँमा गोलो लगाई परीक्षा हाईस्कूल वर्ष २००१ अनुक्रमाङ्क २०१६३१४ कलेजको नाम MG Inter College Gorakhpur उल्लेख गरी कैफियत महलमा १६८/६०० Fail लेखी आएको देखिँदा निज प्रतिवादीउपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय माग भई प्रस्तुत मुद्दा दायर भएको देखियो । पुनरावेदक प्रतिवादीले म आफैँ महात्मा गान्धी इण्टर कलेज गोरखपुरमा गई प्राइभेट परीक्षा दिई हाइस्कूल परीक्षा पास गरेको भन्ने जिकिर लिए पनि निजले पेस गरेको शैक्षिक योग्यताको प्रमाणपत्र प्रमाणीकरण भई आउँदा परीक्षार्थीको नाम भएको महलमा अर्कै व्यक्तिको नाम उल्लेख भएको भन्ने खुली आएको हुँदा व्यक्तिको नाम नै फरक परेको प्रमाणपत्रमा भएको कार्यालयको छाप

र कर्मचारीको दस्तखतको आधिकारिकताको परीक्षण गरी रहन नपर्ने ।

उल्लिखित सिद्धान्तअनुसार प्रस्तुत मुद्दाका प्रतिवादी नागेन्द्रबहादुर तिवारीले प्राप्त गरेको प्रमाणपत्र झुट्ठा रहेको पुष्टि भएको अवस्थामा निजले सो प्रमाणपत्र विद्यालय व्यवस्थापन समितिको अध्यक्ष हुनका लागि नबनाएको र विद्यालय व्यवस्थापन समितिको अध्यक्ष भएपछि पनि कुनै फाइदा नलिएको भनी जिकिर लिएकै आधारमा निज प्रतिवादीको उक्त कार्यलाई कसुरजन्य कार्य होइन भन्न मिल्दैन । पुनरावेदक प्रतिवादीले उक्त प्रमाणपत्र पेस गरी विद्यालय व्यवस्थापन समितिको अध्यक्षमा निर्वाचित भई कार्यभारसमेत सम्हालेको भन्ने देखिएको अवस्थामा निज प्रतिवादीले कानूनविपरीत कार्य गरी भ्रष्टाचार गरेको देखिँदा निजको जिकिरसँग सहमत हुन नसकिने ।

पुनरावेदक प्रतिवादीका कानून व्यवसायीले प्रस्तुत मुद्दा भ्रष्टाचार निवारण ऐन, २०१७ अनुसार चल्नु पर्नेमा भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत दायर हुनु कानूनी त्रुटि (legal error) भई अभियोजन नै कानूनसम्मत छैन भनी बहसको क्रममा प्रश्न उठाएतर्फ हेर्दा प्रतिवादीले सन् २००१ मा प्रमाणपत्र प्राप्त गरेको भन्ने आधारमा २०१७ सालको ऐन, आकर्षित हुने भन्ने विद्वान् कानून व्यवसायीको बहस जिकिर रहेको पाइयो । नक्कली प्रमाणपत्र बनाएर पुनरावेदक प्रतिवादीले आफैँसाथ राखेको समयमा निजले झुट्ठा प्रमाणपत्र बनाएको भनी प्रश्न खडा नभई निजले उक्त झुट्ठा प्रमाणपत्र पेस गरेपछि मात्र निजको शैक्षिक योग्यताको प्रमाणपत्रको विषयमा प्रश्न उठेको अवस्था छ । पुनरावेदक प्रतिवादीले प्राप्त गरेको नक्कली प्रमाणपत्र २०६८।७।२४ मा सम्पन्न विद्यालय व्यवस्थापन समितिको अध्यक्ष पदका लागि भएको निर्वाचनका लागि पेस गरेको भन्ने देखिएको र सो भन्दा पहिले पुनरावेदक प्रतिवादीले झुट्ठा प्रमाणपत्र बनाए नबनाएकोसम्बन्धमा कतैबाट प्रश्न नउठेको हुँदा प्रमाणपत्र बनाएको मितिमा लागू रहेको कानून अर्थात् भ्रष्टाचार निवारण ऐन, २०१७ आकर्षित हुने नभई निज प्रतिवादीले फाइदा प्राप्त गर्नका लागि उक्त प्रमाणपत्र पेस गरेको समयमा तत्काल बहाल रहेको कानूनी व्यवस्था नै आकर्षित हुने हुँदा प्रतिवादीका हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ नै आकर्षित हुने ।

अतः माथि विवेचित तथ्य, कानूनी व्यवस्था, नजिर सिद्धान्त एवम् आधार प्रमाणबाट प्रतिवादी नागेन्द्रबहादुर तिवारीले झुट्ठा शैक्षिक योग्यताको प्रमाणपत्र पेस गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) को कसुर गरेको ठहरेकाले निजलाई ऐ. १६(१) बमोजिम ६ (छ) महिना कैद र रू. १००००। (दश हजार रूपैयाँ) जरिवाना हुने ठहर गरी विशेष अदालतबाट मिति २०७०।९।२१ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृतः इन्दिरा शर्मा

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७३ साल असार १३ गते रोज २ शुभम् ।

९

स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र, ०६९-WO-०५२०, उत्प्रेषण, *गणेशदत्त पौडेलसमेत वि. सहकारी संस्था लिमिटेड जमुनी बर्दियासमेत*

विबन्धनको सिद्धान्तअनुसार कसैलाई पनि परस्पर विरोधी कुरा गर्ने अधिकार हुँदैन । सद्नियतलाई प्रवर्द्धन गरी न्यायको संरक्षण गर्नु यस सिद्धान्तको उद्देश्य हो । आफूले एकपटक बोलेको कुराप्रति बचनबद्ध हुनुपर्दछ । आफूलाई फाइदा हुँदा एउटा कुरा र बेफाइदा हुँदा अर्को कुरा गर्ने छुट कसैलाई हुँदैन । जसले परस्पर विरोधी कुरा गर्छ उसको कुरा नसुनिन पनि सक्छ भन्ने मान्यता विबन्धनको सिद्धान्तको हो । स्वच्छ र सफाहातको सिद्धान्तबमोजिम अदालतमा उपचार माग्न आउने व्यक्तिले आफ्नो भएको व्यहोरा सही र उपयुक्त ढंगबाट प्रस्तुत गर्नु पर्दछ । रिट निवेदनमा भएको तथ्यलाई कपटपूर्ण तवरले उल्लेख गर्छ भने त्यो कपटपूर्ण व्यवहारले निजलाई उपचार प्राप्त गर्नबाट अयोग्यसमेत बनाउँछ । तथ्यलाई लुकाउने, तथ्यलाई बङ्ग्याउने

कार्यले सफा हात र शुद्ध हृदय लिएर अदालतमा प्रवेश गरेको हो भन्न नसकिने। रिट निवेदकहरूले कथंकदाचित कुनै बेला ऋण लिएको भए भन्ने कुरा रिट निवेदनमा उल्लेख गरी ऋण लिएको कुरा स्वीकार गरेको देखिन्छ भने ऋण तिरी सकेपश्चात् ऋण लिएको कार्यसमेत पुष्टि भएको अवस्था छ। कर्जा वा ऋण लिएपछि तोकिएको निश्चित समयमा तिर्नुपर्ने दायित्वसमेत स्वयम् ऋणीको हुन्छ। सहकारी संस्थाबाट आफूलाई आवश्यक पर्दा र आफ्नो फाइदाका लागि ऋण लिने र तोकिएको अवधि र समयमा ऋण चुक्ता नगर्ने तथा संस्थाले आफ्नो प्रक्रियाबमोजिम कारवाही गरी घरजग्गा रोक्का राख्दा र लिलाम गर्दा सो कार्य बदर गराउन ऋण कर्जाको कारोबार गरेका छैनौं, कपाली वा दृष्टिबन्धक तमसुक गरिदिएका छैनौं भनी रिट निवेदन लिई अदालत आउने कार्यलाई स्वच्छ र सफाहात लिई अदालत, प्रवेश गरेको हो भनी भन्न सकिने अवस्था नरहने।

अत: उल्लिखित आधार, कारण र सिद्धान्तसमेतबाट प्रस्तुत विषयमा पुनरावेदन अदालतमा निवेदन परी निवेदन खारेज भई बसेको तथ्यलाई निवेदकले लुकाई प्रस्तुत निवेदन दायर गरेको देखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता रहेको नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: यज्ञप्रसाद भट्टराई

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७३ साल असार २४ गते रोज ६ शुभम्।

१०

स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल, ०७२-RC-०१६०, कर्तव्य ज्यान, *नेपाल सरकार वि. यामबहादुर राई*

मृतकको शव परीक्षण प्रतिवेदनबाट मृतक टासी लामाको मृत्यु sharp force injury on head को कारण भएको हो भन्ने र लास जाँच मुचुल्काबाट मृतकको टाउकोमा लम्बाइ ७ इन्च, चौडाइ १ इन्चको चोट र टाउकोको छाला र हाडसमेत काटिएको भन्नेसमेतका मिसिल संलग्न प्रमाण कागजहरूबाट प्रतिवादीको बयान कथन र निजउपरको किटानी जाहेरी व्यहोरा समर्थित हुन आई मृतक टासी लामाको मृत्यु यी प्रतिवादी यामबहादुर राईको कर्तव्यबाट भएको र निजको वारदातमा प्रत्यक्ष संलग्नता रहेको भन्ने तथ्य स्थापित हुन आउने।

वारदातस्थलमा रहेका कृष्ण भन्ने किशोर कटुवालले अदालतमा बकपत्र गर्दा प्रतिवादीले मृतकको टाउकोमा सिक्कलले प्रहार गरेको भनी र बुझिएका मानिस विकमाया थापाले मृतक टासी लामालाई निजकै झड्केलो बाबु यामबहादुर राईले प्रहार गरेको कारण निजको मृत्यु भएको हो भनी गरेको बकपत्रबाट प्रतिवादीउपरको अभियोग दाबी पुष्टि हुन आउने।

मिसिल सामेल कागज प्रमाणबाट प्रतिवादीले आफ्नो ज्यान बचाउनका खातिर केही गर्दा मृतकको मृत्यु भएको भन्ने देखिँदैन। मिसिल संलग्न सबुत प्रमाणहरूबाट प्रतिवादीले केही नगरे आफ्नो ज्यान रहँदैन वा मर्न सक्छ भन्ने विश्वासमा परी मृतकलाई प्रहार गरेको भन्ने देखिँदैन। मृतकले हातहतियार लिई वा नलिई प्रतिवादीको ज्यान लिनासम्मको जोरजुलुम गर्न लागेको भन्ने तथ्य सिद्ध हुने कुनै प्रमाण प्रतिवादीले प्रस्तुत गर्न नसकेको स्थितिमा त्यसरी जिकिर लिएकै भरमा ज्यानसम्बन्धीको महलको ७ नं. आकृष्ट हुन्छ भन्न मिल्ने नदेखिने।

कुनै विशेष परिस्थितिमा गरिएको कार्यबाट ज्यान मरेकोमा वात नलाग्ने गरी कानूनमा उल्लेख गरिएका उन्मुक्तिका आधारहरू पूर्वयोजनाबमोजिम आपराधिक मानसाय राखी गरिएको कार्यमा समेत लागू हुने र त्यस्ता आधारहरूको साहारा लिन पाउने भन्ने हुँदैन। सो परिस्थिति प्रमाणबाट पुष्टि हुनु। यसरी प्रतिवादीले वस्तुनिष्ठ प्रमाणबाट आफ्नो जिकिर पुष्टि गर्न सकेको नदेखिएको र घटनाको समग्र अवस्था, प्रकृति र परिणामबाट प्रतिवादीको सो जिकिर पुष्टि हुने कुनै पनि आधारहरूको विद्यमानता नरहेको स्थितिमा वादी दाबीबाट सफाइ पाउनुपर्छ भन्ने प्रतिवादीको जिकिर कानूनसङ्गत एवम् विश्वासयोग्य नदेखिँदा पुनरावेदन अदालत, इलामबाट भएको फैसला अन्यथा

नभई मनासिब रहेको देखिने।

अतः उल्लिखित तथ्य, प्रमाण र कानूनी व्यवस्थासमेतबाट प्रतिवादी यामबहादुर राईलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर्‍याई सुरू इलाम जिल्ला अदालतबाट मिति २०७१।५।१९ मा भएको फैसला सदर हुने ठहर गरी पुनरावेदन अदालत, इलामबाट मिति २०७२।२।३१ मा भएको फैसला मिलेको देखिँदा साधक सदर हुने।

इजलास अधिकृतः दिलीपराज पन्त

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७३ साल वैशाख २० गते रोज २ शुभम्।

इजलास नं. १

१

मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली, ०७०-CR-१७१४, बढुवा प्रयोजनको लागि झुठ्ठा शैक्षिक प्रमाणपत्र पेस गरी भ्रष्टाचार गरेको, *चित्रराज ओझा वि. नेपाल सरकार*

प्रतिवादी चित्रराज ओझाले विशेष अदालतमा बयानको सिलसिलामा पेस गरेको पत्राङ्क दिनाङ्क २०-८-२०११ को सत्यापानको सन्दर्भमा उक्त परिषद्को सत्यापन ३०।४३९।५१५ दिनाङ्क १२।१२ ।२०१३ को सत्यापन प्रमाणिकरण पत्रको कैफियत महलमा "यह अनुक्रमांक फैजावाद जनपद मे अनुदानित नही है" भनी लेखी आएको प्रमाणिकरण सत्यापन पत्र उ.मा.वि. परिषद्, भक्तपुरको मिति २०७०।१०।१५ च.नं. ११६ को पत्रबाट लेखी आएको देखियो। यसरी पटकपटक उक्त प्रमाणप्रत्रको आधिकारिकता जाँच गर्न पठाउँदासमेत विवरण सही नभएको र सम्बन्धित बोर्डबाट प्रदान नगरिएको भनी उल्लेख भई आएको देखिँदा निजले पेस गरेको शैक्षिक योग्यताको प्रमाणपत्रहरू सत्य साँचो व्यहोराका रहेछन् भन्न मिल्ने नदेखिने।

पुनरावेदक प्रतिवादीले हाइस्कूल तहको परीक्षा सन् १९८८ मा उत्तीर्ण गरेको भनिएको विवादको प्रमाणपत्र निजले मिति २०४८।११।२२ मा शिक्षक पदमा सेवा प्रवेश गर्ने प्रयोजनको लागि पेस गरेको व्यहोरा मिसिल संलग्न निजको वैयक्तिक फाइलबाट देखिन्छ। आफूले पेस गरेका प्रमाणपत्रबाट निजले लाभ प्राप्त गरेको नभए पनि लाभ प्राप्त गर्ने उद्देश्य राखी नक्कली प्रमाणपत्र पेस गर्नु नै कसुरजन्य कार्य मानिने।

तसर्थ माथि विवेचित तथ्य एवम् प्रमाणहरूबाट पुनरावेदक प्रतिवादी चित्रराज ओझाले नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र पेस गरी कसुर गर्दाको अवस्थामा प्रचलनमा रहेको साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ को कसुर गरेको ठहर्‍याई पुनरावेदक प्रतिवादीलाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९(२) बमोजिम रू. ५००।- जरिवाना हुने ठहर गरी विशेष अदालत, काठमाडौंबाट मिति २०७०।११।२८ मा भएको फैसला मिलेको देखिदा सदर हुने।

इजलास अधिकृतः दिलीपराज पन्त

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७२ साल चैत २१ गते रोज १ शुभम्।

२

मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली, ०७०-CR-१७३३, सार्वजनिक पद पाउनका लागि झुठ्ठा शैक्षिक प्रमाणपत्र पेस गरी भ्रष्टाचार गरेको, *बुद्धिसागर यादव अहिर वि. नेपाल सरकार*

अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट प्रमाणीकरणको लागि पठाइएको पुनरावेदक प्रतिवादीले पेस गरेको शैक्षिक योग्यताको प्रमाणपत्रका सम्बन्धमा सम्बन्धित परीक्षा बोर्डबाट भई आएको प्रमाणीकरण विवरणमा यी परीक्षार्थीको नाम भएको महलमा अर्के व्यक्तिको नाम उल्लेख भएको भनी लेखिआएको देखियो। सो विवरण व्यहोरा गलत हो भनी खण्डन हुनेगरी कुनै लिखित प्रमाण पुनरावेदक प्रतिवादीले पेस गर्न सकेको देखिँदैन। केवल प्रमाणीकरण व्यहोरा गलत हो मेरो प्रमाणपत्र सक्कली नै हो भन्ने प्रतिवादीको जिकिरको आधारमा प्रतिवादीको उक्त हाइस्कूल

परीक्षा उत्तीर्ण गरेको भन्ने प्रमाणपत्र सत्य साँचो हो भनी अनुमान गर्न नमिल्ने।

जहाँसम्म लाभ नलिएको भन्ने पुनरावेदकको पुनरावेदन जिकिर रहेकोमा सो सम्बन्धमा विचार गर्दा प्रतिवादीले भारतबाट हाइस्कूल परीक्षा पास गरेको प्रमाणपत्र विद्यालय व्यवस्थापन समितिको अध्यक्ष हुन रूपन्देही जिल्ला स्थित सेमरी सामुदायिक माध्यमिक विद्यालय सेमरी कम्हरीया रूपन्देहीको विद्यालय व्यवस्थापन समितिको अध्यक्षको मिति २०६८।७।२६ मा भएको निर्वाचनमा पेस गरी अध्यक्ष भएको र अध्यक्ष पदका लागि हाइस्कूल परीक्षा पास गरेको प्रमाणपत्र आवश्यक भएकोले पेस गरेको हुँ भनी निजले आफ्नो बयान व्यहोरामा उल्लेख गरेबाट निजको उक्त जिकिर वस्तुनिष्ठ रहेको देखिएन। कुनै पनि व्यहोराको लागि अनधिकृत प्रमाणपत्र पेस गरी कुनै पनि लाभको पद प्राप्त गर्ने उद्देश्य राख्नु नै कसुरजन्य कार्य मानिने।

अतः माथि विवेचित तथ्य, प्रमाण एवम् कानूनी सिद्धान्तसमेतबाट पुनरावेदक प्रतिवादी बुद्धिसागर अहिर यादवले झुट्ठा शैक्षिक योग्यताको प्रमाणपत्र पेस गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) को कसुर गरेको ठहरी निज प्रतिवादीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम छ (६) महिना कैद र रू. १०,०००।– दश हजार रूपैयाँ जरिवाना हुने ठहर गरी विषेश अदालत, काठमाडौंबाट मिति २०७०।९।२१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः दिलीपराज पन्त

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७२ साल चैत २१ गते रोज १ शुभम्।

३

मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री दीपकराज जोशी, ०७०-CR-१७४२, बढुवा नियुक्ति तथा अन्य प्रयोजनसमेतको लागि नक्कली प्रमाणपत्र पेस गरी भ्रष्टाचार, *सुसन जोशी वि. नेपाल सरकार*

अनुसन्धानको क्रममा र अदालतको आदेशानुसार गरी दुई पटकसम्म पुनरावेदक प्रतिवादी सुसन जोशीले बिहार इन्टरमिडिएट एजुकेशन काउन्सिल, पटनाबाट सन् १९९४ मा परीक्षा दिई उत्तीर्ण गरेको भनेको आई.ए.को प्रमाणपत्र सम्बन्धित निकायले नै नक्कली हो भनिसकेपछि त्यस सम्बन्धमा थप बुझ्नुपर्ने वा अनुसन्धान गर्नुपर्ने आवश्यकता देखिँदैन। सन् १९९४ मा प्रतिवादी सुसन जोशीले बिहार इन्टरमिडिएट शिक्षा परिषद्को आई.ए.को परीक्षा दिँदा निजको क्रमाङ्क ३०२९९ रहेको देखिन्छ भने सो उच्च माध्यमिक शिक्षा परिषद्को मूल रेकर्डमा क्रमाङ्क ३०२२३ सम्म मात्र रहेको हुँदासमेत निजको उक्त प्रमाणपत्र सक्कली हो भनी मान्न मिल्ने नदेखिने।

नेपाल विद्युत् प्राधिकरणमा पेस गर्दाको समयमा भ्रष्टाचार निवारण ऐन, २०१७ लागू रहेकोले प्रस्तुत विवादमा सोही ऐन लागू हुने देखिन्छ। सो ऐनको दफा १२ मा "कुनै व्यक्तिले राष्ट्रसेवकको ओहदा पाउन वा सो ओहदामा बहाल रहने उद्देश्यले शिक्षासम्बन्धी कुनै योग्यता, नाम, तीनपुस्ते, उमेर, जात थर, वतन, नागरिकता वा अयोग्यता ढाँटेमा कसुरको मात्राअनुसार २ वर्षदेखि ५ वर्षसम्म कैद वा जरिवाना वा दुवै सजाय हुनेछ।" भनी कानूनी व्यवस्था रहेको देखिन्छ। उपरोक्त कानूनी व्यवस्थाअनुसारको आपराधिक कार्य हुनको लागि शैक्षिक योग्यता, नाम, तीनपुस्ते, उमेर, जात थर, वतन, नागरिकता वा अयोग्यता ढाँटेको हुनुपर्ने तथा त्यसको मनसाय राष्ट्रसेवकको ओहदा पाउन वा सो ओहदामा बहाल रहिरहने उद्देश्य हुनुपर्ने।

प्रतिवादीले उक्त प्रमाणपत्र पेस गरेर कुनै फाइदा लिए नलिएको प्रश्नभन्दा पनि निजले दफा १२ मा उल्लिखित अपराध गर्नको लागि मनसायसहितको कार्य गरेको हो वा होइन भन्ने मात्र हो। आफू कर्यरत रहेको निकायमा आफ्नो शैक्षिक योग्यताको प्रमाणपत्र पेस गर्दा सोबाट फाइदा लिन निजको मनसाय थिएन भनी मान्न मिल्दैन। आफू कार्यरत रहेको निकायमा सो प्रमाणपत्र पेस गर्ने उद्देश्य नै सोबाट केही फाइदा लिनु हो। अझै भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ ले सो दफामा उल्लिखित विवरण ढाँटेर फाइदा लिएको कार्यलाई नभई ढाँट्ने कार्यलाई नै आपराधिक

कार्य मानेको र प्रतिवादीले नक्कली शैक्षिक प्रमाणपत्र पेस गरी आपराधिक कार्य गरेको देखिएकोले निजलाई सोही दफाबमोजिम सजाय हुने।

तसर्थ, उल्लिखित आधार, कारण र प्रमाणबाट प्रतिवादी सुसन जोशीले तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ को कसुर गरेकोले निजलाई सोही ऐनको दफा १२ र २९(२) नं. बमोजिम रू.५००/- जरिवाना हुने ठहर्‍याई विशेष अदालत, काठमाडौंले मिति २०७०।८।१९ मा गरेको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: रामु शर्मा

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७२ साल चैत १ गते रोज २ शुभम्।

इजलास नं. २

मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा., ०६९-CI-०५३०, ०९७४, मोही नामसारी, *मुरली दमिनी वि. गालु दमिनी, गालु दमिनी वि. मुरली दमिनी*

जग्गाधनीको जग्गा कमाएबापत प्राप्त हुने मोहियानी हक कानूनबमोजिम निष्काशन वा मोही लगत कट्टा नभएसम्म स्वतः समाप्त हुने देखिँदैन । मोही हक कानूनी हक भएको हुँदा कानूनबमोजिम मात्र समाप्त हुने हुन्छ । भूमिसम्बन्धी ऐन, २०२१ दफा २९ ले मोही हक समाप्त हुने निश्चित आधार तोकेको देखिन्छ। कानूनले निश्चित गरेको उक्त व्यवस्थाविपरीत मोही हक समाप्त हुने भन्न नमिल्ने।

मोही बाबुराम दमाइको २०२२ सालमा मृत्यु भएको र मोहीको छोरा सानु दमाइको मृत्यु मिति २०६१।४।१२ मा भए तापनि बाली नबुझाएको वा मोहीले जोतकमोद नगरेको भनी जग्गाधनीले कहीँकतै उजुर गरेको देखिँदैन । दर्तावाला मोहीले जोतकमोद नगरेको कारण जग्गाधनी आफैँले जोतकमोद गरी खेतीपाती लगाएको भए मोहीले आफ्नो दायित्व पूरा नगरेको भनी भूमिसम्बन्धी ऐन, २०२१ दफा २९ को कानूनी व्यवस्थाअनुसार मोही निष्काशनतर्फ जग्गाधनीले कारवाही चलाई जग्गाबाट मोही निष्काशन गरेको हुनुपर्छ । सोबमोजिम प्रतिवादीले मोही निष्काशनतर्फ कारवाही नगरेको देखिँदा विवादित जग्गामा रहेको बाबुराम दमाईको मोहीहकले निरन्तरता पाइरहेको देखिन्छ। उक्त आधारबाट विवादित जग्गामा रहेको बाबुराम दमाईको मोही हक निजको मृत्युपश्चात् छोरा सानु दमाईका नाममा कानूनतः नामसारी हुनेमा द्विविधा नदेखिने।

भूमिसम्बन्धी ऐन, २०२१ दफा २६(१) अनुरूप मोहीका हकदारका नाममा मोहीनामसारी गर्नुपर्ने निश्चित हदम्याद तोकेको देखिँदैन । ऐनले मोहियानी नामसारी गर्नलाई कुनै हदम्यादको व्यवस्था गरेको नदेखिँदा मोहीका हकदारले जहिलेसुकै नामसारी गराई लिनसक्ने देखिने।

विवादित जग्गाका मोही बाबुराम दमाइको २०२२ सालमा परलोक भएपछि निजको छोरा सानु दमाइले आफ्नो नाममा मोहियानी नामसारी गर्न पाउने नै हुन्छ । भूमिसम्बन्धी ऐन, २०२१ मा भएको चौथो संशोधनपूर्वको तत्कालीन स्थितिमा बुहारीमा मोहियानी हक नामसारी हुनसक्ने कानूनी व्यवस्था थिएन । तर, सानु दमाई जीवित रहेसम्म निजैले मोहियानी हक नामसारी गराउन पाउने हो । सानु दमाई नमरेसम्म अरू कसैमा मोहियानी हक जाने वा नजाने भन्ने विवाद हुने अवस्था रहँदैन । भूमिसम्बन्धी ऐन, २०२१ मा मिति २०५३।९।२४ मा संशोधन हुनुपूर्व नै मोही बाबुरामको छोरा सानु दमाई परलोक भएको भए तत्कालको अवस्थामा छोरा मरिसकेको र बुहारीका नाममा मोही नामसारी हुनसक्ने कानूनी व्यवस्थाको अभावमा बुहारी गालु दमिनीका नाममा मोही नामसारी हुन नसक्ने अवस्था हुन्थ्यो

होला । तर, सानु दमाई जीवित रहँदाकै अवस्थामा मिति २०५३।९।२४ मा भूमिसम्बन्धी ऐन, २०२१ मा भएको चौथो संशोधनपश्चात ऐ. ऐनको दफा २६(१) बमोजिम बुहारीमा समेत मोहियानीहक

नामसारी हुनसक्ने कानूनी व्यवस्था लागू भएको देखिन्छ । वादी गालु दमिनीका पतिको मिति २०६१।४।१२ मा परलोक भएको हुँदा सो मितिपछि मात्र निजको मोहियानी हक नामसारी गर्नुपर्ने अवस्था आएकोमा सो समयमा बुहारीको नाममा मोहियानीहक नामसारी हुनसक्ने कानून आइसकेको अवस्था देखिने।

साबिक मोही बाबुराम दमाइको नामको मोहियानी हक निजको शेषपछि हकखाने छोरा सानु दमाईका नाममा सर्न आउनेमा कुनै कानूनी अड्चन नरहेको अवस्थामा नै मोहियानी हक बुहारीका नाममा समेत नामसारी हुनसक्ने कानूनी प्रावधान लागू भएको हुँदा वादीको पतिले आफ्नो जीवनकालमा आफ्नो नाममा मोही नामसारी नगराएकै आधारमा निजलाई प्राप्त हुने मोही हक स्वतः समाप्त भएको भन्न नमिल्ने।

उपर्युक्त आधारबाट प्रस्तुत मुद्दामा ससुरा बाबुराम दमाइका नाममा कायम भएको मोहयानी हक भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१) अनुरूप निजको हकदार बुहारी गालु दमिनीका नाममा नामसारी गर्न मिल्ने देखिने।

कि.नं. २४३ मा घर रहेको भन्ने तथ्यमा विवाद रहेको देखिएन। घर कसले बनाएको हो भन्ने विवादको विषय सबुत प्रमाण बुझी यकिन गरिने विषय हो। मोहियानी हक र त्यस जग्गामा बनेको घरसम्बन्धी विवादको विषय फरक फरक हुन्। मोहियानी हकको मोहीको घर हो वा त्यसमा ककस्को हक लाग्ने हो वा जग्गाधनीको घर हो भन्ने विषय सम्बन्धित जिल्ला अदालतबाट सबुत प्रमाण बुझी निर्णय गरिने विषय हो। भूमिसुधार कार्यालयबाट घरको तेरो मेरोको प्रश्नमा सबुत प्रमाणको मूल्याङ्कन गरी निर्णय गर्न मिल्ने हुँदैन। यसरी विवादित जग्गामा रहेको घर सम्बन्धमा तेरो मेरोको विवाद लिई वादीले दाबी लिएको अवस्थामा त्यसतर्फ इन्साफमा सम्बन्धित जिल्ला अदालतबाट निर्णय हुने नै हुन्छ। यसरी कि.नं.२४३ को जग्गामा रहेको घर सम्बन्धमा प्रस्तुत मुद्दाबाट केही बोलिरहन परेन भनी पुनरावेदन अदालतबाट भएको फैसलालाई अन्यथा भन्न नमिल्ने।

अतः माथि विवेचित आधार कारणबाट काठमाडौं जिल्ला तिनथाना गा.वि.स. वडा नं. २ को कि.नं. २४३ को क्षेत्रफल ०-८-२ जग्गाको स्व. बाबुराम दमाइको नाममा रहेको मोही हक नामसारी गरिपाउँ भन्ने वादी दाबी पुग्न नसक्ने ठहरी भएको भूमिसुधार कार्यालयको निर्णय उल्टी गरी वादी गालु दमिनीका नाममा मोही नामसारी हुने ठहर्‍याई पुनरावेदन अदालत, पाटनबाट मिति २०६९।२।८ मा भएको इन्साफ मनासिब हुँदा सदर हुने।

इजलास अधिकृत: सुरेशराज खनाल

कम्प्युटर: रमेश आचार्य

इति संवत् २०७३ साल भदौ १० गते रोज ६ शुभम्।

- यसै लगाउको ०६९-CI-०५३१, *मोही लगत कट्टा गरिपाउँ, मुरली दमिनी वि. गालु दमिनी* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

इजलास नं. ३

१

मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री दीपकराज जोशी, ०७२-WO-१०५६, उत्प्रेषण, *याङ्चा तामाङ वि. नुवाकोट जिल्ला अदालत, नुवाकोटसमेत*

सम्बन्धित व्यक्तिलाई प्रत्यक्ष भेटी बुझाएको म्यादबाहेक म्याद वा सूचना पाउने सरोकारवाला व्यक्ति खोजतलास गर्दा फेला नपरेमा निजको घर, ढोका र भित्तामा समेत तामेल गरेको म्यादमा गा.वि.स. / नगरपालिकाको प्रतिनिधिसमेत रोहवरमा राख्नु पर्ने मुलुकी ऐन, अ.बं.११० नं. मा व्यवस्था रहेको देखिन्छ। कानूनमा भएको व्यवस्थाबमोजिम नभएको कार्यले कानूनी मान्यता पाउन सक्दैन । यस्तो अवस्थामा कसैको कानूनी हक सामान्य त्रुटिको कारण गुमेको देखिएमा त्यस्तो गुमेको कानूनी हक अदालतले प्रचलन गराउन आदेश जारी गर्न मिल्ने।

म्याद कानूनबमोजिम रीतपूर्वक तामेल भएको

हुँदैन भने त्यस्तो तामेली म्यादको आधारमा भएको फैसलासमेतबाट प्राकृतिक न्यायको सिद्धान्त हनन् भएको मान्नुपर्ने अवस्था आउँछ । कुनै पनि व्यक्ति उपर चलेको मुद्दामा कानूनबमोजिम प्रतिवाद गर्न पाउने हकलाई हनन् गर्न मिल्दैन । आफूउपर लागेको अभियोगमा प्रतिवाद गर्न पाउने त्यस्तो कानूनी हक प्राकृतिक न्यायको सिद्धान्तमा आधारित हुने हुँदा प्राकृतिक न्यायको सिद्धान्तविपरीत भएको काम कारवाहीले वैद्यता प्राप्त गर्न नसक्ने ।

निवेदक नामको म्याद नै अ.बं. ११० नं. को रीत नपुगी तामेल भई प्राकृतिक न्यायको सिद्धान्तविपरीत समेत भएको देखिएको र बेरीतको तामेली म्यादको आधारमा कसुरदार ठहर गर्दा निवेदकको संविधान प्रदत्त समानता, स्वतन्त्रता र न्यायसम्बन्धी हकमा प्रतिकूल असर पर्ने देखिँदा निवेदकलाई १० वर्ष कैद सजाय र रू. १,००,०००।- जरिवाना हुने ठहरी नुवाकोट जिल्ला अदालतबाट मिति २०७०।१२।१८ मा भएको फैसला, सो फैसला बदरको लागि निवेदकले दिएको निवेदन नुवाकोट जिल्ला अदालतका स्रेस्तेदारले मिति २०७२।११।१८ मा दरपीठ गर्ने गरेको आदेश जिल्ला न्यायाधीश र पुनरावेदन अदालत, पाटनबाट क्रमशः मिति २०७२।१२।३ र मिति २०७२।१२।१८ मा सदर गरेको देखिँदा सो दरपीठ आदेश र मिति २०६५।१२।२० को तामेली म्याद नेपालको संविधानको धारा १३३ को उपधारा (२) र (३) बमोजिम उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । अब निवेदक वीरे भन्ने याङ्चा तामाङ हाल कारागार कार्यालय, नुवाकोटमा थुनामा रहेको देखिँदा निजउपर चलेको मानव बेचबिखन तथा ओसारपसार मुद्दामा कानूनबमोजिम म्याद तामेल गरी बयान र प्रतिवाद गर्ने मौका प्रदान गर्न नुवाकोट जिल्ला अदालतका नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः भीमबहादुर निरौला

कम्प्युटरः रमेश आचार्य

इति संवत् २०७३ साल भदौ १० गते रोज ६ शुभम् ।

- यसै लगाउको ०७२-WH-००६१, गैरकानूनी थुनाबाटछ मुक्त गरिपाउँ, *याङ्चा तामाङ वि. नुवाकोट जिल्ला अदालत, नुवाकोटसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

२

मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ, ०६९-CR-०७२९ र ०७२-RC-००२५, कर्तव्य ज्यान, *सिकीलाल यादव वि. नेपाल सरकार र नेपाल सरकार वि. खिडहर यादवसमेत*

प्रतिवादीहरू मध्येको सिकीलाल यादवले मृतकलाई कञ्चटमा भाटाले प्रहार गरेको भन्ने जाहेरी व्यहोरासमेतबाट देखिएको र सोही टाउकोको चोटको कारण मृत्यु भएको भन्ने तथ्यलाई Autopsy report समेतबाट पुष्टि हुन आएको अवस्था हुँदा प्रतिवादी सिकीलाल मुख्य कसुरदार देखिन आउँछ । यसरी टाउकोको चोट छाड्ने कसुरदार र कुन चोटको कारण मृतकको मृत्यु भएको हो भन्नेसमेत यकिन भई प्रतिवादी सिकिलाल यादव मुख्य ज्यानमारा देखिन आएकाले निज प्रतिवादी सिकीलाल यादवलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ र १३(३) नं. को कसुरमा सोही १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर गरेको सुरू जिल्ला अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, राजविराजको फैसला मिलेको देखिन आउने ।

मृतकको टाउकोमा सबैभन्दा ठूलो चोट परेकोले सो चोट मृत्युको मुख्य कारण देखिए तापनि यी प्रतिवादीहरूले छोडेका अन्य चोटहरू मृतकको शरीरमा देखिएको र सो चोटहरूको मृत्यु हुने घटनामा सहायक नहुने भन्ने देखिँदैन । अर्थात् कुटपिट गर्दा परेका सामूहिकमध्ये मुख्य चोट र सहायक चोटको एकीकृत परिणाम वा सहसम्बन्धात्मक प्रभाव (cumulative effect) का कारण मृतकको मृत्यु भएको देखिदेखि यी प्रतिवादीहरू एकावरी र मुखीलाल पनि मृतकलाई मार्नमा प्रत्यक्ष संलग्न हुने ज्यानमारा देखिन आएको छ । मर्नेको शरीरमा भए परेको देखिएको घा खत अरू नै किसिमबाट भएको भन्ने सबुद प्रमाणको अभाव

छ। साथै मृतकको शरीरमा परेका घा खतहरू एकजनाकै कुटाइबाट परेको भन्ने नदेखिई सामूहिकरूपमा कुटपिट गरेको कारण परेको भन्ने देखिने।

मृतकको शरीरमा रहेका धेरै घाउहरू मध्ये टाउको तथा अन्य शरीरमा भएका घाउहरू के कुन कसुरदारले हानेको भनी यकिन भएको छ र घाउहरू ठूला साना भएकोमा ठूलो र गम्भीर प्रकृतिका घाउहरू जसले मृतकको मरण कार्यलाई leading गरिरहेको छ साथै यो घाउको चोटले मानिस मरेको भनि विशेषज्ञद्वारा पुष्टि भएको र सो तथ्यलाई मिसिल संलग्न अन्य तथ्य एवम् प्रमाणबाट अन्यथा देखिँदैन भने त्यस किसिमका leading injury को चोट छाड्ने अभियुक्त मुख्य अभियुक्त हो भनी छुट्टाउन कठिनाई नहुने। त्यस्तै चोट प्रहारमध्ये जुन leading injury को कारणले मर्ने कुरामा मुख्य भूमिका रहे पनि अन्य सामान्य घाउचोटहरू पनि मर्ने कारणमा सहसम्बन्धात्मक प्रभाव (correlated effect) रहने हुँदा त्यस्ता सामान्य घाउचोटहरू पनि मर्ने कारणमा सहायक तत्त्व हुँदैन भनी अनुमान गर्न नमिल्ने।

वस्तुतः प्रतिवादी एकावरी यादव र प्रतिवादी मुखिलाल भन्ने मुखा खिडहर यादवसमेतले मृतकलाई मृतकको शरीरमा हात हाली कुटपिट गरेको पुष्टि हुन आएको र cumulative effect देखिएकोले ज्यानसम्बन्धीको १३(३) बमोजिम जन्मकैद हुने ठहर्‍याएको सुरू सप्तरी जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालतको फैसला मिलेको देखिन आउने।

प्रतिवादी सिकीलाल यादवले ज्यानसम्बन्धीको १ र १३(३) नं. विपरीतको कसुर मुख्य कसुरदार भई गरेको देखिन आएकोले निजलाई सोही ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद र प्रतिवादीहरू एकावरी देवी यादव र मुखीलाल यादव भन्ने मुखा खिडहर यादवलाई ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम जन्मकैद हुने ठहर्‍याएको सुरू सप्तरी जिल्ला अदालतको मिति २०६६।१०।५ को फैसला सदर गरेको पुनरावेदन अदालत, राजविराजको मिति २०६८।३।१३ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। कैदको हकमा पुनरावेदन गर्ने प्रतिवादी सिकीलाल यादव र पुनरावेदन नगर्ने साधकको रोहबाट हेर्नु पर्ने प्रतिवादीहरू एकावरी देवी यादव, मुखीलाल यादव भन्ने मुखा खिडहर यादवलाई अ.बं. १८८ नं. बमोजिम कैद वर्ष १२ (बाह्र) हुने।

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री

कम्प्युटर: रमेश आचार्य

इति संवत् २०७३ साल असार १७ गते रोज ६ शुभम्।

३

मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा., ०६७-CR-०८७८, डाँका चोरी, *संजय घर्तीसमेत वि. नेपाल सरकार*

तत्कालिन न्याय प्रशासन ऐन, २०४८ को दफा ९ अनुसार (१) पुनरावेदन अदालतले गरेको फैसला वा अन्तिम आदेशउपर देहायका मुद्दाहरूमा सर्वोच्च अदालतमा पुनरावेदन लाग्नेछ भनी कानूनी व्यवस्था भएको पाइन्छः- (क) पुनरावेदन अदालतले सुरू कारवाही र किनारा गरेको मुद्दा, (ख) दश वर्ष वा सोभन्दा बढी कैदको सजाय भएको मुद्दा, र (ग) तीन वर्ष वा सोभन्दा बढी कैदको सजाय, पच्चीस हजार रूपैयाँ वा सोभन्दा बढी जरिवाना, पचास हजार रूपैयाँ वा सोभन्दा बढी बिगो भएको वा बिगो नखुलेको मुद्दामा सुरू अदालत, निकाय वा अधिकारीले गरेको निर्णयउपर पुनरावेदन अदालतले पुनरावेदनको रोहमा निर्णय गर्दा केही वा पूरै उल्टी भएको मुद्दा। (२) सर्वोच्च अदालतमा साधक जाहेर भएको मुद्दामा पनि पुनरावेदन लाग्न सक्नेछ भनी त्यस किसिमका पुनरावेदन अदालतको फैसलाउपर मात्र सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने व्यवस्था भएको पाइने।

हालको न्याय प्रशासन ऐन, २०७३ को दफा ९(१) मा सर्वोच्च अदालतलाई देहायका मुद्दाहरूमा पुनरावेदन सुन्ने अधिकार हुनेछ: (क) दफा ८ को उपदफा (२) बमोजिम उच्च अदालतले सुरू कारवाही र किनारा गरेको मुद्दा (ख) उच्च अदालतबाट दश वर्ष

वा सोभन्दा बढी कैद सजाय हुने गरी फैसला भएको मुद्दा (ग) तीन वर्षभन्दा बढी कैदको सजाय वा पाँचलाख रूपैयाँभन्दा बढी बिगो भएको मुद्दामा सुरू अदालत, निकाय वा अधिकारीले गरेको निर्णयउपर उच्च अदालतले पुनरावेदनको रोहमा निर्णय गर्दा आंशिक वा पूरै बदर गरेको मुद्दा, र (घ) संघीय कानूनबमोजिम सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने मुद्दा (२) सर्वोच्च अदालतमा साधक पेस भएको मुद्दामा समेत सर्वोच्च अदालतलाई पुनरावेदन सुन्ने अधिकार हुनेछ भनी उच्च अदालतको फैसलाउपर सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने भन्ने व्यवस्था भएको पाइने।

सुरू अदालतको फैसलाउपर चित्त बुझाइ पुनरावेदन अदालतमा पुनरावेदन नगरी बस्ने पक्षले अर्को विपक्षले पुनरावेदन गरेकोमा सोउपर पहिला पुनरावेदन नगर्ने पक्षलाई पछि सर्वोच्च अदालतमा पुनरावेदन गर्न पाउने कानूनी व्यवस्था नभएको अवस्थामा सुरू जिल्ला अदालतको फैसलाउपर पहिलो तहको पुनरावेदन अदालतमा पुनरावेदन नगर्नेलाई अन्तिमतहको सर्वोच्च अदालतमा पुनरावेदन दिन मिल्ने अवस्था नहुने।

प्रस्तुत मुद्दामा प्रतिवादीले सुरू जिल्ला अदालतको फैसलाउपर चित्तबुझाई पुनरावेदन अदालतमा पुनरावेदन नगरी बसेको र नेपाल सरकारले पुनरावेदन अदालतमा पुनरावेदन परी सोको फैसला भएकोमा पुनरावेदन तहको पहिलो पुनरावेदन नगर्ने प्रतिवादीहरूलाई सर्वोच्च अदालतमा गरेको पुनरावेदनबाट औचित्यमा प्रवेश गरी हेर्न मिलेन प्रस्तुत पुनरावेदन खारेज हुने।

इजलास अधिकृतः जयराम श्रेष्ठ

कम्प्युटर: रमेश आचार्य

इति संवत् २०७३ मङ्सिर २६ गते रोज १ शुभम्।

४

मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा., ०६७-CR-१००६, दूरसञ्चार ऐनअन्तर्गतको कसुर अपराध, *नेपाल सरकार वि. सरोज लामासमेत*

न्याय प्रशासन ऐन, २०४८ को दफा ९ को उपदफा १ को खण्ड (क) अनुसार पुनरावेदन अदालतले सुरू क्षेत्राधिकारअन्तर्गत फैसला गरेको अवस्थामा यस अदालतमा स्वतः एक तह पुनरावेदन लाग्न सक्ने देखिन्छ। सोबाहेक खण्ड (ख) र (ग) को अवस्था विद्यमान नभएमा पुनरावेदन अदालतको फैसलाउपर यस अदालतमा पुनरावेदन लाग्न सक्ने देखिँदैन। खण्ड (ख) र (ग) ले यस अदालतमा पुनरावेदन गर्न पाउने सर्त र सीमा तोकेको देखिन्छ। कानूनमा उल्लिखित सीमा र सर्त वादी नेपाल सरकारले पनि पालना गर्नु पर्ने हुन्छ। पुनरावेदन अदालतले खण्ड (ख) बमोजिम १० वर्ष वा सोभन्दा बढी सजाय गरेको मुद्दा र खण्ड (ग) को अवस्थाको विद्यमान नभएको अवस्थामा यस अदालतमा पुनरावेदन लाग्न सक्ने गरी कानूनी व्यवस्था गरेको कुरामा वादी पक्षले ध्यान दिएको देखिएन। खण्ड (ख) बमोजिम पुनरावेदन अदालतले १० वर्ष वा सोभन्दा बढी कैद सजाय र खण्ड (ग) बमोजिम जिल्ला अदालतसमेतको फैसला पुनरावेदन अदालतबाट केही वा पूरै उल्टी नभएको मुद्दामा यस अदालतमा ऐ. दफा १२ बमोजिम मुद्दा दोहोर्‍याई हेरी पाउन निवेदन दिई निस्सा प्रदान भएको अवस्थामा बाहेक पुनरावेदनको रोहबाट दोस्रो तहको पुनरावेदन लिएर यस अदालतमा प्रवेश गर्न मिल्ने नदेखिने।

प्रस्तुत मुद्दामा प्रतिवादी सरोज लामालाई न्याय प्रशासन ऐन, २०४८ को दफा ९ को खण्ड (ख) बमोजिम १० वर्ष वा सोभन्दा बढी कैद सजाय भएको र जिल्ला अदालतको फैसला केही वा पूरै उल्टी भई खण्ड (ग) को अवस्था देखिँदैन। यस अवस्थामा वादी नेपाल सरकारले ऐ. दफा १२ बमोजिम उपचार माग गर्न आउनु पर्नेमा दफा ९ बमोजिम उपचार माग गरेको देखिँदा तथ्यमा प्रवेश गरी न्याय निरूपण गर्न मिलेन। तसर्थ वादी नेपाल सरकारको तर्फबाट यस अदालतमा पेस भएको ०६७-CR-१००६ को पुनरावेदन सो हदसम्म खारेज हुने।

इजलास अधिकृतः भीमबहादुर निरौला

इति संवत् २०७३ साल जेठ ५ गते रोज ४ शुभम्।

५

मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री मीरा खड्का, ०७०-CR-१६१०, जबरजस्ती करणी, *राजेश परियार वि. नेपाल सरकार*

अशक्त वा अपाङ्ग महिलालाई जबरजस्ती करणी गर्नेलाई थप पाँच वर्ष कैद गर्नुपर्छ भनी मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(क) ले कानूनी व्यवस्था गरेको छ । अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ को दफा २ (क) ले "अपाङ्ग" भन्नाले सामान्य दैनिक चर्या गर्न शारीरिक वा मानसिक तवरले असमर्थ वा असक्षम भएको नेपाली नागरिकलाई सम्झनुपर्छ । सो शब्दले कानो, अन्धो, बहिरो, लाटो, लठेब्रो, लुलो, कुंजो, लङ्गडो, खोरण्डो, डुँडो वा सुस्त मनस्थिति भएको व्यक्तिलाई समेत जनाउँछ" भनी उल्लेख गरेको पाइन्छ । प्रस्तुत वारदातमा पीडित मानसिक तवरले असक्षम देखिएको हुँदा त्यस्तो व्यक्तिलाई जबरजस्ती करणी गर्ने प्रतिवादीलाई थप ५ वर्ष कैद हुने ठहरेको सुरू तथा पुनरावेदन अदालतको फैसला अन्यथा देखिन नआउने ।

उपर्युक्त आधार कारणबाट प्रतिवादी राजेश परियारले पीडित मानसिक रोगी असक्त महिलालाई जबरजस्ती करणी गरेको देखिन आएकोले निजलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको १, ३(५) नं. अनुसार ऐ. महलको ३(५) नं. बमोजिम ५ वर्ष कैद र ३(क) नं. बमोजिम थप ५ वर्ष कैद गरी जम्मा १० (दश) वर्ष कैद सजाय गरी ऐ. को १० नं. अनुसार पीडितलाई रू.१००,०००।- (एकलाख) क्षतिपूर्तिसमेत भराई दिने ठहर्‍याई मकवानपुर जिल्ला अदालतबाट मिति २०७०।१।१० मा भएको फैसला सदर हुने ठहर्‍याई पुनरावेदन अदालत, हेटौंडाबाट भएको मिति २०७०।१०।७ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः महेश खनाल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७३ साल साउन २६ गते रोज ४ शुभम् ।

६

मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री हरिकृष्ण कार्की, ०७१-WO-०३१९, उत्प्रेषण / परमादेश, *जगदेव पण्डित कुम्हाल वि. पुनरावेदन अदालत, हेटौंडासमेत*

अंश मुद्दाको फिराद परी पर्सा जिल्ला अदालतबाट मिति २०६८।९।१७ मा फैसला भइसकेपश्चात् अघि परेको अंश मुद्दालाई असर पर्ने गरी २०६९ सालमा लेनदेनको मुद्दा परेको र अघि परेको अंश मुद्दाको प्रतिउत्तरमा समेत प्रस्तुत ऋणलाई नदेखाएको अवस्थामा लेनदेनको लिखतमा साक्षी नबसेको वा सहमति नहुने पक्षले पनि तिर्नुपर्ने गरी अवस्था परिस्थिति (Context) विचार नगरी सावधानीबेगर हचुवारूपमा मान्यता दिँदा घरायसी लिखत जहिलेसुकै तयार हुन सक्ने हुँदा त्यस्ता लिखतले नभए नगरेका झुठ्ठा बनावटी व्यवहारले समेत पश्रय पाउन सक्ने हुन्छ। घरायसी लिखत झुठ्ठा बनावटी हुन सक्ने अवस्था परिस्थितिको निक्यौंल नगरी लिखत पेस भएको आधारमा मात्र घरको मुख्यले गरेको व्यवहार त्यसले सिर्जना गर्ने परिणाम र प्रभाव नहेरी गोश्वारा धनबाट ऋण व्यहोर्दा कसैको अंश हकसमेतमा अन्यायपूर्णरूपमा असर पर्ने अवस्थाको सिर्जना मात्र होइन कानून र न्यायको मर्म (Spirit of Law and Justice) मा नै बाधा अड्चन देखा पर्ने हुँदा त्यस्ता लिखतहरू तयार हुँदाका अवस्था र परिस्थिति एवम् सो लेनदेनको मुद्दा पर्दाको अवस्था र परिस्थितिसमेत ख्याल गरी त्यसतर्फ समेत न्यायकर्ताले सचेततापूर्वक विचार गर्नुपर्ने ।

लिखत पेस हुनु र लिखतको मितिअघिको देखिनु एउटा कुरा हो भने सो लिखत सोही मितिमा नै तयार भएको पुष्टि हुने विश्वासनीय आधार देखिनु अर्को कुरा हो । निम्न अवस्था परिस्थिति देखिए अन्यथा प्रमाणित नभए विश्वासनीय आधार मान्न सकिने हुन्छ :

(१) घरायसी लिखत भए पनि वादी प्रतिवादी (घरको मुख्य वा अन्य अंशियारसमेत) ले स्वीकार गरेको,

(२) अन्य अंशियाराको मन्जुरी नभए पनि लिखत अड्डाबाट पारित गराई लिएको,
(३) अंश मुद्दा पर्नुपूर्व नै साहुको नालेस परेको,
(४) साहुको नालेस परिसकेपछि अंश मुद्दा परेको,
(५) साहुको लेनदेन वा अंशियाराको अंश मुद्दा पर्नुपूर्व नै लिखत गरी लेनदेन गर्ने व्यक्ति (घरको मुख्य व्यक्ति वा एकाघरको उमेर पुगेकोले व्यवहार गरेकोमा मुख्य जानकारको सहीछाप भएकोमा त्यस्तो अन्य अंशियार व्यवहारकर्ता) मरिसकेको,
(६) घरायसी लिखत भए पनि उक्त लिखतको ऋणमा एकाघर सगोलमा बस्ने अंशियारहरूको समेत लेनेदनको कागजमा सहीछाप गरेको,
(७) साहुको लेनदेन मुद्दा पर्नुपूर्व नै अंश मुद्दा परेकोमा वादी वा प्रतिवादीले फिराद वा प्रतिउत्तरमा नै ऋण देखाएकोमा सो घरव्यवहारमा खर्च भएको वस्तुनिष्ठरूपमा पुष्टि भएको।

अंश मुद्दा अन्तिम भएपश्चात् सो अंश मुद्दाको बन्डालाई असर पर्ने किसिमले पछि परेको लेनदेन मुद्दा र सोको बिगो भरिभराउको कारवाहीको क्रममा आएर घरको मुख्यले सगोलमा हुँदा नै लेनदेन गरेकोले गोश्वारा धनबाट ऋणको बिगो भरिभराउ हुने भनी लिएको दाबीको आधार अन्य अंशियाराको हकमा सहिसद्दे व्यवहारका विश्वासनीय आधार (Reliable Ground) बन्न नसक्ने हुँदा त्यसरी साक्षी पनि नबस्ने र मन्जुर पनि नहुने अंशियारा पक्षबाट भरिभराउ हुँदा वा त्यस्तो लिखतलाई मान्यता दिदा लेनदेन व्यवहारको ८ नं, अंशबन्डाको १८ नं. र दण्ड सजायको २६ नं. समेतको यान्त्रिक व्याख्या (Mechanical Interpretation) हुने।

अत: निवेदक जगदेव पण्डितको दाबीबमोजिम निज घरको मुख्य भई सगोलमा नै रहँदाको अवस्थामा ऋण लिएको व्यवहार पुष्टि हुने वस्तुनिष्ठ र विश्वासनीय अवस्था परिस्थितिको विद्यमानता नदेखिँदा सो ऋण सगोलबाट तिर्न बुझाउन मन्जुर नहुने विपक्षी सिमादेवीको अंश भाग वा गोश्वारा धनबाट व्यहोर्न पर्ने देखिन नआउने।

तसर्थ निवेदन मागबमोजिमको ऋण विपक्षी सिमादेवीले तिर्नु बुझाउनु पर्ने आधार देखिन नआएकोले सीमादेवीको अंशबाहेक गरी बाँकी जग्गामा बिगोतर्फ कारवाही गर्ने गरी तहसिलदारबाट मिति २०७०।९।२१ मा भएको आदेश सदर गर्ने गरी पर्सा जिल्ला अदालतबाट मिति २०७१।२।९ मा भएको आदेश परिवर्तन गर्नु परेन भनी गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०७१।६।३० को आदेश लेनदेन व्यवहारको ८ नं. अंशबन्डाको १८ नं., दण्ड सजायको २६ समेतको विपरीत नदेखिई मिलेकै देखिँदा निवेदन मागबमोजिमको आदेश जारी मिलेन। निवेदकको निवेदन खारेज हुने।

इजलास अधिकृत: हर्कबहादुर क्षेत्री

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७३ साल कात्तिक ४ गते रोज ५ शुभम्।

- यसै लगाउको ०७१-WO-०४६७, उत्प्रेषण, *जगदेव पण्डित कुम्हाल वि. पुनरावेदन अदालत, हेटौंडासमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

७

मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री प्रकाशमान सिंह राउत, ०६७-CI-००६७, करारबमोजिम दायित्व पूरा गराई पाउँ, *देउता बानिया वि. दुर्गाप्रसाद बानियासमेत*

प्रतिवादी मुनिया बनिया, दुर्गाप्रसाद बनिया र वादी देउताराम बनियाबीच बर्दिया जिल्ला अदालतमा भएको मिति २०४६।११।१५ को मिलापत्रमा यी वादी प्रतिवादीहरूबीच विभिन्न कित्ता जग्गाहरू अंशको रूपमा लिने दिने गरी मिलापत्र भएको देखिन्छ । मिलापत्रको व्यहोराको अन्ततिर यी पुनरावेदक मुनिम बनियाका भागमा परेका जग्गा मेरो शेषपछि दुवै छोराहरूले बराबर बाँडी लिन पाउने गरी... भन्ने शब्दावली उल्लेख गरेको पाइन्छ। बाबुको शेषपछि बाँकी रहेको सम्पत्ति आफ्ना दुवै छोराहरूले बराबरी बाँडी लिन पाउने भन्ने शब्दावली प्रयुक्त भएको अवस्थामा बाबुको अंश भागमा परेको अचल सम्पत्ति

बाबुले हक हस्तान्तरण नै गर्न पाउँदैन भनी अर्थ गर्न मिल्दैन। २०४६ सालमा मुद्दा मिलापत्र गर्दा सबैभन्दा कम अंश लिने बाबुले प्राप्त गरेको अंशको सम्पत्तिमा निजको हकै नहुने भन्ने वादी तथा सुरू अदालतको फैसलासँग सहमत हुन सक्ने अवस्था नदेखिने।

प्रतिवादी मुनिम बनियाका नाममा रहेका २० कित्ताभन्दा बढी जग्गाहरूमध्ये ज्यादै कम जग्गा राखी सबै जग्गा दुवै छोराहरूलाई बन्डा गरिदिएको अवस्थामा निजले प्राप्तगरेको सम्पत्तिको हक हस्तान्तरण रोक्ने कुनै पनि कानूनी व्यवस्थाको विद्यमानता नहुँदा सुरू अदालतले "शेषपछि दुवै छोरा देउताराम बनिया र दुर्गाप्रसाद बनियाले बराबर खान लिन पाउने गरी" उल्लेख भएको शब्दावलीलाई जीवनकालभरी हकै हस्तान्तरण गर्न नपाउने भनी गरेको अर्थ, तर्कसङ्गत देखिएन। दान बकसको २ नं. मा बक्सपत्र दिनेले चित्त नबुझी बदर गर्न चाहेमा जहिलेसुकै बदर गराउन पाउँछ भनी कानूनी व्यवस्था भएको हुँदा शेषपछिको बक्सपत्र एकपटक दिएपछि जीवनकालसम्म हकै हस्तान्तरण गर्न नपाउने भन्न मिल्ने अवस्था नदेखिने।

एक पटक विधिवत् अदालतबाट अंशको रूपमा प्राप्त गरिसकेको सम्पत्तिलाई घरसारमा अर्केरूपमा परिभाषित गर्दैमा त्यस्तो घरायसी परिभाषाभित्र अचल सम्पत्ति पाउने र जान सक्ने। अवस्था हुँदैन। अंशबन्डाको मिलापत्रलाई करारको कागजले विस्थापित गर्न नसक्ने।

अदालतबाट अंशको रूपमा प्राप्त गरेको अचल सम्पत्तिको हक हस्तान्तरणसमेतलाई रोक लगाउने गरी घरसारमा करार भएमा पनि सोको कुनै कानूनी मान्यता हुँदैन त्यस्तो कागज शून्य अवस्थाको हुन जाने।

ऐन, कानूनमा स्पष्ट उल्लेख भएको कुरामा सोही ऐन, कानूनबमोजिमको अक्षरश: पालना गर्नु पर्ने हुन्छ। ऐन, कानूनमा उल्लेख हुँदाहुँदै सोलाई नमानी आफ्नो स्वइच्छाले मनोमानीपूर्वक हक हस्तान्तरण गर्दा रजिस्ट्रेसन नै गर्नुपर्ने कागजलाई रजिस्ट्रेसन नगरी कानूनविपरीत घरायसमा गरेको कागजलाई कानूनी मान्यता दिन मिल्ने अवस्था देखिएन। प्रतिवादीको नाममा रहेको अचल सम्पत्तिको हक हस्तान्तरण नै अवरूद्ध हुने गरी वादी प्रतिवादीहरूबीच करार भएको रहेछ र त्यस्तो करार भनिएको कबुलियतनामाले अचल सम्पत्तिको हस्तान्तरणलाई नै अवरूद्ध गर्दछ भनी अर्थ गर्न नमिल्ने।

अत: वादी दाबी पुग्ने गरी सुरू बर्दिया जिल्ला अदालतले गरेको मिति २०६४/३/२६ को फैसला उल्टी गरी वादी दाबी पुग्न नसक्ने ठहर्‍याई पुनरावेदन अदालत, नेपालगञ्जले मिति २०६६/८/३० मा गरेको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः जयराम श्रेष्ठ

इति संवत् २०७३ साल मङ्सिर २७ गते रोज २ शुभम्।

इजलास नं. ४

१

मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा., ०६९-CI-१२४७, लेनदेन, *दुर्गाप्रसाद भण्डारी वि. नन्दकली भण्डारी*

मुलुकी ऐन, लेनदेन व्यवहारको २२ नं. को कानूनी व्यवस्था हेर्दा "*अपुताली नखानेलाई साहूले पक्रन हुँदैन। अपुताली खाएपछि साहू तिर्दिन भन्न पनि हुँदैन...*" भन्ने व्यवस्था रहेको देखिन्छ। यसबाट अपुताली नखानेसँग साहूको ऋण तिराउन नसकिने। अवस्था रहेको र साहूको ऋण तिराउनलाई अपुताली खाएकै देखिनु पर्ने अर्थात् अपुताली खाएपछि मात्र साहूको ऋणउपर दायित्व कायम हुने उक्त कानूनी व्यवस्थाको आशय स्पष्ट देखिने।

प्रत्यर्थीले अपुताली पाउँ भनी मागसम्म गरी कारवाही अघि बढाएको देखिएको मात्र आधारमा अपुतालीको कारवाही टुंगिसकेसरह प्रत्यर्थीले अपुताली खाएको भन्ने निर्धारण गरी वादीको बिगो निज प्रतिवादीले नै तिर्नु बुझाउन पर्छ भनी निर्धारण गर्न उपयुक्त देखिँदैन। प्रतिवादीले अपुताली पाउने विधिवत् निर्धारण भई निजको नाउँमा मृतक ऋणीको

सम्पत्ति नामसारी भई गएको खण्डमा वादीले प्रतिवादीबाट साँवा ब्याज भराई माग्न सक्ने नै भएको तथा प्रत्यर्थी / प्रतिवादीले मृतकको जग्गा नामसारी नगराई अपुताली नलिई छाडेको खण्डमा मुलुकी ऐन, अपुतालीको १६ नं. ले निर्धारण गरेबमोजिमको प्रक्रिया अघि बढाउनसमेत पुनरावेदकलाई बाटो खुला रहेकै देखिएकोले प्रस्तुत अवस्थामा प्रतिवादीबाट साँवा ब्याज भराई दिनु नपर्ने गरी पुनरावेदन अदालत, तुलसीपुरबाट मिति २०६९।३।२७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः सुमनकुमार न्यौपाने

कम्प्युटर : रानु पौडेल

इति संवत् २०७३ साल भदौ २३ गते रोज ५ शुभम्।

२

मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा., ०७०-RC-०२९२ र ०७०-CR-०४८९, मानव बेचबिखन तथा ओसार पसार, *नेपाल सरकार वि. सबिन मोक्तानसमेत, शान्ति तामाङ वि. नेपाल सरकार*

पीडित कल्पना राईलाई निज शान्ति राईको भनाइबमोजिम भारतको कोलकत्तामा लगी काममा लगाइदिएको भनी बयान गरेको भए तापनि के काम र कहाँ लगाइदिएको हो भन्ने तथ्यलाई पुष्टि हुने गरी निज प्रतिवादी शान्ति तामाङले कुनै पनि प्रमाणद्वारा प्रमाणित गर्न सकेको देखिँदैन। प्रमाण ऐन, २०३१ को दफा २७ मा *प्रचलित नेपाल कानूनबमोजिम सजायमा कमी वा छुट हुने वा सजायबाट रिहाइ पाउने कुनै कुराको जिकिर प्रतिवादीले लिएमा सो कुराको प्रमाण पुर्‍याउने भार निजको हुनेछ* भन्ने कानूनी व्यवस्थाअनुसार यी प्रतिवादीले आफूले सजायबाट कमी वा छुट पाउँ भनी लिएको जिकिर आफ्नो प्रमाणबाट पुष्टि गर्न सकेको नपाइने।

प्रतिवादी शान्ति तामाङले पीडित कल्पना राईलाई निजको मन्जुरी अनुसार मैले काममा लगाइदिनका लागि भारतको कोलकत्ता छोडी आएको भन्ने बयान गरेकोमा सो तथ्यलाई पुष्टि गर्न नसकेको, पीडितलाई नेपालमा भएका निजका आफन्तलाई जानकारी नदिई भारतको कोलकत्तामा पुर्‍याइएको भन्ने कुरामा साबिती नै भएको, पीडितले मलाई शान्ति तामाङसमेतले काठमाडौंबाट काँकडभिट्टा सिलगुढी हुँदै कोलकत्ता पुर्‍याई बिक्री गरेको भनी दिएको किटानी जाहेरी र सोबमोजिम मौकामा र अदालतमा गरिदिएको बयानबाट प्रमाणितसमेत भएको हुँदा प्रतिवादी शान्ति तामाङले अभियोग दाबीबमोजिम मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ र ४(१) (क) बमोजिमको कसुर गरेकोले निजलाई ऐ. ऐनको दफा १५(१) (क) बमोजिम २० (बीस) वर्ष कैद रू. २,००,०००।– (दुईलाख) जरिवाना हुने र निज प्रतिवादी शान्ति तामाङबाट मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा १७(१) बमोजिम रू. १,००,०००।– क्षतिपूर्तिसमेत भरिपाउने ठहराउने गरी पुनरावेदन अदालत, पाटनले गरेको फैसला कानूनसम्मत भई मिलेको नै देखियो । प्रतिवादी शान्ति तामाङले अभियोग दाबीबाट सफाइ पाउनुपर्छ भनी लिएको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादी मोटे भन्ने सविन मोक्तानउपरको वादी नेपाल सरकारको पुनरावेदन जिकिरको सम्बन्धमा विचार गर्दा निज प्रतिवादी शान्ति तामाङसँगै कोलकत्ता गएको भन्ने कुरासम्म स्वीकार गरेको भए तापनि जाहेरवालीलाई बिक्री गर्नको लागि गएको भन्ने कुरा आफूलाई थाहा नभएको भनी मौकामा र अदालतमा बयान गरेको देखिन्छ । निज प्रतिवादी सविन मोक्तान शान्ति तामाङको कोठामा काम गर्ने मानिस भएको र शान्ति तामाङले हिँड्न भनेकोले निजसँग गएकोसम्म देखिन्छ। शान्ति तामाङले यी प्रतिवादीलाई कहाँ जाने र के प्रयोजनको लागि जान लागेको हो सो कुरा यी दुई प्रतिवादीबीच कुराकानी भएको भन्ने मिसिल संलग्न कागजातहरूबाट खुल्न आएको छैन। जाहेरवालीलाई प्रतिवादी शान्ति तामाङले बिक्री गर्ने प्रयोजनका लागि लगिरहेको छ भन्ने कुरा यी प्रतिवादीलाई थाहा थियो भन्ने तथ्ययुक्त सबुद प्रमाणहरूबाट वादी नेपाल

सरकारले पुष्ट्याइँ गर्न सकेको देखिँदैन। तसर्थ मिसिल संलग्न कागजातहरूबाट यी प्रतिवादी शान्ति तामाङले घुम्न जाउँ भनी भनेको आधारमा जाहेरवालीसमेतसँग यी प्रतिवादी गएको देखिन्छ। त्यसैगरी अर्का प्रतिवादी ज्ञानु पोखरेलउपरको अभियोग दाबी र पुनरावेदन जिकिरको सम्बन्धमा विचार गर्दा निज प्रतिवादी ज्ञानु पोखरेलउपर जाहेरवालीले किटानीरूपले जाहेरी दिएको देखिँदैन भने निज ज्ञानु पोखरेलले मौकामा र अदालतमा समेत कसुरमा पूर्णतः इन्कार रही बयान गरेको देखिन्छ । जाहेरवालीलाई भारत नजानुस् भनी भनेको हुँ भनेर बयान गरेको देखिन्छ। प्रतिवादी ज्ञानु पोखरेल जाहेरवाली र शान्ति तामाङसँग भारत गएको पनि देखिँदैन । मौकामा कागज गर्ने तुलाराम पोखरेलसमेतले ज्ञानु पोखरेलले जाहेरवालीलाई बेचबिखन गरेको र गर्न लगाएको होइन भन्ने व्यहोरा लेखाइदिएको पाइन्छ। प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम फौजदारी मुद्दामा आफ्नो अभियुक्तको कसुर प्रमाणित गर्ने भार वादीको हुनेछ भन्ने कानूनी व्यवस्थाबमोजिम यी प्रतिवादीहरूको कसुरमा संलग्नता छ भनी वादी पक्षले आफ्नो प्रमाणद्वारा प्रमाणित गराउन सकेको देखिँदैन। यस्तो अवस्थामा पुनरावेदन अदालत, पाटनले यी प्रतिवादीहरूलाई अभियोग दाबीबाट सफाइ दिने ठहर्‍याएको फैसला मिलेको नै देखिने।

अतः उल्लिखित व्यवस्था, मिसिल संलग्न कागजातहरूबाट प्रतिवादी शान्ति तामाङलाई अभियोग दाबीबमोजिम मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ र ४ (१)(क) को कसुरमा ऐ. ऐनको दफा १५(१)(क) बमोजिम २० (बीस) वर्ष कैद र रू. २,००,०००।– (दुईलाख) जरिवाना हुने र ऐ.ऐनको दफा १७(१) बमोजिम निज प्रतिवादीबाट पीडित कल्पना राई तामाङले रू. १,००,०००।– (एकलाख) क्षतिपूर्तिसमेत भरी पाउने र प्रतिवादीहरू मोटे भन्ने सविन मोक्तान र ज्ञानु पोखरेलले अभियोग दाबीबाट सफाइ पाउने ठहर्‍याई भएको सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०६८।५।१९ मा भएको फैसलालाई सदर हुने ठहर्‍याई पुनरावेदन अदालत, पाटनले मिति २०६९।११।२२ मा गरेको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादी नेपाल सरकार र पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

साथै प्रस्तुत मुद्दाकी पीडित कल्पना राई तामाङले प्रतिवादी शान्ति तामाङबाट भराइ पाउने ठहर भएको रू. १,००,०००।– (एक लाख रूपैयाँ) क्षतिपूर्तिको रकम मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा १७(क) (१क) बमोजिम नेपाल सरकार मातहतमा रहेको पुर्स्थापनाको कोष महिला तथा बालबालिका कार्यालय, काठमाडौंबाट तत्काल उपलब्ध गराई सो रकम प्रतिवादी शान्ति तामाङबाट सरकारी बिगोसरह असुलउपर गर्ने।

इजलास अधिकृत: प्रेम खड्का

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७२ साल फाल्गुण ४ गते रोज ३ शुभम्।

३

मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा., ०७०-CR-०८३३, कर्तव्य ज्यान, *इन्दिरा कार्की वि. नेपाल सरकार*

मिति २०६७।३।२० गते राति मेरो छोरा धनबहादुर कार्कीलाई निजकै श्रीमती इन्दिरा कार्कीले कर्तव्य गरी मारेर आफूले गरेको कसुरबाट जोगिनको लागि विभिन्न बहाना बनाई अस्पतालसम्म पुर्‍याई मृत्यु भइसकेको लास घरमा ल्याई सद्गतको लागि तयार पारी अपराध लुकाउन छिपाउनसमेत खोजेको हुँदा आवश्यक कारवाही गरिपाउँ भनी तिर्थबहादुर कार्कीको किटानी जाहेरीबाट प्रस्तुत मुद्दाको उठान भएको छ । प्रतिवादी इन्दिरा कार्कीले अधिकारप्राप्त अधिकारीसमक्षको बयानमा घटना भएको रात मृतक पतिले रक्सी सेवन गरी आएको हुँदा हामी दुवैको बीचमा झगडा भएको र निजले मेरो कपाल समातेको हुँदा आफूले पनि घाँटीमा हातले धकेलिदिएकोसम्म हो, श्रीमान्लाई मैले कर्तव्य गरी मारेको होइन, निज

रातको समयमा झुन्डिएको अवस्थामा मैले फेला पारेको भन्ने बयान व्यहोरा लेखाएकोमा अदालतसमक्ष बयान गर्दासमेत सोही व्यहोरा उल्लेख गरी आरोपित कसुर गरेकोमा इन्कार रहेको देखिन्छ । मृतकको लास जाँच मुचुल्का हेर्दा मृतकका शरीरमा संघर्षका थुप्रै चिह्नहरू भएको देखिन आउँछ । प्रतिवादीले आफ्नो बयानमा उल्लेख गरेझैं मृतकले आत्महत्या गरेको भए संघर्षका चिह्नहरू मृतकको शरीरमा देखिने अवस्था नहुने हुँदा प्रतिवादीले लेखाएबमोजिम मृतकले आत्महत्या गरेको भन्ने कुरा लास जाँच मुचुल्कासमेतबाट पुष्टि हुन सकेको छैन । यसैगरी मृतकको Autopsy Report मा मृतक धनबहादुर कार्कीको मृत्यु (Cause of death is due to asphyxia as a result of strangulation) घाँटी थिचेको कारण श्वास प्रश्वास बन्द भएर भएको हो भन्नेसमेत व्यहोराको शव परीक्षण प्रतिवेदनबाट देखिन्छ । मृतकको शव परीक्षण गर्ने डाक्टर अभिषेक कर्णले अदालतमा उपस्थित भई बकपत्र गर्दा मृतकको मृत्यु झुन्डिएर भएको नभई घाँटीमा बाहिरी दबाबको कारण भएको हो भनी व्यहोरा लेखाएको छ । यसरी मृतकको देब्रे कानमा छाला घस्रिएको, शरीरमा घा-चोटका प्रशस्तै चिह्नहरू रहे भएको देखिएबाट र मृतकको शव परीक्षण गर्ने डाक्टरको प्रतिवेदन एवम् सो प्रतिवेदनलाई पुष्टि हुने गरी गरी दिएको निजको अदालतसमक्षको बकपत्रसमेतबाट मृतकको मृत्यु कर्तव्यबाट भएको पुष्टि हुने ।

पुनरावेदक प्रतिवादी इन्दिरा कार्कीले आफूले आरोपित कसुर गरेको नहुँदा र घटनाको प्रत्यक्षदर्शीको अभावमा केवल शङ्काको भरमा मलाई दोषी ठहर गरेकोले सफाइ पाउँ भनी पुनरावेदन जिकिर लिएको सम्बन्धमा हेर्दा, मृतक धनबहादुर कार्की र यी प्रतिवादी इन्दिरा कार्की पति पत्नी भएको देखिन आउँछ । यी दुई बीचमा झै-झगडा भएको भन्ने कुरा स्वयम् प्रतिवादीले अनुसन्धानका क्रममा बयान गर्दा पतिले आफूलाई कपालमा समातेको हुँदा आफूले पनि घाँटीमा हातले धकेली दिएको भन्ने व्यहोरा लेखाएबाट मृतक पतिको घाँटीमा यी प्रतिवादीको हातले हिर्काएको पुष्टि हुन्छ । साथै यी प्रतिवादीउपर किटानी जाहेरी परी सो जाहेरीलाई पुष्टि हुने गरी जाहेरवालाले मौकामा र अदालतमा उपस्थित भई बकपत्र गरिदिएको पाइन्छ । मृतकको मृत्यु आफैँ झुन्डिएर भएको भन्ने प्रतिवादीको बयान जिकिर भएकोमा लासमा भएको घाउ चोटहरूको प्रकृतिले आफैँ झुन्डिएको भन्ने कुरा समर्थित हुन आएको देखिन आउँदैन । यसरी प्रतिवादीका उपरको किटानी जाहेरी, जाहेरवालाको अदालतको बकपत्रलगायतका मिसिल संलग्न कागजातहरूबाट वारदातका समयमा प्रतिवादी र निजका छोरा छोरी मात्र रहे भएको अवस्थामा मृतक र प्रतिवादीबीच भएको झगडाको परिणामस्वरूप उक्त वारदात भएको र प्रतिवादी इन्दिरा कार्कीले मृतक धनबहादुर कार्कीको घाँटी थिची पासोले कसी कर्तव्य गरी मारेको पुष्टि हुन्छ । यसर्थ प्रतिवादी इन्दिरा कार्कीलाई अभियोग मागदाबीअनुसार मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. अनुसार सर्वस्वसहित जन्म कैदको सजाय हुने ठहर गरेको पुनरावेदन अदालत, विराटनगरको फैसला मनासिब नै देखियो । यसर्थ पुनरावेदन अदालत, विराटनगरको फैसला उल्टी गरी अभियोग दाबीबाट सफाइ पाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

प्रतिवादी इन्दिरा कार्कीको हकमा अदालती बन्दोबस्तको १८८ नं. बमोजिम पुनरावेदन अदालतले व्यक्त गरेको रायको सम्बन्धमा विचार गर्दा, वारदातको मिति समयमा मृतक र प्रतिवादीका बीच वादविवाद भई हात हालाहाल भएको भन्ने देखिएको र प्रतिवादीले मार्नुपर्नेसम्मको कुनै कारण र पूर्व रिसइवीसमेत रहे भएको देखिँदैन । प्रतिवादी र मृतकका बीच वादविवाद भई तत्काल उठेको रिसका कारण प्रस्तुत वारदात घट्न गएको देखिएको र यी प्रतिवादीसँग आश्रित बालक छोरा छोरी रहे भएको देखिँदा र प्रतिवादीको पारिवारिक अवस्था, निजको उमेरसमेतलाई दृष्टिगत गर्दा ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सजाय गर्दा चर्को पर्न जाने तथा १० (दश) वर्ष मात्र कैद गर्दासमेत ऐनको उद्देश्य पूरा हुने देखिएकोले निज

प्रतिवादी इन्दिरा कार्कीलाई मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिम १० (दश) वर्ष कैदको सजाय गर्न मनासिब देखिएको हुँदा पुनरावेदन अदालत, विराटनगरले व्यक्त गरेको रायसमेत मनासिब देखिन आउने हुँदा उल्लिखित आधार कारणहरूबाट प्रतिवादी इन्दिरा कार्कीलाई ज्यानसम्बन्धीको महलको १३(३) नं. को कसुरमा सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर्‍याई निजलाई अ.बं. १८८ नं. बमोजिम १० वर्ष कैदको सजाय गर्ने गरी भएको पुनरावेदन अदालत, विराटनगरको मिति २०६९।१२।२२ मा भएको फैसला सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः प्रेम खड्का

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७२ साल फागुन ४ गते रोज ३ शुभम्।

इजलास नं. ५

१

मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री जगदीश शर्मा पौडेल, ०७०-WO-०५२५, उत्प्रेषण, *नारद कँडेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

विवादित सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०६९ स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २३६(२) मा सोही ऐनको दफा २३६(१) बमोजिम प्राप्त हुने अनुदान रकमहरूको खर्च प्रणाली र कार्यविधिहरू नेपाल सरकारले तोक्न सक्नेछ भनी रहेको व्यवस्थाअन्तर्गत जारी भएको पाइन्छ । स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २३६ को उपदफा (१) मा सम्बन्धित स्थानीय निकायको जनसंख्या, विकासको स्तर, राजस्व परिचालन गर्नसक्ने सम्भाव्यता र क्षमता, वित्तीय साधनको आवश्यकता, आय र व्ययको नियमित अभिलेखन कार्य, लेखापरीक्षणको स्थिति र आर्थिक अनुशासनको स्थिति जस्ता कुरा रहेको पाइन्छ । उक्त दफाको व्यवस्था नेपाल सरकारले स्थानीय निकायलाई प्रदान गर्ने थप अनुदानसँग सम्बन्धित देखिन्छ भने ज्येष्ठ नागरिकलाई भत्ता वितरण गर्ने सम्बन्धमा ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ ले छुट्टै व्यवस्था गरेको पाइन्छ । यसरी ज्येष्ठ नागरिकलाई भत्ता प्रदान गर्ने कुरालाई ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा २४ ले सम्बोधन गरेको छँदाछँदै खास ऐनको दायराभित्र पर्ने कुरामा सो ऐनको प्रयोग नगरी स्थानीय स्वायत्त शासन ऐन, २०५५ को प्रयोग गरी सो कार्यविधि जारी भएको र सोको नियम ३ मा लक्षित समूहको परिभाषा भएबाट ज्येष्ठ नागरिक ऐन, २०६३ ओझेलमा पर्न गएको देखिन्छ । विधायिका निर्मित खास ऐन, ज्येष्ठ नागरिक ऐन, २०६३ ले सम्बोधन गरेको विषय निरस्त हुने गरी अर्कै प्रयोजनको लागि बनेको ऐनअन्तर्गत कार्यविधि बनाई भत्ता पाउने सम्बन्धमा ज्येष्ठ नागरिकहरूबीच अविवेकी वर्गीकरण गरी भेदभाव गर्नु उपयुक्त हुँदैन । यसबारे छाता ऐन, ज्येष्ठ नागरिक ऐन, २०६३ अन्तर्गत नै सम्बोधन हुनु उपयुक्त हुने।

ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा २४ ले ज्येष्ठ नागरिकहरूको उमेर, भौगोलिक अवस्थिति, शारीरिक, मानसिक र आर्थिक विकासको स्तर आदि आधारमा वर्गीकरण गर्न सकिने भनी गरेको व्यवस्थाअनुसार सो दफामा उल्लिखित सबै पक्ष समेट्नु पर्नेमा भौगोलिक अवस्थिति र जातिगत वर्गीकरणलाई मात्र समेटी शारीरिक, मानसिक र आर्थिक विकासको स्तरतर्फ कुनै ध्यान नदिई कर्णाली अञ्चलमा बसोबास गर्ने १ र दलित समूह २ गरी त्यसअन्तर्गतका ६० वर्ष उमेर पूरा गरेका ज्येष्ठ नागरिकले मात्र मासिक भत्ता पाउने भनी गरेको व्यवस्था उक्त कानूनविपरीत देखिनुका अतिरिक्त विभेदयुक्त र असमानसमेत देखिन आउने।

कर्णाली अञ्चलमा रहेका ६० वर्ष उमेर पुगेका ज्येष्ठ नागरिक र दलित समूहका ६० वर्ष उमेर पुगेका ज्येष्ठ नागरिकलाई सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधिले प्रदान गरेको विशेष भत्ता प्रदान

गर्न नमिल्ने र निजहरू त्यसका लागि उपयुक्त नरहेका भन्ने निवेदकको जिकिर देखिँदैन । त्यस्तो यथार्थ पनि छैन । यी सबै कारणबाट उक्त कार्यविधिको नियम ३(क) बदर गरिपाउँ भन्ने हदसम्मको रिट निवेदन खारेज हुने ठहर्छ । ज्येष्ठ नागरिक ऐन, २०६३ को दफा २४ ले ज्येष्ठ नागरिकहरूको उमेर, भौगोलिक अवस्थिति, शारीरिक, मानसिक र आर्थिक विकासको स्तर आदि आधारमा वर्गीकरण गर्न सकिने भनी गरेको व्यवस्थाअनुसार सबै पक्ष समेट्ने गरी उपयुक्त व्यवस्था गर्नका लागि नेपाल सरकारका नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः आत्मदेव जोशी

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०७३ साल वैशाख ३० गते रोज ५ शुभम् ।

२

मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री जगदीश शर्मा पौडेल, ०७१-CR-०९६१, उत्प्रेषण, *कपुर राई वि. नेपाल सरकार*

वारदातस्थल टोल बस्तीमा भएको जहाँ गुहार मद्दत माग्न सकिने अवस्था रहेको देखिन्छ । त्यसमा पनि "... पुष्प राई खोलातर्फबाट कराउँदै आई देव गुरूङसमेतले खुकुरी लिएर मार्न भनी लखेटेको कुरा सुनाएको र तत्कालै म र कपुर राई दौडदै जाँदा देव गुरूङलाई बाटोमा भेटी..." भन्ने समेत उल्लेख गरी प्रतिवादीद्वय कपुर राई र सागर राईले मौकामा बयान गरेको पाइन्छ । यस कुरालाई अदालतमा बयान गर्दा हामी घर जाँदा मृतकसँग बाटोमा जम्काभेट भएको भन्ने उल्लेख गरेको भए पनि अन्य सहप्रतिवादीहरूको मौकाको बयान, बुझिएका मानिसहरूले गरी दिएको कागज जस्ता परिस्थितिजन्य प्रमाणहरूबाट निज प्रतिवादीहरू कपुर राई र सागर राईको मौकाको बयानलाई मालाकाररूपमा पुष्टि भइरहेको देखिन्छ । यी प्रतिवादीद्वय कपुर राई र सागर राई मृतकलाई खोज्दै जाँदा बाटोमा भेटी प्रस्तुत वारदात भएको र सागर राईले ढुङ्गा टिपी मृतकलाई प्रहार गर्दा निजको टाउकोमा लाग्न गई निज भुइँमा लडेपछि यी प्रतिवादीहरू भाग्न उम्कन सक्ने पर्याप्त समय हुँदाहुँदै पनि मृतक भुइँमा लडेपछि सोही मौका छोपी पहिला कपुर राईले त्यसपछि सागर राईले खुकुरीले पालैपालो प्रहार गरी मारेको पाइन्छ । यसरी गुहार मद्दत माग्न सकिने र त्यस्ता जुलुमीको पन्जाबाट भागी उम्की आफ्नो ज्यान बचाउनसमेत फुर्सत पाउनेलगायतका अन्य विकल्पहरू रहे भएको पाइँदा निज प्रतिवादीहरूको जिकिर खण्डित भइरहेको पाइन्छ । वारदातस्थलमा मृतकले प्रहार गर्न लागेकोले बच्नका लागी मृतकलाई प्रहार गरेको भने पनि त्यस्तो अवस्था देखिएको छैन । यसर्थ प्रतिवादीद्वय कपुर राई र सागर राईले मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको ७(१) नं. बमोजिम इन्साफ गरिपाउँ भनी लिनुभएको जिकिरसँग सहमत हुन नसकिने ।

मृतक देव गुरूङलाई प्रतिवादीहरूले खुकुरीले पालैपालो प्रहार गरी मारेको देखिदा प्रतिवादीद्वय सागर राई र कपुर राईलाई अभियोग दाबीअनुसार मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याई सुरू सुनसरी जिल्ला अदालतबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने तर यी प्रतिवादीहरूलाई अ.बं. १८८ नं. बमोजिम १५ वर्ष कैद हुन उपयुक्त हुने भनी सुरू अदालतले व्यक्त गरेको रायको सन्दर्भमा विचार गर्दा यी प्रतिवादीहरूले मृतकलाई वीभत्स किसिमले धारिलो हतियार खुकुरीको प्रयोग गरी पालैपालो काटी मारेको र मृतकले प्रहार गर्न लागेकोले बच्न मृतकलाई प्रहार गरेको भनी जिकिर लिए पनि मिसिल संलग्न प्रमाणबाट त्यस्तो अवस्था नदेखिएको हुँदा उक्त राय बदर हुने ठहऱ्याई मिति २०७१।२।४ मा पुनरावेदन अदालत, विराटनगरबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः इन्द्रकुमार खड्का

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७२ साल मङ्सिर ७ गते रोज २ शुभम् ।

३

मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री सारदाप्रसाद घिमिरे, ०७२-WO-०५०८, उत्प्रेषण / परमादेश, *रत्नेश्वरप्रसाद शर्मा वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

रिटमा यो यस्तो मुद्दा हेर्ने र यो नहेर्ने भन्ने कुनै सीमा छैन यद्यपि केही मार्गदर्शक कुरा अवश्य हुन्छन् । रिटको उपचार विधिको शासन, संविधान तथा अन्तर्राष्ट्रिय दस्तावेज विपरीतको कुनै पनि अन्यायको शमनको लागि शुद्ध अदालतको तजबिजमा जारी हुने उपचार भएकोले यसलाई न्याय, पद्धति, संविधान, कानून र विवेकबाहेकका अरू कुनै पनि सीमामा सीमित गर्न नसकिने ।

त्रिपाल खरिदको विषयमा संलग्नहरू मध्ये को कसउपर के कस्तो कारवाही गर्नुपर्ने हो वा कारबाही नै गर्नु पर्ने होइन एकैपटक निर्णय हुनु नै पारदर्शीता र खुला समाजको माग हुनेछ । तर अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट प्रत्यर्थी सचिवको हकमा अख्तियार दुरूपयोग आयोग ऐन, २०४८ को दफा ३(छ) बमोजिमको अनुचित कार्य गरेको भनी विभागीय कारबाही सजाय गर्न भनी मिति २०७२।०८।२२ मा निर्णय भएको तर सोही विषयका सम्बन्धमा भ्रष्टाचार उद्योगको कसुरमा संलग्न कसुरदारहरू उपर आयोगको मिति २०७२।४।२७ को निर्णयबमोजिम मित २०७२।५।२० मा विशेष अदालत, काठमाडौंमा मुद्दा दायर भएको कुरालाई उचित मान्न सकिँदैन । तर यो अनियमितता आफैँमा रिट जारी गर्नका लागि पर्याप्त नहुने ।

अन्य व्यक्तिउपर भ्रष्टाचारको आरोपपत्र दायर गरेको तर समान अवस्थाका प्रत्यर्थी सचिवलाई विभागीय कारवाहीको लागि लेखी पठाएको भेदभावपूर्ण भयो र यसबाट दण्डहीनताले संरक्षण पाई फौजदारी न्यायको मर्ममा प्रहार भएको छ भन्ने निवेदन जिकिरमा विचार गर्दा अन्य व्यक्ति र प्रत्यर्थी सचिव समान अवस्थाका व्यक्ति भएको कुरालाई निवेदकले निवेदनमा जिकिर लिएर मात्र पुग्दैन त्यसलाई भरपर्दो प्रमाणबाट पुष्टि गर्ने दायित्व पनि निवेदकउपर नै रहन्छ । संविधानबमोजिम गठित निकाय अख्तियार दुरूपयोग अनुसन्धान आयोगले कानूनको रीत पुर्‍याई गरेको कामकारवाहीमा अदालतले हात हाल्नु भनेको असाधारण अपवाद हो । यसको लागि त्यस्तै प्रमाणको आवश्यकता पर्ने ।

नेपाल सरकारको महत्त्वपूर्ण मन्त्रालय आपूर्ति मन्त्रालयको सचिव पद सबैले पाउन सक्ने पद होइन । प्रत्यर्थी सचिवमा सो पद निर्वहन गर्ने क्षमता, दक्षता, व्यवहार कुशलता र इमानदारी आदि नरहेको भए निजले सचिव पदमा नियुक्ति पाउन सक्ने अवस्था हुँदैनथ्यो । त्यस्ता व्यक्ति विरूद्धको यो मागलाई असाधारण अपवाद मान्नु पर्छ । यसमा निर्दोषिताको यावत् अनुमान प्रत्यर्थी अर्जुनकुमारको पक्षमा हुन्छन् जसलाई ठोस प्रमाणद्वारा अन्यथा गर्ने दायित्व निवेदकउपर रहने ।

सबै कुरामा हात हाल्न, जथाभावी गर्न, सबैलाई शङ्का गर्न, सार्वजनिक पदाधिकारीउपर सधैँ अविश्वास गरी उनीहरूको उत्साह र मनोबल घटाउन तथा समाजलाई अस्तव्यस्त बनाउनको लागि अदालतको व्यवस्था भएको होइन । कानूनबमोजिमको निकायले सबै काम कुरा मापदण्ड पूरा गरेर गर्छ, सो गर्दा गफलत, मोलाहिजा वा लापरवाही गर्दैन र उसले गरेको कामकारवाही वैध र सार्वजनिक हित अनुकूल हुन्छन् भन्ने मान्य अनुमानको सिद्धान्त सार्वजनिक सुव्यवस्थाको जग हो । सार्वजनिक पदाधिकारी विरूद्ध जथाभावी कारवाही हुँदा वा उनीहरूले गरेको भ्रष्टाचार वा अन्य अनुचित काममा कुनै कारवाही नहुँदाको दुवै अवस्थाले कानूनको शासन र सामाजिक सुव्यवस्थालाई कमजोर बनाउने ।

२०७२ वैशाख १२ मा महाभूकम्प गएको १ दिन पहिलाको भाउभन्दा त्रिपालको दररेट बढी हुन नहुने र बढी भएमा सरकारी बाँकीसरह असुल गर्ने कुरा प्रत्यर्थी सचिवले सदर गरेको टिप्पणीमा उल्लेख भएबाट निजले आर्थिक चलखेल नगरेको र सो रोक्नका लागि इमानदार र जिम्मेवारीपूर्ण प्रयास

गरेको प्रारम्भिक अनुमान निजको पक्षमा रहेको मान्नुपर्छ जसलाई विस्थापित गर्न निवेदक असफल हुनुभएको छ। पूरै मन्त्रालयको वास्तविक (de facto) प्रमुखसमेत रहेका सचिवको जिम्मेवारी कुनै एउटा काममा मात्रै सीमित रहँदैन। सामान खरिद गर्न सचिव स्तरको मानिस आफैँ जाँदैनन्। न त खरिद भएको सामान आदि रूजु गर्ने, त्यसको गुणस्तर जाँच्ने काम नै सोझै सचिवको तहबाट हुन्छ। यी सब काम कुरा तहतहै हुँदै आउँछन्। कुनै उजुरी परेमा बाहेक सचिवले आफ्ना मातहतका कर्मचारीउपर विश्वास गर्नै पर्ने।

भ्रष्टाचार वा अरू बेहिसाब भएको भनी प्रत्यर्थी सचिवसमक्ष कुनै उजुर परेको तर निजले त्यसप्रति आँखा चिम्लेको भन्ने निवेदन जिकिर देखिँदैन। यसकारण मातहतका कर्मचारीको काम कारवाहीको निरीक्षण नगरेको भन्ने आरोपलाई अमूर्त आरोप भन्नुपर्छ। ती सब कुरा निजको कार्य सम्पादन मूल्याङ्कनसँग सम्बन्धित कुरा हुन्छ। जसबापत आयोगले विभागीय कारवाहीको सिफारिस गरेकै देखिने।

आयोगले प्रत्यर्थी सचिवउपर लगाएको आरोपमा कुनै नातावाद र कृपावादको गन्ध देखिँदैन। त्रिपाल खरिद तथा वितरण गर्ने क्रममा कानूनी तथा प्रशासनिक प्रक्रिया पूरा गरी पारदर्शी ढंगबाट खरिद तथा वितरणको प्रक्रियाको व्यवस्थापन गर्न नियमितरूपमा अनुगमन, निरीक्षण, सुपरीवेक्षण तथा आवश्यक निर्देशन दिन नसकी महालेखा परीक्षकको विभागले निर्धारण गरेबमोजिमको स्रेस्ता कागजात बिना नै खरिद समर्थन गरी आफ्नो पदको प्रकृतिअनुसार पालना गर्नु पर्ने पदीय कर्तव्य पालना नगरी अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३(छ) बमोजिम अनुचित कार्य गरेको भनी आयोगले यी प्रत्यर्थीउपर लगाएको आरोप गम्भीर नै मान्नुपर्छ। सचिव तहको व्यक्ति त्यस किसिमले अनुचित कार्यको आरोपमा पर्दा निजको प्रतिष्ठामा ठूलो ह्रास आउने र सो ठहर्दा निजले नोकरीसमेत गुमाउनु पर्ने भई निजको निवृत्तिभरण र अन्य सुविधामा समेत असर पर्ने प्रबल सम्भावना रहने।

प्रत्यर्थी सचिवउपर भ्रष्टाचार मुद्दा चलेको भए निजले विभागीय सजायको सिफारिसबाट उन्मुक्ति पाउने धेरै सम्भावना रहन्थ्यो। यसको सीधा परिणाम भनेको उता भ्रष्टाचार मुद्दाबाट सफाइ पाउने यता विभागीय कारवाही पनि नहुने भई निजले पूरै स्वच्छताको प्रमाण (clean chit) पाउनु हुन्थ्यो। यो विभागीय कारवाहीको सिफारिसले कमसेकम निज विरूद्ध एक कारवाहीको क्रम चलेको छ जसमा कानूनबमोजिम निजको विपक्षमा पनि निर्णय हुन सक्ने सम्भावना रहेको भन्ने कुराको निवेदकले हेक्का राख्नै पर्ने।

कमजोरी कहाँ हुँदैन ? अपूर्णताबाट पूर्णतातिरको अनादि र अन्तहीन यात्राको निरन्तरता छ। एउटा वस्तुको उत्पादन भनेको अर्को वा धेरै वस्तुको नाश हो। हिजोको न वातावरण छ, न शिक्षा न संस्कार। हावा, पानी, माटो, उत्पादन, पशुपन्छी, भाषा, विचार, आवश्यकता र भोग सब चलायमान छन्। सक्षम भई हिँड्नका लागि बालक कयौं पटक लड्छ। नेपालको प्रशासनयन्त्र पनि अनवरत विकासको क्रममा छ। यसमा हुने सबै कमी कमजोरीलाई भ्रष्टाचारजन्य कार्यको संज्ञा दिनु सर्वथा अनुचित हुन्छ। त्यसो भयो भने प्रशासनयन्त्र पंगु हुन पुग्छ जसको परिणाम झनै भयावह हुन्छ। जसले जानाजान बेहिसाब गर्नुभयो वहाँहरूलाई र जसले कुनै बदनियत नराखी काम गर्नुभयो वहाँहरू अर्थात् दुवैलाई एउटै नजरले हेर्नु उपयुक्त नहुने।

प्रस्तुत त्रिपाल खरिदको विषयमा प्रत्यर्थी सचिवले लापरवाही, कमी कमजोरी गरेको ठहर्ने नठहर्ने र ठहरेमा के कस्तो विभागीय कारवाही हुने सो कुरा सम्बन्धित ठाउँबाट निरूपण हुने।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगको काम कारवाहीमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ को त्रुटि भएको भनी निवेदकले उल्लेख गरेको हकमा सो दफाबमोजिम विभागीय कारबाही गर्नुपर्ने सम्बन्धमा निर्णय भएकै

देखिँदा सो दफाको त्रुटि भएको भन्ने निवेदन जिकिरसँग सहमत हुन सकिएन । त्यसैगरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) को पनि त्रुटि भएको भन्ने हकमा त्यसतर्फ पनि प्रशस्त विवेचना भई निवेदकको जिकिर अस्वीकार भएबाट प्रत्यर्थी आयोगको विवादित निर्णयबाट नेपालको संविधान, २०७२ को धारा १८ ले दिएको निवेदकको समानताको हकको उल्लङ्घन भएको मान्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

पर्याप्त सावधानीबेगर लापरवाही गरी जथाभावी रिट दायर गर्नेलाई ठूलै सजाय गर्न सकिने र सजाय भइरहेको कुराको सबैले जानकारी लिनु आवश्यक छ । प्रत्यर्थी अर्जुनकुमार कार्कीले २०६५ को रिट नं. ०२२ मा २०६६।५।१४ मा भएको आदेशबमोजिम मुद्दामा लागेको समय एवम् आर्थिक खर्च भराई पाउँ भनी माग गर्नुभएको पनि देखिन्छ । त्यो नसकिने होइन तर निवेदकले प्रत्यर्थी सचिव विरूद्ध दुराशय नै राखी प्रस्तुत रिट निवेदन दायर गर्नुभएको कुरा शङ्कास्पद भएकोले त्यो हदसम्म जानु उचित हुने नदेखिने ।

इजलास अधिकृतः यमप्रसाद बास्कोटा

इति संवत् २०७३ साल भदौ १६ गते रोज ५ शुभम् ।

इजलास नं. ६

१

मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ, ०७१-CR-१२८०, जबरजस्ती करणी, *सियाराम रानासमेत वि. नेपाल सरकार*

पीडित जाहेरवालालीले अदालतमा गरेको बकपत्रमा यी पुनरावेदक प्रतिवादीहरूले जबरजस्ती करणी गरेका हुन् भनी लेखाएको देखिन्छ । प्रतिवादीहरूले जाहेरवालीसँग जबरजस्ती करणी नगरेको भए अकारणमा आफ्नै बेइज्जती हुने गरी जाहेरीवालीले झुट्टा व्यहोरा जाहेरी दिएको होला भन्ने तथ्य मिसिल संलग्न सबुद प्रमाणबाट समर्थित भएको पाइँदैन । यसरी पीडित निजको आमा र दाजुको अदालतमा भएको बकपत्र, चिकित्सकको प्रतिवेदन पीडितको कट्ठु परीक्षणसमेतका मिसिल संलग्न कागजातबाट यी पुनरावेदक प्रतिवादीहरूले पीडितसँग जबरजस्ती करणी गरेको तथ्य शङ्कारहित तवरबाट समर्थित भएको पाइने ।

जबरजस्ती करणीको अपराध सामान्य प्रकृतिको अन्य अपराध जस्तो होइन । जबरजस्ती करणीको अपराधमा पीडितको शारीरिक, मानसिक र मनोवैज्ञानिक जुन क्षति हुन्छ । त्यो अपूरणीय हुन्छ । यसबाट पीडितको स्वतन्त्र मानवीय अस्तित्व, मान, सम्मान र उसको व्यक्तिगत एवम् सामाजिक प्रतिष्ठा, मानमर्यादा र मानवीय अस्मिता लुटिएको हुन्छ । उसको स्वतन्त्र अस्तित्व नै खण्डित भएको हुन्छ । त्यसमा पनि वर्ष १४ की बालिकासित करणी गर्नु स्वयम्मा गम्भीर प्रकृतिको अपराधको श्रेणीमा पर्ने हुन्छ । तसर्थ, अभियोग दाबीबमोजिम जबरजस्ती करणीको कसुर ठहर गरी प्रतिवादीलाई जबरजस्ती करणीको महलको ३(२) नं. बमोजिम जनही ८ वर्ष र सोही महलको ३ (क) नं. बमोजिम थप ५ वर्ष गरी जम्मा १३ वर्ष कैद गरी सोही महलको १० नं. बमोजिम जनही रू. ३५,०००।- क्षतिपूर्ति पीडितलाई भराइदिने ठहर गरी भएको सुरू कञ्चनपुर जिल्ला अदालतको फैसला सदर गर्ने गरी भएको पुनरावेदन अदालत, महेन्द्रनगरबाट मिति २०७१/०९/०७ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीहरू सियाराम राना, विजयसिंह राना र रामदास रानाको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: जगतबहादुर पौडेल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल कात्तिक ९ गते रोज ३ शुभम् ।

२

मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा., ०७१-CI-०५२१, निषेधाज्ञा, *गोमा कुमारी पण्डित वि. मनतोरिया देवी*

मूलतः अदालतले निषेधाज्ञाको आदेश जारी गर्दा हुन गइरहेको वा भइरहेको काम कारोबारबाट

कुनै पनि व्यक्तिको कानूनी हकमा आघात पर्न जाने स्थितिको आशङ्काको विद्यमानतालाई नै हेर्ने गरिन्छ र त्यस्तो आशङ्का तथ्यपरक एवम् प्रमाण परक ढंगले पुष्टि भएको पनि हुनुपर्छ । निषेधाज्ञाको रिटबाट उपचार खोज्ने पक्षले आफूलाई मर्का परेको कुराको आशङ्काको विद्यमानता रहेको कुरामा अदालतलाई आश्वस्त पार्न सक्नुपर्छ । यसैगरी, सहज र पहुँचयोग्य अन्य उपचार र मार्ग भएसम्म यो रिट जारी गर्न पनि मिल्दैन । यद्यपि पुनरावेदकले जिकिर लिएझैं निषेधाज्ञाको मुद्दामा नक्सा सर्जमिनलगायतको प्रमाण बुझ्न नसकिने। होइन तर त्यस्तो प्रमाण बुझी प्रमाणको मूल्याङ्कन गरी न्याय निरूपण गर्नु पर्ने कुरामा अदालत, विश्वस्त हुनुपर्ने।

निवेदकको जग्गा मिची घर बनाउन लागिएको भए नगरपालिकाबाट नक्सा पास गर्दाका बखत नै दाबी विरोध गर्न पाउने र स्वीकृत नक्साविपरीत घर बनाएमा नगरपालिकाबाट कानूनी उपचार पाउने एवम् आफ्नो जग्गा मिची घर बनाएको भएमा मुलुकी ऐन, घर बनाउने महलअनुसार निवेदकले कानूनी उपचार पाउनेजस्ता हक पनि निवेदकसँग सुरक्षित नै रहेको देखिने।

माथि विवेचित आधार कारणबाट विपक्षीले आफ्नो नाम दर्ताको कि.नं.१२४ मा नगरपालिकाबाट नक्सा पास गराई घर निर्माणसमेत सम्पन्न गरिसकेको अवस्थामा निवेदकको मागबमोजिम निजको जग्गामा घर बनाउन लागेको भन्ने आशङ्काको विद्यमानता नरहेकोले रिट निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, जनकपुरको मिति २०७१।३।३१ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: इन्द्रबहादुर कठायत
कम्प्युटर: प्रेमबहादुर थापा
इति संवत् २०७३ साल असोज ४ गते रोज ३ शुभम्।

- यसै लगाउको ०७१-CR-०४९६, अदालतको अवहेलना, *गोमाकुमारी पण्डित वि. मनतोरिया देवी* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

३

मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री जगदीश शर्मा पौडेल, ०६८-WO-०६९०, उत्प्रेषण / परमादेश, *यज्ञप्रसाद बजगाई वि. काठमाडौं जिल्ला अदालत, बबरमहलसमेत*

मुलुकी ऐन, दण्ड सजायको ४१क नं. को कानूनी व्यवस्थाले अदालतबाट अन्तिम फैसला भई कैद र जरिवाना लागेको व्यक्ति स्वयम् अड्डामा उपस्थित भई फैसला कार्यान्वयनमा सहयोग गर्न आएमा लागेको कैद र जरिवानामा छुट दिई फैसला कार्यान्वयनमा सहजता पुगोस् भन्ने मकसद राखेको पाइन्छ । यस्तो छुट सुविधा न्यायिक प्रक्रियामा सहजता, फैसलाको सम्मान गर्दै सोको कार्यान्वयनमा सहयोग पुर्‍याउन आउने पक्षले मात्र प्राप्त गर्ने।

प्रस्तुत मुद्दामा यी रिट निवेदक अदालतमा कैद जरिवाना भुक्तान गर्न स्वयम् उपस्थित भएको नभई अदालतको लगतमा रहेको कैद जरिवाना असुल तहसिल गर्न खटिएका अदालतको डोर कर्मचारीले पक्राउ गरी सो प्रतिवेदनका साथ दाखिल गरेपश्चात् भुक्तान गरेको र निजको छोराले जरिवाना रकम दाखिल गरेको देखिन्छ । यस्तो अवस्थामा निजलाई लागेको कैद र जरिवानामा छुट प्रदान गर्न सकिने अवस्था नदेखिने कानूनको उक्त सुविधा पाउनुपर्छ भन्ने निवेदन जिकिरसँग सहमत हुन नसकिने।

सुरू जिल्ला अदालतबाट प्रतिवादीको नाममा ३० दिने म्याद जारी भएको तर अस्वस्थ भएको कारणले उपस्थित हुन नआएको भन्ने कुरा रिट निवेदनमा उल्लेख भएकोले आफूउपर लागेको मुद्दासम्बन्धी जानकारी प्राप्त गरेपनि प्रतिवादै नगरी बसेको कुरा स्पष्ट भएकाले सुनुवाइको मौका नपाएकोले प्राकृतिक न्यायको सिद्धान्तविपरीत भएको मान्न नमिल्ने।

आफूहरूलाई लागेको अभियोग सम्बन्धमा अनुसन्धान तहकिकातदेखि गैरहाजिर रही अदालतबाट जारी भएको समाह्वान म्यादसमेत स्वयम्ले बुझी लिए पनि सो म्याद गुजारी अदालतमा अनुपस्थित रहेका

यी रिट निवेदकलाई फैसला कार्यान्वयनको सन्दर्भमा पक्राउ गरिएपश्चात् अ.बं. १९३ नं. बमोजिम फैसलाको जानकारी नपाएको र दण्ड सजायको ४१क. नं. बमोजिम कैद जरिवानामा छुट सुविधा नदिएको भन्ने जिकिर मनासिब नदेखिँदा अदालतबाट अन्तिम भई बसेको फैसलाबमोजिम पक्राउ गरी जारी गरिएको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०६८।९।१४ को पक्राउ पुर्जी र सोही मितिको कैदी पुर्जीसमेत कानूनसम्मत नै देखिँदा मागबमोजिम आदेश जारी गरिरहन पर्ने अवस्था नरहेबाट प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: गजेन्द्रबहादुर सिंह
कम्प्युटर: प्रेमबहादुर थापा
इति संवत् २०७२ साल भदौ ३० गते रोज ४ शुभम्।

४

मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा, ०६६-WO-०३५५, उत्प्रेषण, *राजेन्द्रकुमार जोशी वि. कृषि विकास बैंक, के.का. रामशाहपथसमेत*

कुनै पनि संगठन सुव्यवस्थितरूपमा सञ्चालन हुनका लागि त्यस संस्थासँग आबद्ध पदाधिकारीहरूमा अनुशासन, कर्तव्यपरायणता र जवाफदेहिता आवश्यक हुन्छ । आफ्नो सेवा सर्तसम्बन्धी ऐन, नियम, विनियम, आचारसंहिताजस्ता कुराहरूको पूर्ण परिपालना गरी उच्च नैतिक चरित्र अनुशरण गर्नु वाञ्छनीय हुन्छ। सार्वजनिक जीवनमा कानून परायणता सदैव अपेक्षित रहन्छ । यस प्रकारका मूल्य मान्यताबाट निर्देशित हुन सकेन भने कुनै पनि सार्वजनिक उत्तरदायित्व निर्वाह गर्नुपर्ने संस्थाले आफ्नो घोषित उद्देश्य पूरा गर्न सक्तैन। यिनै कुराहरूलाई सुनिश्चित गर्न र सार्वजनिक सेवा प्रदान गर्ने कार्यलाई अनवरतरूपमा तथा स्तरीय तवरबाट सञ्चालन गर्न संस्थामा आबद्ध कर्मचारीहरूको सेवाका सर्तहरू व्यवस्थित गरिन्छन् । सेवाका सर्तहरूको पालना गर्नु सम्बन्धित सबै कर्मचारीहरूको कर्तव्य बन्दछ। निर्धारित सेवाका सर्तहरूको उलङ्घन भएको अवस्थामा ऐन, नियम वा विनियमद्वारा निर्धारित सजाय गर्नु वाञ्छनीय हुन जाने।

वस्तुतः बिदा अधिकारको कुरा होइन, यो केवल सुविधाको कुरा मात्र हो । संस्था सुव्यवस्थितरूपमा सञ्चालन हुने स्थिति सुनिश्चित गरी आवश्यकता र उपर्युक्तताको आधारमा मनासिब तजबिजको प्रयोग गरी बिदा प्रदान गरिन्छ। बिदा माग गरेको छ भन्ने आधारमा नै स्वतः बिदा स्वीकृत हुने विषय नहुने।

बर्खास्त गर्ने निर्णय गर्दा सुनुवाइको अवसर प्रदान गर्नेलगायतका समुचित विधिसम्मत प्रक्रिया अपनाइएको देखिन्छ। यस अवस्थामा विभागीय सजाय दिन सक्ने अधिकारीले विनियमावलीबमोजिमको अख्तियार प्रयोग गरी विधिसम्मतरूपमा निर्णय गरेको कुरालाई अन्यथा ठान्नु मनासिब नहुने।

माथि विवेचित आधार र कारणहरूबाट निवेदक राजेन्द्रकुमार जोशीलाई भविष्यमा नोकरीको लागि अयोग्य नठहरिने गरी सेवाबाट अवकाश दिने गरी भएको मिति २०६५।४।३१ को निर्णय, सोलाई सदर गर्ने न्यायिक पुनरावेदन उपसमितिको मिति २०६६।५।१४ को निर्णय, २०६६।५।२४ को पत्र तथा सोसम्बन्धी भएको कारवाहीहरू कानूनअनुरूप नै भएको देखिएको हुँदा निवेदन मागबमोजिम आदेश जारी गरिरहन परेन। उत्प्रेषणसमेतको आदेश जारी गरिपाउँ भन्ने प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: इन्द्रबहादुर कठायत
कम्प्युटर: प्रेमबहादुर थापा
इति संवत् २०७३ साल साउन ३१ गते रोज २ शुभम्।

इजलास नं. ७

१

मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री जगदीश शर्मा पौडेल, ०६८-CI-०९२१, अंश, *चन्द्रकला गौडेल वि. गीता राना गुरूङ*

प्रतिवादी चन्द्रकला गौडेल र प्रतिवादी

श्रीप्रसाद गुरूङ श्रीमान् श्रीमती भएको र श्रीप्रसाद गुरूङले पछि मिति २०६०।११।२३ मा वादी गीता राना मगरसँग विवाह गरेको भनी मिसिल संलग्न निजहरूको विवाह दर्ताको प्रमाणपत्रबाट देखिन्छ । प्रतिवादी चन्द्रकलाले मिति २०५७।९।२७ पति श्रीप्रसाद गुरूङसँग सम्बन्ध विच्छेद गरेको भने पनि प्रस्तुत मुद्दासँगै चलेको सम्बन्ध विच्छेद मुद्दा कास्की जिल्ला अदालतबाट मिति २०६६।९।१ मा फैसला हुँदा निजहरूको सम्बन्ध विच्छेद भएको देखिएकोले यी प्रतिवादीसमेतका वादी प्रतिवादीहरू एकासगोलमा नै रहेको मान्नु पर्ने देखिने ।

पुर्णभक्त पाहारीले दिएको प्रतिवादी चन्द्रकला गौडेलको नाम दर्तामा रहेको कि.नं. ३८२२ को ०-७-०-० जग्गाको रजिस्ट्रेसनको हक भोग भएको व्यहोराको महलमा "मेरो हकभोग दर्ताको रोक्कामा नपरेको निज चन्द्रकला मेरी मितिनी छोरी निजले सहयोग गरेबापत हालैको बकसपत्र दियाँ" भनी उल्लेख भएको देखिन्छ । उक्त बकसपत्रमा दाताले उल्लेख गरिदिएको व्यहोरालाई अन्यथा मान्न नमिल्ने ।

मुलुकी ऐन, अंशबन्डाको १८ नं. मा "... कुनै अंशियारले आफ्नो ज्ञान वा सीप वा प्रयासबाट निजी आर्जन गरेको वा कसैबाट निजी तवरले दान वा बकस पाएको वा कसैको अपुताली परेको वा स्त्री अंश धनको महलको ५ नम्बरबमोजिम पाएकोमा त्यस्तो आर्जन वा पाएको सम्पत्ति सो आर्जन गर्ने वा पाउने अंशियारको निजी ठहरी आफूखुसी गर्न पाउँछ । बन्डा गर्न कर लाग्दैन ।..." भनी कानूनी व्यवस्था रहेको पाइन्छ । उपरोक्त कानूनी व्यवस्था तथा बकसपत्रमा उल्लिखित व्यहोरासमेतको आधारमा प्रतिवादी चन्द्रकला गौडेलको नाममा दर्ता रहेको कि.नं. ३८२२ को जग्गा निजको निजी आर्जनको देखिएकोले त्यसमा वादी गीता राना गुरूङले अंश पाउने नदेखिने ।

प्रतिवादी चन्द्रकला गौडेलको नाम दर्तामा रहेको उक्त जग्गामा भुइँ तलाको घर निर्माण भएको देखिन्छ । प्रतिवादीले २०४५ सालमा घर बनाउन सुरू गरी २०५२ सालमा निर्माण सम्पन्न गरेको हो भनी जिकिर लिएको देखिएको र सो बेला निज तथा निजको श्रीमान् प्रतिवादी श्रीप्रसाद गुरूङ सगोलमा नै रहेको देखिन्छ । प्रतिवादी चन्द्रकला गौडेलले उक्त घर निजको निजी आर्जनबाट निर्माण गरेको जिकिर लिए पनि सो कुरा निजले कुनै प्रमाणबाट प्रमाणित गर्न सकेको देखिँदैन । सगोलमा बसेको बेला निर्माण भएको उक्त घरमा प्रतिवादी चन्द्रकलाको आय आर्जनको सम्पत्ति मात्र प्रयोग भएको होला भनी अनुमान गर्न मिल्दैन । प्रतिवादी चन्द्रकलाले बनाएको भनिएको उक्त घर सगोलमा हुँदा नै बनाएकोले सगोलको सम्पत्तिबाट नै बनाएको देखिन आयो र त्यसमा सगोलमा भएका सबै अंशियारहरूको बराबर अंश हक हुने हुँदा सोमा वादी गीता राना गुरूङको अंश हक लाग्ने देखिने ।

तसर्थ, माथि उल्लिखित आधार र कारणहरूबाट विवादित कि.नं. ३८२२ को क्षेत्रफल ०-७-०-० घर जग्गाबाट ४ भागको एक भाग वादीले बन्डा छुट्याई लिन पाउने गरी भएको कास्की जिल्ला अदालतको फैसला सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत, पोखराको मिति २०६८।३।१९ को फैसला मिलेको नदेखिँदा केही उल्टी भई प्रतिवादी चन्द्रकला गौडेलको नाम दर्ताको कास्की जिल्ला पोखरा उपमहानगरपालिका वडा नं. ६ को कि.नं. ३८२२ क्षेत्रफल ०-७-०-० को जग्गा निज प्रतिवादी चन्द्रकला गौडेलको निजी आर्जनको देखिएकोले सोमा बन्डा नलाग्ने तर सो जग्गामा बनेको घर निजको निजी आर्जनबाट निर्माण भएको नदेखिएकोले सो घरमा ४ भाग लगाई सोको एक भाग वादी गीता राना गुरूङले बन्डा छुट्याई लिन पाउने ठहर्ने ।

इजलास अधिकृत: रामु शर्मा

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७३ साल असार २२ गते रोज ४ शुभम् ।

२

मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री मीरा खडका, ०७२-WO-०६४१, उत्प्रेषण, *पदम गड्तौला वि. पुनरावेदन अदालत, धनकुटासमेत*

२०५० सालमा अंश मुद्दाको उठान भई मिति

२०५७।१०।१८ मा पुनरावेदन अदालतबाट अन्तिम भएको फैसलाको कार्यान्वयनको सिलसिलामा विभिन्न कारण र बहानामा तामेली हुँदै आएको फैसलानुसार बन्डा गर्ने भरपुर समयावधि प्रदान भएकोमा बन्डा मुचुल्कामा लागि डोरको तारेख लिएपछि पनि यी रिट निवेदक डोरमा उपस्थित नभई गैह्रहाजिर रहेको पाइयो । अंशजस्तो नैसर्गिक हकको कार्यान्वयनका सन्दर्भमा अदालतमा मुद्दा परी अन्तिम भई आएको फैसलाको सफल कार्यान्वयनबाट मात्र न्यायको अभिष्ठ पूरा हुने र पक्षले लाभ र सन्तुष्टि पाउने हुन्छ । तहतह सुनुवाइ भई अन्तिम भएको फैसलाको कार्यान्वयनका चरणमा पनि पक्षहरूका बीच सहमति कायम गर्ने तमामौं अवसर सिर्जना भएकोमा सोको बेवास्ता र दुरूपयोग गरी कानूनका छिद्रहरू पहिल्याउँदै कार्यान्वयनमा बाधा व्यवधान खडा गर्ने कार्यालाई निरूत्साहित गर्नैपर्ने हुन्छ । बन्डा मुचुल्काका लागि डोरको तारेख लिई गएकोमा यी रिट निवेदक डोरसमक्ष अनुपस्थित रही दायित्वबाट पन्छिने तर विभिन्न विवाद खडा गरी फैसला कार्यान्वयनलाई प्रभावित गर्न खोजेको प्रस्ट देखिने ।

रिट क्षेत्राधिकारबाट किर्ते जालसाजको निर्णय निरूपण हुने प्रचलन र कानून नै छैन । किर्तेका विषयमा मुलकी ऐनअनुसार उजुर गर्नु पर्नेमा असाधारण अधिकार क्षेत्रजस्तो अदालतको विशिष्ट क्षेत्राधिकारमा प्रवेश गरी सोको न्याय निरूपण गर्न खोजेको पाइयो । उत्प्रेषणको रिट गैरकानूनी र क्षेत्राधिकारविहीन निर्णय बदर गरी आघात परेको हक प्रचलनका लागि जारी हुने विशिष्ट प्रकारको रिट हो । यसप्रकार फैसला अन्तिमतताको सिद्धान्त र रिटको सार्वभौम र प्रचलित सिद्धान्तविपरीत अदालतबाट तहतह फैसला भई अन्तिम भएको फैसला कार्यान्वयनलाई प्रभावित गर्ने गरी दायर हुन आएको प्रस्तुत रिट निवेदन जारी हुनसक्ने नहुँदा खारेज हुने ।

इजलास अधिकृत: इन्द्रबहादुर कठायत

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल कात्तिक २५ गते रोज ५ शुभम् ।

३

मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री मीरा खड्का, ०७०-CI-०५७३, ०७२-CI-०२६८, निर्णय दर्ता बदर दर्ता हक कायमसमेत, *पञ्चलाल महर्जनसमेत वि. प्रेमबज्रमुनि मान बज्राचार्यसमेत र राजेन्द्रकुमार महर्जन वि. प्रेमबज्रमुनि मान बज्राचार्यसमेत*

सुरू अदालतले विवादित प्रश्नहरूको निरूपण गरी निर्णयमा पुग्नु पर्ने देखिइसकेको अवस्था विद्यमान छ । न्याय प्रशासन ऐन, २०४८ को दफा १४(घ) मा पुनरावेदन सुन्ने अदालतको अधिकारअन्तर्गत तल्लो अदालत, निकाय वा अधिकारीले मुद्दामा निर्णय गर्नु पर्ने प्रश्नहरू मध्ये केहीमा निर्णय गरी र केहीमा निर्णय नगरी फैसला गरेको रहेछ भने बाकी प्रश्नको समेत निर्णय गरी किनारा गर्न भनी मिसिल तल्लो अदालत, निकाय वा अधिकारी कहाँ पठाउन सक्ने व्यवस्था भएको सन्दर्भमा मुद्दामा विवादित कुनै प्रश्नको पनि सुरूले निराकरण नगरी वादी दाबी खारेज गरेको अवस्थामा पनि पुनः इन्साफको लागि सुरू अदालतमा पठाउन सक्ने नै हुन्छ । तसर्थ बुझ्नु पर्ने प्रमाण आफैँ बुझी पुनरावेदन अदालतले आफैँले निर्णय गर्नुपर्नेमा सुरू अदालतमा पुनः फैसलाका लागि पठाएको कानूनसम्मत नभएको भन्ने पुनरावेदन जिकिरसमेत पुग्न नसक्ने ।

गुठी संस्थान तहसिल शाखा कार्यालय, कालमोचन, काठमाडौंको निर्णयउपर गुठी संस्थान ऐन, २०३९ दफा ३९ (२) बमोजिम पुनरावेदन अदालतसमक्ष पुनरावेदन लाग्ने कानूनी व्यवस्था नभएकोले पुनरावेदन लाग्ने भनी फिराद दाबी खारेज गर्ने गरी सुरू काठमाडौं जिल्ला अदालतले मिति २०६८।१०।९ मा गरेको फैसला नमिलेकोले उक्त फैसला बदर गरी जो जे बुझ्नु पर्ने हो बुझी उल्लिखित संवत् २०६९ सालको स.फौ.नं. २७९१ को सरकारी छाप दस्तखत किर्ते र नागरिकता किर्ते मुद्दालाई दृष्टिगत गरी मिसिल पुनः फैसलाका लागि सुरू काठमाडौं जिल्ला अदालतमा पठाई दिने ठहऱ्याई पुनरावेदन अदालत, पाटनबाट मिति २०७०।२।२ मा

भएको फैसला मिलेकै देखिँदा सदर हुने।
इजलास अधिकृत: यदुराज शर्मा
कम्प्युटर: सुदर्शनप्रसाद आचार्य
इति संवत् २०७३ साल साउन २३ गते रोज १ शुभम्।
यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७२-CI-०२६९, निर्णय दर्ता बदर दर्ता कायमसमेत, *राजेन्द्रकुमार महर्जन वि. प्रेमबज्रमुनि मान बज्राचार्यसमेत*
- ०७२-CI-०२७०, लिखत बदर दर्ता कायमसमेत, *राजेन्द्रकुमार महर्जन वि. प्रेमबज्रमुनि मान बज्राचार्यसमेत*
- ०७२-CR-०१९८, जालसाजी, *राजेन्द्रकुमार महर्जन वि. प्रेमबज्रमुनि मान बज्राचार्यसमेत*

४

मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री हरिकृष्ण कार्की, ०७२-WO-०६८८, उत्प्रेषण / परमादेश, *जनीकुमार राई वि. नेपाल सरकारसमेत*

मालपोत ऐन, २०३४ को दफा ७(२) को व्यवस्थाबमोजिम जग्गा नाप जाँच ऐन, २०१९ बमोजिम नाप नक्सा भएको कुनै जग्गा दर्ता गर्नसम्म छुट भएकोमा उक्त जग्गा साबिक दर्ता तिरो भोगसमेतको आवश्यक छानबिन गरी तोकिएबमोजिम समितिको सिफारिसमा तोकिएको प्रक्रिया अपनाई मालपोत कार्यालयले त्यस्तो जग्गा दर्ता गर्न पर्नेमा सो विपरीत मालपोत कार्यालयका प्रमुखले उक्त छुट भएको दर्ता जग्गा यी निवेदकको नाममा दर्ता हुने नहुने सम्बन्धमा कुनै छानबिन नगरी निवेदकको निवेदन दर्ता नगरी उक्त जग्गाको साबिकदेखि हक भोग भएका निवेदकलाई कुनै जानकारी नदिई उक्त जग्गालाई सरकारी वन क्षेत्र कायम गरी जग्गा दर्ता गर्ने निर्णय गरेबाट निवेदकको सुनुवाइको हक तथा सम्पत्तिसम्बन्धी हकको हनन् हुन गएको देखिने।

कुनै पनि व्यक्तिको हक, हित र स्वार्थ सन्निहित रहेको विषयमा निर्णय गर्दा त्यस्तो हक हित र स्वार्थ सन्निहित भएको व्यक्तिलाई समेत बुझी निर्णय गर्नुपर्दछ भन्ने प्राकृतिक न्यायको सर्वमान्य सिद्धान्त रहेको छ। मिति २०५२।४।९ मा जग्गा नापजाँच ऐन, २०१९ को दफा ११ख बमोजिमको समितिले निर्णय गर्दा मालपोत ऐन, २०३४ को दफा ७(२) को व्यवस्थाबमोजिम आवश्यक कानूनी प्रक्रिया पूरा गरेको पनि देखिएन। यसरी उक्त जग्गामा हकभोग भएका निवेदकलाई बुझ्दै नबुझी तथा निवेदकको निवेदन दर्ता नगरी तथा दर्ता छुट भएको उक्त जग्गाको कुनै छानबिन नगरी मालपोत कार्यालयले मिति २०५२।४।९ मा गरेको निर्णय कानूनसम्मत मान्न मिल्ने नदेखिने।

छुट भएको जग्गा दर्ता गरी पाउन मालपोत कार्यालयमा जाँदा निवेदकको निवेदन हेर्दै नहेरी उक्त जग्गा सरकारी वनमा दर्ता गर्ने भनी समितिबाट मिति २०५२।४।९ मा भएको निर्णय प्राकृतिक न्यायको सिद्धान्त प्रतिकूल रहको देखिँदा उक्त निर्णय उत्प्रेषणको आदेशले बदर हुने।

माथि उल्लिखित आधार र कारणसमेतबाट यसमा छुट जग्गा दर्ता सम्बन्धमा निवेदकको निवेदन लिन इन्कार गरेको र दरपीठसमेत नगरेको भन्ने देखिएकोले विवादको कि.नं. ५४९ र ५५१ को जग्गासम्बन्धमा निवेदकले छुट जग्गा दर्ता गरिपाउँ भनी निवेदन दर्ता गर्न ल्याएमा दरखास्त दर्ता गरी निवेदकको नाममा जग्गा दर्ता हुने नहुने सम्बन्धमा निवेदकको प्रमाणहरूको विवेचना गरी निर्णय गर्नु भनी विपक्षी मालपोत कार्यालय, संखुवासभा खाँदबारीको नाममा परमादेशको आदेश जारी हुने।
इजलास अधिकृत: मनकुमारी जि.एम.वि.क.
कम्प्युटर: सुदर्शनप्रसाद आचार्य
इति संवत् २०७३ भदौ १५ गते रोज ४ शुभम्।

इजलास नं. ८

१

मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री हरिकृष्ण कार्की, ०६९-CR-०९५८, कर्तव्य ज्यान,

मिनबहादुर कुँवर वि. नेपाल सरकार

मृतक र प्रतिवादीबीच विगतको चोरीको विषयमा झगडा भई कालीगण्डकी खोलाको बगर गई आपसमा भिडन्त गर्दा प्रतिवादीले मृतकलाई ढुङ्गाले हानी बेहोस बनाई नदीमा फालेकोले मृतकको मृत्यु भएको भन्ने कुरा किटानी जाहेरी दरखास्त, शव परीक्षण प्रतिवेदन, लासजाँच मुचुल्का, घटनास्थल मुचुल्का, बरामदी मुचुल्का, मौकाको र अदालतको बयान तथा घटना विवरण र बकपत्र गर्ने व्यक्तिहरूको भनाइको आधारबाट समेत पुष्टि हुन आएको छ। अतः अभियोग दाबीबमोजिम मृतक यमबहादुर कुँवरलाई प्रतिवादी मिनबहादुर कुँवरले ढुङ्गाले हानी बेहोस बनाई कालीगण्डकी नदीमा फाली मारेको हुँदा मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. विपरीतको कसुरमा सोही महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय गर्ने गरेको पुनरावेदन अदालत, बुटवलको मिति २०६७।१०।९ को फैसला मिलेकै देखिँदा सदर हुने।

प्रतिवादीले मृतकलाई मार्न पूर्वतैयारी गरी षडयन्त्र गरी योजना साथ कालीगण्डकी किनारा गएको देखिँदैन। मार्नुपर्ने पूर्व रिसइवी केही देखिँदैन। मृतकले नै प्रतिवादीलाई रक्सी खुवाई लड्न जाउँ भनी जबरजस्ती खोलाको किनारमा लगी विगतको चोरीको विषयमा झगडा झिकी मृतकले नै प्रतिवादीलाई घाटी अठ्याउँदा निजको पञ्जाबाट फुत्की प्रतिवादीले मृतकलाई ढुङ्गाले हान्दा बेहोस भएको र होसमा ल्याउन पानीमा भिजाएकोमा मृतक खोलामा खसी मृतकको मृत्यु भएको देखिएकोले प्रतिवादी मिनबहादुर कुँवरलाई ऐनबमोजिम हुने हदैसम्मको सजाय गर्दा चर्को पर्न जाने देखिएकोले मुलुकी ऐन, अदालती बन्दोबस्तको १८८ नं. बमोजिम प्रतिवादी मिनबहादुर कुँवरलाई १०(दश) वर्ष कैद हुने।

इजलास अधिकृत: मनकुमारी जि.एम.वि.क.

इति संवत् २०७३ साल मङ्सिर ८ गते रोज ४ शुभम्।

२

मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री प्रकाशमान सिंह राउत, ०७०-CR-०३७८ र ०७०-CR-००१९, कर्तव्य ज्यान, *हिरालाल तामाङ वि. नेपाल सरकार, नेपाल सरकार वि. कारसाङ तामाङ*

आरोपित कसुरमा साबिती भई दुवै प्रतिवादीहरूले मौकामा र अदालतमा समेत बयान गरेको छन् । पेस भएको सबुत प्रमाणलगायत वादी पक्षले उपस्थित गराएको साक्षीहरूले गरेको बकपत्रबाट निजहरूले गरेको साबिती बयान समर्थित भएको देखिन्छ। यी प्रतिवादीहरूले आफ्नो साक्षी उपस्थित गराई बकपत्र गरेको अवस्थासमेत नदेखिँदा पुनरावेदन अदालतबाट मिति २०६९।११।२२ मा भएको फैसला मनासिब देखिँदा अन्यथा भन्न सकिएन । सो हुँदा प्रतिवादी कारसाङ तामाङको हकमा साधकसमेत सदर हुने।

चोरी गर्ने जस्तो अवैध कार्य पूरा गर्न लठ्ठीले प्रहार गरेको टाउको जस्तो संवेदनशील अङ्गमा दुवै मिली प्रहार गरेकोलाई मार्ने मनसाय नरहेको भन्न मिल्दैन । यसमा परिणामको जानकारी रहने अवस्था प्रतिवादीमा थिएन भनेर भन्न पनि सकिँदैन । त्यस्तै अवैध उद्देश्य पूरा गर्न अवैध बाटो नै प्रयोग गरेको देखिएको प्रस्तुत अवस्थालाई कुनै कार्य सावधानी अपनाई गर्दा गर्दै अप्रत्यासितरूपमा मात्र मानिस मर्न गएको भनेर पनि भन्न सकिँदैन । तसर्थ, भवितव्यमा सजाय गरिपाउँ भनी लिएको पुनरावेदक / प्रतिवादी हिरालाल तामाङको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

दुवै जना प्रतिवादीहरूको उमेर वारदात हुँदाको अवस्थामा १७ र १८ वर्ष मात्र रहेको देखिन्छ । यस्तो कम उमेरका मानिस एक-आपसमा लहैलहैमा लागी चोरी गर्न गएको देखिन्छ । यी प्रतिवादीहरूमा मृतकहरूलाई मार्नुपर्ने पूर्वमनसाय भई मार्ने कुनै योजना बनाई गएको भन्ने मिसिलबाट देखिँदैन । दुवै प्रतिवादीहरूले अनुसन्धान तथा अदालतमा आरोपित कसुरमा साबित भई बयान गरी न्यायिक प्रक्रियालाई सहयोग गरेको पाइन्छ। त्यस्तै यी प्रतिवादीहरूले आफ्नो बयान र इजलाससमक्ष छलफल हुँदा घटना हुन गएकोमा पश्चातापको भावनासमेत व्यक्त

गरेको पाइन्छ। तसर्थ, यी प्रतिवादीहरूलाई ऐनअनुसार सजाय गर्दा चर्को पर्न जाने र फरकफरक परिस्थितिका कसुरदारप्रति एउटै कसुरमा पनि फरक व्यवहार गर्नुपर्ने भन्ने दण्डको सिद्धान्तसमेतको प्रतिकूल हुन जाने हुँदा यी प्रतिवादीलाई मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १० (दश) वर्ष कैद मात्र सजाय हुन न्यायोचित हुने।

अतः विवेचित आधार, प्रमाण र कारणबाट यी प्रतिवादीहरूले आरोपित कसुर गरेको देखिँदा निज प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद सजाय हुने ठहर्‍याई सुरू सिन्धुपाल्चोक जिल्ला अदालतबाट मिति २०६८।०९।२६ मा भएको फैसला सदर हुने ठहर्‍याई पुनरावेदन अदालत, पाटनबाट मिति २०६९।११।२२ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । सो ठहरे पनि पुनरावेदक / प्रतिवादीहरू हिरालाल तामाङ र कारसाङ तामाङलाई ऐनअनुसार सर्वस्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्ने देखिएकोले मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम निज प्रतिवादीहरूलाई १० (दश) वर्ष कैद सजाय हुने।

इजलास अधिकृत: लोकबहादुर हमाल

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७३ साल कात्तिक १८ गते रोज ५ शुभम्।

इजलास नं. ९

१

मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री सपना प्रधान मल्ल, ०६६-CR-०४४२, झुट्ठा प्रमाणपत्र पेस गरी भ्रष्टाचार गरेको, *नेपाल सरकार वि. बालकृष्ण थापा*

प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९।३।५ मा जारी भएको र सो ऐन, जारी भएपश्चात् प्रतिवादीउपरको अभियोगमा अनुसन्धान र अभियोजन कार्य भएको हुँदा प्रतिवादीले विवादास्पद शैक्षिक योग्यताको प्रमाणपत्र पेस गरेको आधारमा तत्काल प्रचलित कानून (ऐन) लागू गरी कसुर स्थापित हुने गरी अनुसन्धान प्रारम्भ भएको भनिएको मितिबाट हदम्याद सुरू गरी खारेज भइसकेको भ्रष्टाचार निवारण ऐन, २०१७ को आधारमा हदम्याद कायम गरी तथ्यमा प्रवेश नै नगरी अभियोगपत्र खारेज हुने गरी सुरू विशेष अदालतले गरेको फैसला मिलेको नदेखिने।

तसर्थ भ्रष्टाचार निवारण ऐन, २०१७ बहाल रहेको बखतको कसुर र उजुरी सम्बन्धमा सोही ऐनको हदम्याद आकर्षित हुने हुँदा २०६१।४।१५ मा अनुसन्धान अधिकृत तोकिएपछि तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २५क को हदम्याद अर्थात् अनुसन्धान प्रारम्भ भएको मितिले २ वर्षभित्र अदालतमा मुद्दा दर्ता भइसक्नु पर्नेमा सो दुई वर्ष हदम्याद नघाई प्रस्तुत मुद्दा २०६३।४।३० मा दायर भएको देखिँदा तथ्यभित्र प्रवेश गरी इन्साफ गरिरहन पर्ने अवस्था नरहेकोले प्रतिवादी बालकृष्ण थापाले नक्कली प्रमाणपत्र पेस गरी सेवा प्रवेश गरेको भन्ने आरोपदाबी (अभियोग) खारेज हुने ठहर्‍याई विशेष अदालत, काठमाडौंबाट मिति २०६६।७।१९ मा भएको फैसला मिलेको नदेखिँदा बदर गरिदिएको छ । अब कानूनबमोजिम जो जे बुझ्नु पर्ने प्रमाण बुझी पुनः फैसला गर्नु भनी विशेष अदालत, काठमाडौंमा सुरू प्रमाणसहितका मिसिल पठाइ दिने।

इजलास अधिकृत: नगेन्द्रकेशरी पोखरेल

कम्प्युटर: यामप्रसाद रेग्मी

इति संवत् २०७३ साल पुस १२ गते रोज ३ शुभम्।

२

मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री सपना प्रधान मल्ल, ०७२-CR-००७०, झुट्ठा नक्कली अध्यापन अनुमतिपत्र पेस गरी भ्रष्टाचार गरेको, *सन्तराम यादव वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादीले आफूले प्राप्त गरेको प्रमाण पत्रबारे लेखिएको व्यहोरालाई सत्य साँचो हो भनी जिकिर लिए तापनि उक्त अध्यापन अनुमतिपत्र जारी गर्ने निकायबाटै निजको अनुमति पत्र क्रमाङ्क र मितिमा मा.वि.को अर्कै व्यक्तिको अध्यापन अनुमति पत्र जारी भएको भन्ने अभिलेखको प्रमाणित छाँयाप्रतिसहित प्राप्त भएको र उक्त व्यहोरालाई यी

प्रतिवादीले अन्यथा हो भनी प्रमाणित गर्न नसकेको भनी आधिकारिक निकायबाट लेखी आएको कुरालाई अन्यथा प्रमाणित नभएसम्म प्रमाणमा लिनुपर्ने हुन्छ। भनी सुरू विशेष अदालत, काठमाडौंले कसुरदार ठहर्‍याएको कुरालाई अन्यथा मान्न पर्ने नदेखिने।

तसर्थ माथि विवेचित कानूनी व्यवस्था, आधार र प्रमाणबाट प्रतिवादीले आफूले अस्थायी शिक्षकको रूपमा सेवा प्रवेश गर्न चाहिने अस्थायी अध्यापन अनुमतिपत्र प्रक्रियागतरूपमा प्राप्त गरेको नदेखिएको र नियुक्ति हुन पेस गरेको प्रमाणपत्र नक्कली एवम् झुट्ठा देखिएको अवस्थामा निजलाई प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) को कसुर गरेको ठहर्‍याई निज प्रतिवादी सन्तराम यादवलाई सोही ऐनको दफा १६(१) बमोजिम ६ महिना कैद र रू.१०,०००।– (दश हजार) जरिवाना हुने ठहर्‍याई विशेष अदालत, काठमाडौंबाट मिति २०७१।७।२८ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: नगेन्द्रकेशरी पोखरेल

कम्प्युटर: यामप्रसाद रेग्मी

इति संवत् २०७३ साल पुस १२ गते रोज ३ शुभम्।

३

मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री सपना प्रधान मल्ल, ०७१-CR-०१३४ र ०७१-CR-११३१, कर्तव्य ज्यान, *दिपेन्द्र के.सी. (खत्री), वि. नेपाल सरकार र नेपाल सरकार वि. दिपेन्द्र के.सी. (खत्री)*

मृतकले झारफुक गर्न आनाकानी गरेकै कारण रिस उठी ढुंगाले टाउकोमा ५/६ पटक हिर्काई रगताम्य पारी कर्तव्य गरी मारेको हो भनी गरेको स्वीकार गरिरहेको देखिनुका साथै घटना हुँदाको अवस्थामा निज प्रतिवादीको मानसिक सन्तुलन पूर्णरूपमा बिग्रिएको भन्ने कहीँकतै कुनै ठोस प्रमाण मिसिल संलग्न रहेको नदेखिँदा निजले गरेको कार्यको प्रकृति र परिणामको बारे थाहा नपाउने गरी मगज बिग्रेको मानसिक रोगी भएको जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादी दिपेन्द्र के.सी. (खत्री) ले तत्काल उठेको रिस थाम्न नसकी मृतकलाई ढुङ्गाले टाउकोमा प्रहार गरेको वारदातको अवस्था र परिस्थितिलाई हेर्दा उक्त वारदात ज्यानसम्बन्धीको महलको १४ नं. अनुसारको देखिँदा वादी नेपाल सरकारको उक्त वारदातलाई ऐ. ऐनको १३(३) अन्तर्गतको कसुर अपराध कायम गरी प्रतिवादीलाई सोही ऐनअन्तर्गत सजायको माग गरेको जिकिरसँग सहमत हुन सक्ने अवस्था नदेखिने।

अतः माथि विवेचित तथ्य, आधार र प्रमाणहरू समेतबाट प्रतिवादी दिपेन्द्र के.सी. (खत्री) ले उक्त घटना घटाउँदा आफूले गरेको कार्यको प्रकृति र परिणाम थाहा नपाउने गरी मानसिक सन्तुलन गुमाएको भन्ने ठोस प्रमाण नदेखिएको तथा उपचारको क्रममा तत्काल उठेको रिस र आवेगलाई रोक्न नसकी ढुंगाले प्रहार गर्दा सोही चोटको कारणबाट मृतक चतुरराज गिरीको मृत्यु भएको देखिँदा निज प्रतिवादी दिपेन्द्र के.सी. (खत्री) लाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं. बमोजिम १० (दश) वर्ष कैद सजाय हुने ठहर्‍याएको सुरू सिन्धुली जिल्ला अदालतको मिति २०६९।२।१२ को फैसलालाई सदर गरेको पुनरावेदन अदालत, जनकपुरको मिति २०७०।९।२४ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः गीता श्रेष्ठ

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७३ कात्तिक ११ गते रोज ५ शुभम्।

इजलास नं. १०

१

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री केदारप्रसाद चालिसे, ०६८-CR-१२८८, कर्तव्य ज्यान, *होमाराम राई वि. नेपाल सरकार*

प्रतिवादीको प्रहरी र अदालतमा गरेको इन्कारी बयान, तीन छोरा भएकी श्रीमतीलाई मार्नुपर्नेसम्मको

कारण नदेखिएको र मृतकलाई प्रतिवादीले कर्तव्य गरेको भन्न सकिने विवादरहित प्रमाण नभएको, मृतकको लासजाँच परीक्षण प्रतिवेदनसमेतबाट मृतकको मृत्यु कर्तव्यबाट भएको कुरा प्रमाणित हुन नसकेको अवस्थामा निज प्रतिवादीले अभियोग दाबीबमोजिमको कसुर गरेका हुन् भन्न सकिने अवस्था रहेन। यसर्थ सुरू भोजपुर जिल्ला अदालतले पुनरावेदक प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. अन्तर्गत सर्वस्वसहित जन्मकैद गर्ने गरेको फैसला सदर गरेको पुनरावेदन अदालतबाट भएको फैसला मिलेको नदेखिने।

अतः माथि विवेचित तथ्य, प्रमाण, कानूनसमेतबाट प्रतिवादी होमाराम राईलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने गरी सुरू भोजपुर जिल्ला अदालतबाट भएको मिति २०६८।३।२७ को फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत, धनकुटाबाट भएको मिति २०६८।९।२७ को फैसला उल्टी भई प्रतिवादी होमाराम राईले अभियोग दाबीबाट सफाइ पाउने।

इजलास अधिकृतः यज्ञप्रसाद भट्टराई

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७३ साल पुस ४ गते रोज २ शुभम्।

२

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री ईश्वप्रसाद खतिवडा, ०७१-CI-०४०५, अंश दा.खा. चलन, *सुकमाया तामाङ वि. शिवमाया तामाङ*

प्रत्यर्थी वादीका पति करिब १४ वर्ष अगाडिदेखि बेपत्ता भएको तथ्य स्थापित भइरहेको अवस्थामा प्रमाण ऐन, २०३१ को दफा ३२ र मुलुकी ऐन, अंशबन्डाको ५ नं. को कानूनी व्यवस्था मुताविक प्रत्यर्थी वादीका पतिले पाउने अंश निजको एकमात्र स्वास्नी यी प्रत्यर्थी वादीले पाउने नै अवस्था देखिन्छ। वादीका पति जीवित छन् भन्ने तथ्य यी पुनरावेदक प्रतिवादीहरूले पुष्टि गर्न नसकी प्रमाण ऐन, २०३१ को दफा ३२ आर्कषित भइरहेको सन्दर्भमा पतिको सम्पूर्ण सम्पत्ति दाबी गर्न पाउने होइनन् र उक्त अंशबापत पाउने सम्पत्ति बेचबिखन गरी हिनामिना गर्ने बदनियतले फिराद दिएको भनी कपोकल्पितरूपमा यी पुनरावेदक प्रतिवादीहरूले लिएको जिकिर कानून एवम् न्यायसम्मत देखिएन। अंश पाउने जस्तो नैसर्गिक अधिकारलाई कोही कसैले कुनै पनि बहानामा चुनौती दिन सक्दैन। वादी प्रतिवादीहरू एकासगोलका अंशियार रहेको, प्रत्यर्थी वादीका पति १४ वर्ष अगाडिदेखि बेपत्ता भएको तथ्य स्थापित भइरहेको पुनरावेदक प्रतिवादीहरूले खाउन लाउन नदिएको अवस्थामा आफ्नो पतिको अंश भागमा पर्ने अंश सगोलका अंशियारबाट छुट्याई लिन पाउने यी प्रत्यर्थी वादीको नैसर्गिक अधिकार रहेको देखिने।

आफ्नो पति बेपत्ता भएको र घरमा एकमात्र छोरी लिएर बस्दै आएकी यी प्रत्यर्थी वादीलाई यी पुनरावेदक प्रतिवादीहरूले आफ्नै विवेकको प्रयोग गरी निजको पतिको अंश भागमा पर्ने अंश छुट्याई दिनुपर्नेमा सो नगरी यी प्रत्यर्थी वादी आफैँ कानूनको सहारा लिएर अदालतमा प्रवेश गरेको अवस्थामा यी पुनरावेदक प्रतिवादीहरूले प्रत्यर्थी वादीलाई निरअंशी बनाउने नियतले वस्तुनिष्ठ प्रमाण बिना लिइएको जिकिरसँग सहमत हुन सकिएन। यसरी आफ्नो पतिको अंशभाग पतिका सगोलका अंशियारबाट प्रत्यर्थी वादीले छुट्याई लिन पाउने नै देखिँदा वादीको अ.बं. ८३ नं. बमोजिम अनुमति लिई फिराद गर्नुपर्ने भनी फिराद दाबी खारेज गर्ने गरी सुरू तेह्रथुम जिल्ला अदालतबाट भएको फैसलालाई उल्टी गरी प्रत्यर्थी वादी दाबीबमोजिम पुनरावेदक प्रतिवादीहरूबाट आफ्नो पतिको अंश भाग छुट्याई लिन पाउने ठहऱ्याएको पुनरावेदन अदालत, धनकुटाको फैसला मनासिब नै देखिने।

अतः उल्लिखित आधार प्रमाणहरूबाट प्रत्यर्थी वादीले पुनरावेदक प्रतिवादीहरूबाट ६ भागको १ भाग आफ्नो पतिको अंश छुट्याई लिन पाउने देखिएकाले वादीको फिराद दाबी खारेज गरेको सुरू तेह्रथुम जिल्ला अदालतको फैसलालाई उल्टी गरी प्रत्यर्थी वादीले आफ्नो पतिको अंश पाउने ठहऱ्याएको

पुनरावेदन अदालत, बुटवलको मिति २०७०।१०।१३ को फैसला मिलेकै देखिँदा सदर हुने।
इजलास अधिकृतः उदविर नेपाली
कम्युटर: सबिना अधिकारी
इति संवत् २०७३ साल असोज १४ गते रोज ६ शुभम्।

३

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री अनिलकुमार सिन्हा, ०६५-CI-०७७९, हक कायम दर्ता गरी खिचोला मेटाइ पाउँ, *हरिचरण श्रेष्ठसमेत वि. चन्द्रकुमारी कार्की*

वादीहरू नयाँ नापी भएको पनि करिब १४ वर्षपछि मात्र मिति २०६३।३।१४ मा आएर प्रस्तुत हक कायम दर्ता गरी खिचोला मेटाइ पाउँ भनी फिराद दायर गरेको अवस्था देखिन आयो। वादीको जग्गाको साँधमा सीमा जोडिएर बसेका यी प्रतिवादीले लामो समयदेखि आफ्नो घरजग्गामा पर्खाल लगाई घेरेको अवस्थामा वादीहरूले दाबी लिएबमोजिम कि.नं. ५१० को जग्गा प्रतिवादीले कि नं. ४१० र ४१५ को आफ्नो जग्गामा घुसाई पर्खाल लगाएको भए समयमा नै वादीले सोको प्रतिरक्षा गर्नुपर्ने हुन्थ्यो। समयमा आफ्नो हक कायम गराउन आउनेलाई अदालतको द्वार खुला रहेको हुन्छ। तर आफ्नो हक अधिकारमा असर पर्दा पनि चुपलागेर बसी हदम्यादभित्र अदालतमा प्रवेश नगर्नेलाई अदालतले समेत सहयोग गर्न सक्दैन। अदालतले निर्णय गर्दा नियम कानूनभित्र रहेर गर्नुपर्ने भएकोले तोकिएको हदम्याद नघाई आउनेको हकमा मुद्दाको तथ्यभित्र अदालत प्रवेश गर्न नसक्ने।

जग्गामा पर्खाल लगाई घेरिएको जग्गा नयाँ नापीअनुसार हाल साबिक गर्न आएको अवस्थामा हदम्याद नघाई यी वादीले आफ्नो कि.नं. ५१० को जग्गा प्रतिवादीले मिची हाल कि.नं. ७६ को आफ्नो जग्गामा घुसाएको भनी हक कायमदर्ता गरी खिचोला मेटाई पाउँ भनी फिराद दायर गर्नुलाई कानूनसङ्गत मान्न सकिएन। तसर्थ हदम्यादको अभावमा जग्गासमेतको वादी दाबी पनि खारेज गर्नुपर्नेमा कि.नं. ५१० को क्षे.फ. ०-१-१-३ जग्गा पुनरावेदक प्रतिवादीले खिचोला गरेको ठहऱ्याएको हदसम्म सुरू फैसला केही उल्टी हुने ठहर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६५।१०।२७ को फैसला मिलेकै देखिँदा सदर हुने।
इजलास अधिकृत: सन्देश श्रेष्ठ
कम्प्युटर: यामप्रसाद रेग्मी
इति संवत् २०७३ साल भदौ १४ गते रोज ३ शुभम्।

- यसै लगाउको ०६५-CI-०७८०, हक कायम, *हरिचरण श्रेष्ठ वि. चन्द्रकुमारी कार्की* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

४

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत, ०६९-CR-१०३८, ०६९-CR-०८४५, अपहरणपछि कर्तव्य ज्यान, *डिपलभ सेन वली वि. नेपाल सरकार र नेपाल सरकार वि. रामबहादुर वलीसमेत*

विद्यालय गएको कक्षा १ मा अध्ययन गर्ने वर्ष १० को नाबालकलाई घरमा आमा बिरामी भएको भनी विद्यालयलाई समेत झुक्यानमा पारी नाटकीय शैलीमा अपहरण गरी निर्मम तरिकाबाट कर्तव्य गरी मारी जघन्य अपराध प्रतिवादीले गरेको देखिन्छ। अ.बं. १८८ नं. बमोजिम घटी सजाय गर्नका लागि अपराध गरेको अवस्था विचार गर्दा कसुरदारलाई ऐनबमोजिमको सजाय दिँदा चर्को पर्न जाने अवस्था विद्यमान हुनुपर्छ। जुनसुकै अवस्थामा पनि अ.बं. १८८ को प्रयोग गरी सजाय घटाउने उक्त नं. को मनसाय होइन। नाबालकलाई अपहरण गरी क्रूर र अमानवीय तरिकाबाट हत्या गरिएको यस किसिमको अपराधमा समेत सजाय घटाउँदा कानूनको उद्देश्य पूरा हुँदैन भने यस प्रकारका अपराधीको अपराध गर्नमा झन् मनोबल बढ्न जाने हुन्छ। अनुसन्धान र अदालतमा कसुरमा साबित भई न्यायिक प्रक्रियामा सहयोग गरेको भन्दैमा सबै अवस्थामा सोही आधारबाट मात्र सजाय घटाउन नमिल्ने।

हत्यामा प्रतिवादीहरू रामबहादुर सेन वली र

बलभद्र सेन वलीको प्रत्यक्ष संलग्नता रहेको कुरा सह अभियुक्त डिपलभ सेन वलीले समेत पोल नगरेको र निजहरू उपरको कसुर अन्य प्रमाणहरूबाट समेत पुष्टि हुन सकेको देखिँदैन। प्रतिवादीहरू उपरको कसुर प्रमाणित गर्ने भार प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम वादी पक्षको हुन्छ । शङ्का र अनुमानका आधारमा मात्र कसुरदार ठहर्‍याउनु फौजदारी न्यायको सिद्धान्तको प्रतिकूल हुन्छ । अपराध गर्ने डिपलभ सेनवलीका बाबु र भाइ नाताका व्यक्ति भएको मात्र कारणले निजहरू कसुरदार हुन् भनी अनुमान गर्न नमिल्ने।

अतः माथि विवेचित तथ्य प्रमाणका आधारमा प्रतिवादी डिपलभ सेन वलीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर्‍याई मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको १२ नं. बमोजिम निजको सर्वस्व हुने सम्पत्तिबाट मृतकका हकवालालाई रू.५०,०००।- क्षतिपूर्तिसमेत भराई दिनुपर्ने ठहर्‍याएको हदसम्म सुरू सदर गरेको र प्रतिवादी रामबहादुर वली र बलभद्र सेन वलीको आपराधिक कार्यमा संलग्नता नदेखिएको हुँदा निजहरूको हकमा मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १७(३) नं. बमोजिम डेढ वर्ष कैद हुने ठहर्‍याएको सुरूको फैसला केही उल्टी भई प्रतिवादी रामबहादुर वली र बलभद्र सेन वलीले आरोपित कसुरबाट सफाइ पाउने ठहर्‍याएको पुनरावेदन अदालत, तुलसीपुरको मिति २०६९।२।१६ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: विमला पौडेल

इति संवत् २०७३ साल मङ्सिर १९ गते रोज १ शुभम्।

इजलास नं. ११

१

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री सारदाप्रसाद घिमिरे, ०७०-WO-०२६१, उत्प्रेषण, *वरूण सिं रावल वि. श्रम अदालत, अनामनगरसमेत*

श्रम ऐन, २०४८ को दफा ८८ मा उल्लेख भएको व्यवस्थालाई हेर्दा "नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको प्रतिष्ठानको कर्मचारीको सेवा सर्तको हकमा सम्बन्धित प्रतिष्ठानको सेवा सर्तसम्बन्धी नियम वा विनियममा व्यवस्था भएबमोजिम र कामदारको हकमा यसै ऐनबमोजिम हुनेछ" भन्ने व्यवस्था गरेको पाइन्छ। उल्लिखित कानूनी व्यवस्थाको अध्ययनबाट यस दफाबमोजिम श्रम ऐन आकर्षित नहुनको लागि दुईवटा अवस्था विद्यमान हुनुपर्ने देखियो। पहिलो उक्त प्रतिष्ठानमा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको हुनुपर्ने देखिन्छ भने दोस्रो सम्बन्धित व्यक्ति उक्त प्रतिष्ठानको कामदार नभई कर्मचारी हुनुपर्ने देखिन्छ। कर्मचारी भएमा सोही प्रतिष्ठानको सेवा सर्तसम्बन्धी नियम वा विनियममा व्यवस्था भएबमोजिम हुने तर कामदार भएमा मात्र श्रम ऐन आकर्षित हुने भन्ने उक्त दफाको मनसाय रहेको देखिने।

नेपाल वायु सेवा निगमका कर्मचारीहरूको सेवा, सर्तसम्बन्धी विनियमावली, २०५८ को विनियम ३६ मा प्रयुक्त भएको "आवश्यक योग्यता र अनुभव प्राप्त कर्मचारी नभएको अवस्थामा करारमा नियुक्त गर्ने" भन्ने शब्दावलीको स्वाभाविक अर्थ "कामदार" नभई "कर्मचारी" नियुक्ति गर्ने व्यवस्था रहेको बुझिन्छ। उक्त विनियमावलीको नामबाट नै सो विनियमावली निगमका कर्मचारीहरूको सेवा र सर्तसम्बन्धी आवश्यक व्यवस्था गर्नको लागि तर्जुमा गरेको देखिन्छ भने कामदार सम्बन्धमा कुनै व्यवस्था गरेको देखिँदैन। कामदारको सम्बन्धमा उक्त विनियमावलीले कुनै व्यवस्था नै गरेको नदेखिएको अवस्थामा उक्त विनियमावलीले कामदारको सम्बन्धमा कुनै परिकल्पना गरेको भन्न मिल्ने नदेखिने । त्यसैगरी विपक्षीहरू र निगमको बीचमा भएको सेवा करार तथा विपक्षीहरूलाई दिइएको नियुक्ति पत्रमा समेत निजहरू कामदार भनी उल्लेख भएको अवस्था रहेको देखिँदैन । विनियमावलीले निगमको लागि कामदारको सम्बन्धमा कुनै परिकल्पना नै नगरेको अवस्थामा सोही विनियमावलीबमोजिम

नियुक्त भएका विपक्षीहरूले आफूहरू कामदार भएको दाबी गर्दै श्रम ऐनबमोजिम स्थायी नियुक्ति पाउनुपर्छ भनी गरेको जिकिर कानूनबमोजिम रहेको नदेखिने।

निगमको विनियमावलीअन्तर्गत नियुक्ति भएका विपक्षीहरूको सम्बन्धमा श्रम ऐन, नै आकर्षित हुने अवस्था नभएकोले विपक्षीहरूले गर्ने काम श्रम ऐनको कामदारको परिभाषाभित्र पर्दछ वा पर्दैन भन्ने सम्बन्धमा विचार गरी व्याख्या गरिरहनु पर्ने अवस्था नै देखिँदैन। त्यसका अतिरिक्त वायुसेवा निगममा करार सेवामा नियुक्त कर्मचारीहरू श्रम ऐनको कामदारको परिभाषाभित्र पर्ने वा नपर्ने विषयमा करारमा नियुक्त भएका निगमका कर्मचारी सम्बन्धमा आकर्षित नै हुन नसक्ने। श्रम ऐनको साहारा लिई व्याख्या गर्ने क्षेत्राधिकार श्रम अदालतलाई भएको नदेखिने।

विपक्षीहरू निगमको करार सेवामा नियुक्त भएपश्चात् निजहरू कार्यरत रहेको पद र स्तरमा निगमबाट स्थायी पदपूर्तिका लागि विज्ञापन भएको र त्यस्ता विज्ञापनमा निजहरूलाई समेत सहभागी गराई कानूनबमोजिमको प्रक्रिया पूरा गरी स्थायी हुने अवसर प्रदान गरिएको भन्ने निवेदकको जिकिर रहेको छ। उक्त जिकिरलाई विपक्षीहरूले अन्यथा भन्न सकेको अवस्था छैन। यसरी स्थायी पदपूर्तिको लागि भएको विज्ञापनमा छनौट हुन नसकेपछि आफूहरूलाई स्थायी गरिनुपर्छ भनी अदालतमा आउने विपक्षीहरूको कार्य आफैँमा विरोधाभाषपूर्ण देखिने।

निगम नेपाल सरकारको पूर्ण स्वामित्वमा स्थापित संस्था भएको कारणले यसमा हुने पदपूर्तिको प्रक्रियामा सबै नेपालीले समान अवसर पाउनका लागि खुल्ला प्रतिष्पर्धाबाट पदपूर्ति गर्नुपर्छ। करारमा काम गरेका विपक्षीहरूलाई बिना प्रतिष्पर्धा स्थायीमा नियुक्ति गर्ने कार्य प्रचलित कानूनी व्यवस्था र सामाजिक न्यायको दृष्टिकोणबाट समेत उपयुक्त र मनासिब हुने देखिँदैन। त्यसका अतिरिक्त खुल्ला प्रतिष्पर्धा नगराई करारमा नियुक्त भएका विपक्षीहरूलाई मात्र स्थायी नियुक्ति गर्ने अधिकारसमेत निवेदक निगमलाई भएको नदेखिँदा यस्ता विपक्षीहरूलाई निगमको सेवामा स्वतः स्थायी नियुक्ति दिनु भनी विपक्षी श्रम अदालतबाट भएको निर्णय प्रचलित कानूनी व्यवस्था र सामाजिक न्यायको आधारबाट समेत त्रुटिपूर्ण रहेको देखिन आउने।

अतः विवेचित आधार र कारणसमेतबाट नेपाल वायुसेवा निगम नेपाल सरकारको पूर्ण स्वामित्वमा कानूनद्वारा स्थापित संस्था भई श्रम ऐन, २०४८ को दफा ८८ बमोजिम सो ऐनको दफा ४ को व्यवस्था निगमको करार सेवामा नियुक्त भएका विपक्षीहरूका हकमा आकर्षित हुन नसक्ने हुँदा निगमको सेवामा विपक्षीहरूलाई स्थायी नियुक्ति दिनु भनी श्रम अदालतले मिति २०७०।५।७ मा गरेको फैसला कानूनी त्रुटिपूर्ण भई मिलेको नदेखिँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने।

इजलास अधिकृत: सन्देश श्रेष्ठ

कम्प्युटर: यामप्रसाद रेग्मी

इति संवत् २०७३ साल पुस ५ गते रोज ३ शुभम्।

- यसै लगाउको ०७०-WO-०२४०, उत्प्रेषण, *वरूण सिं रावल वि. श्रम अदालत, अनामनगरसमेत*

२

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री प्रकाशमान सिंह राउत, ०७०-CR-०३९६, जबरजस्ती करणी, *बाबुराम के.सी. वि. नेपाल सरकार, नेपाल सरकार वि. बाबुराम के.सी.*

पुनरावेदक प्रतिवादीले पीडितलाई चुम्बन मात्र गरेको भन्ने अवस्था नदेखिएको, निजले पीडित नाम परिवर्तित शिवनगर "क" लाई जबरजस्ती करणी गर्ने क्रममा निजले यौन सन्तुष्टि प्राप्त नगर्दैको अवस्थामा वीर्य स्खलन भएको र पीडितको भाई सचिन गुरूङ, बहिनी विन्दु भन्ने सम्झना गुरूङ आई पुगेकोले पीडितलाई छाडी भागी गएको भन्ने मौकाको बयान व्यहोरालाई जाहेरवालाको मौकाको जाहेरी तथा अदालतसमक्षको बकपत्र, पीडितको मौकाको कागज तथा अदालतसमक्षको बकपत्र, प्रत्यक्षदर्शी साक्षीहरूको मौकाको कागज तथा अदालतसमक्षको

बकपत्र, पीडितको पेन्टीको परीक्षण प्रतिवेदनसमेतका सुरू मिसिल संलग्न प्रमाणहरूबाट पुष्टि हुन आएको देखिँदा यी पुनरावेदक प्रतिवादीले पिडित नाम परिवर्तित शिवनगर "क" लाई जबरजस्ती करणी गरेको भन्ने वारदात स्थापित हुन आउने।

पीडित नाम परिवर्तित शिवनगर "क" सुस्त मनस्थिति भएकी व्यक्ति हुन् भनी जाहेरीमा उल्लेख भएको भए तापनि निजको शारीरिक एवम् मानसिक अवस्थाको चिकित्सकीय परीक्षण भई निज सुस्त मनस्थिति भएको व्यक्ति हुन् भन्ने तथ्य स्थापित गर्ने कुनै आधार प्रमाण मिसिल संलग्न रहेको अवस्था देखिँदैन। प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम आफ्नो अभियोग दाबी पुष्टि गर्ने प्रमाणको भार वादी पक्षमा हुने भन्ने कानूनी व्यवस्था रहेकोमा वादी पक्षले पीडित नाम परिवर्तित शिवनगर "क" सुस्त मनस्थिति भएकी व्यक्ति हुन् भनी पुष्टि हुने कुनै पनि प्रमाण पेस गरेको अवस्था देखिएन। जाहेरवालाले आफ्नी छोरी पीडित सुस्त मनस्थिति भएकी व्यक्ति हुन् भनी उल्लेख गरेकै मात्र आधारले निज पीडित सुस्त मनस्थिति भएको व्यक्ति नै हुन् भनी निष्कर्षमा पुग्न मिल्ने देखिएन। तसर्थ प्रतिवादीलाई जबरजस्ती करणीको ३क. नं. बमोजिम थप सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग पनि सहमत हुन नसकिने।

अतः माथि विवेचित आधारमा प्रतिवादी बाबुराम के.सी. लाई पीडित नाम परिवर्तित शिवनगर "क" लाई जबरजस्ती करणीको उद्योगको कसुरमा जबरजस्ती करणीको ५ नं. बमोजिम दुई वर्ष छ महिना कैद सजाय हुने ठहर्‍याई सुरू चितवन जिल्ला अदालतबाट मिति २०६९।३।३१ मा भएको फैसला केही उल्टी गरी जबरजस्ती करणीको ३(५) नं. बमोजिम ५ (पाँच) वर्ष कैदको सजाय हुने र ऐ. १० नं. बमोजिम रू. ५,०००।- (पाँच हजार रूपैयाँ) क्षतिपूर्ति भराई दिने ठहर्‍याई पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०७०।२।१४ मा भएको फैसला मिलेको देखिएकाले सदर हुने।

इजलास अधिकृत: शिवलाल पाण्डेय

इति संवत् २०७३ साल चैत ७ गते रोज २ शुभम्।

३

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री सपना प्रधान मल्ल, ०७२-CI-१३२५, निर्णय बदर, *जैनुल मिया भन्ने जसनुल मिया अन्सारी वि. सकिना खातुन*

प्रतिवादीले २८ नोभेम्बर सन् १९८६ को पञ्चनामा कागजबाट नेपाल र भारतका चलअचल श्रीसम्पत्ति बन्डा भई वादीका पतिले वेलदारीका जग्गा मात्र आफ्नो भागमा रहने कुरा स्वीकार गर्नुभएको भनी उल्लेख गरेकोमा सुरू बारा जिल्ला अदालतको मिति २०७०।९।२५ का आदेशानुसार प्रतिवादीबाट मिति २०७०।१०।१५ मा उक्त २८ नोभेम्बर सन् १९८६ को पञ्चनामा कागज दाखिल भई सुरू मिसिल सामेल रहेको देखिन्छ। सो लिखतमा उल्लेख भएका कुराहरूको विषयका सम्बन्धमा आधिकारिकता जाँच गर्न सक्ने अवस्था नभएको र सो लिखतको व्यहोरामा नै पञ्चद्वारा बटवारा भनी उल्लेख भएकोले त्यस्तो लिखतलाई प्रमाणमा ग्रहण गर्ने अवस्था देखिएन। प्रतिवादीले प्रमाणमा दिएको उल्लिखित कागज भएको मितिपश्चात् २०५९ सालमा विवादित जग्गाहरूकै हैसियतमा रहेको जिना मियाँको नाउँको बेलदारी गा.वि.स. कि.नं. ९४ को ज.वि. ०-४-० को जग्गामा यी पुनरावेदक प्रतिवादी र प्रत्यर्थी वादी दुवैजना समान हकदार भएको तथ्यलाई स्वीकार गरी सो कि.नं. ९४ को जग्गा नामसारी गरी हक हस्तान्तरण गरेको देखिएको हुँदा प्रतिवादीले प्रमाणमा दिएको सन् १९८६ सालमा भएको भनिएको पञ्चनामा कागज, जिना मियाको नाउँ दर्ताको दाबीका जग्गामा वादीको हक नपुग्ने भन्ने प्रतिवादीको भनाइ प्रमाण ऐन, २०३१ को दफा ३४ ले गरेको विबन्धनसम्बन्धी कानूनी सिद्धान्तको प्रतिकूल देखिन आउने।

२०५९ सालमा वादी प्रतिवादी दुवै जनाले संयुक्त नामसारी गरी हक हस्तान्तरण गरेको जिना

मियाको नाउँमा रहेको कि.नं. ९४ को जग्गामा मात्र यी प्रत्यर्थी वादीको हक रहेको, दाबीका जग्गाहरूमा वादीको हक नभएको भन्ने तथ्य प्रतिवादीले प्रमाणित गर्न सकेको देखिएन । दाबीका जग्गाहरू वादी प्रतिवादीको पैतृक सम्पत्ति देखिएकाले त्यस्तो पैतृक सम्पत्तिमा अंशियारको समान अंशहक रहने हुँदा यी पुनरावेदक प्रतिवादीले उल्लेख गरेको नजिरसमेत प्रस्तुत मुद्दामा सान्दर्भिक नदेखिएकाले यी पुनरावेदक प्रतिवादी तथा प्रत्यर्थी वादी जग्गा दर्तावाला नाति एवम् छोरा बुहारी नाताको हकदार भएकाले निज जिना मियाँको नाउँमा दर्ता रहेको कि.नं. ३४, ३९, ४०, ४५ र ५० को जग्गामा यी पुनरावेदक प्रतिवादीले आफू एकमात्र हकदार रहेको भनी लिएको जिकिर कानूनसङ्गत देखिन नआउने।

अतः वादी दाबीका जग्गाहरूमा प्रतिवादी जैनुल अन्सारीको मात्र हक कायम गरी नेपाली नागरिकलाई हक हस्तान्तरण गर्न दिने गरी मालपोत कार्यालय, बाराबाट भएको निर्णय प्रत्यर्थी वादीको हकसम्म कानूनसम्मत नदेखिएकाले मालपोत कार्यालय, बाराबाट मिति २०६९।१०।१५ मा भएको निर्णय बदर हुने गरी बारा जिल्ला अदालतबाट भएको मिति २०७०।११।६ को फैसला केही उल्टी गरी वादीको हकसम्म आधा जग्गाको निर्णय बदर हुने ठहर्‍याई पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०७२।२।१० मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: शिवलाल पाण्डेय

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७३ साल फागुन १० गते रोज ३ शुभम्।

- यसै लगाउको ०७२-CR-१३१२, जालसाजी, *जैनुल मिया भन्ने जयनुल मिया अंसारी वि. सकिना खातुन* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

४

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री सपना प्रधान मल्ल, ०७१-CI-०६१४, निर्णय दर्ता बदर हक कायम, *आइतराम तामाङसमेत वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालयसमेत*

यिनै वादीहरू सरहका साबिक दर्तावालाका हकदार यी वादीहरूले नै दाबी लिएको साबिक लगत एवम् दर्ता प्रमाणको आधार लिई छुट जग्गा दर्तामा कारबाही चलाई तह तह मुद्दा गरी दर्ता नहुने ठहरी अन्तिम भएको विषयमा पुनः यी वादीहरूले सोही जग्गाका विषयमा लिएको दाबी मुद्दाको अन्तिमता (Finality of litigation) को सिद्धान्तसमेत विपरीत देखिन आएकोले पुनरावेदन अदालतबाट भएको फैसलालाई अन्यथा गर्नुपर्ने देखिन नआउने।

अतः एकपटक मुद्दा गरी अन्तिम भइसकेको विषयमा यी पुनरावेदक वादीहरूले पुनः मुद्दा गर्न आएको र यी पुनरावेदक वादीहरूले दाबी गरेका कि.नं. ३२२ र ३२३ का जग्गा मिति २०४५।४।१३ मा तत्कालीन श्री ५ को सरकारको नाममा दर्ता भइसकेको, उक्त जग्गाहरू वादीहरूले उल्लेख गरेको साबिक लगतसँग नभिडेको, स्थलगत प्रतिवेदनबाट सो जग्गा व्यक्ति विशेषको भन्ने नदेखिएको र फिल्डबुकबाट "वुटेन" र "वन नर्सरी" भन्ने उल्लेख भएको देखिँदा मागदाबीबमोजिम दोहोरो दर्ता गर्न नमिल्ने भनी मालपोत कार्यालय, नुवाकोटले मिति २०६९।१।२८ मा गरेको निर्णय सदर हुने ठहर्‍याई पुनरावेदन अदालत, पाटनबाट भएको मिति २०७१।३।२२ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: शिवलाल पाण्डेय

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७३ साल फागुन १० गते रोज ३ शुभम्।

इजलास नं. १२

१

मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री मीरा खड्का, ०६८-WO-११४७, उत्प्रेषण / परमादेश, *श्यामकुमार चौधरी वि. नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसमेत*

उदयपुर जिल्ला अस्पतालबाट न्यूनतम

सरूवा अवधि भुक्तानी भएपश्चात् पाँचथर जिल्ला अस्पतालमा सरूवा गरेको उक्त अस्पतालमा आफ्नो स्तरवृद्धि भएको पद नै नभएको ठाउँमा सरूवा गरेकोले बदर गरिपाउँ भन्ने निवेदन जिकिर रहेकोमा निजलाई स्तरवृद्धि दिँदा नै माथिल्लो पदको सुविधा पाउने तर काम साबिकको पदको नै गर्ने गरी दिएको कुरा निजलाई दिइएको स्तरवृद्धि पत्र तथा सरूवा पत्रबाट स्पष्टरूपमा देखिएको हुँदा निवेदन माग दाबी कानूनसम्मत देखिन आएन । यस्तो अवस्थामा निवेदन मागबमोजिमको आदेश जारी हुने अवस्था नहुँदा, निवेदन खारेज हुने ।

इजलास अधिकृतः मुकुन्द आचार्य

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७३ साल भदौ ७ गते रोज ३ शुभम् ।

२

मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री मीरा खड्का, ०७०-CI-०६५१, निषेधाज्ञा, *रामचन्द्र ठाकुर हजाम वि. रामअश्रे तत्मासमेत*

विवादको कि.नं. ४६ को जग्गामा घर भएको भन्ने निवेदकको निवेदन रहेकोमा पुनरावेदकले उक्त जग्गामा घर छैन र फिल्डबुकबाट समेत घर भएको देखिँदैन भनी जिकिर लिएको पाइन्छ । मिसिल संलग्न ब्लुप्रिन्ट नक्सा हेर्दा कि.नं. ४६ को जग्गाको किनारमा घर रहेको अवस्था देखिन्छ । नक्सामा देखिएको घरलाई अन्यथा प्रमाणित नभएसम्म इन्कार गर्न सकिँदैन । पुनरावेदन अदालत, हेटौंडाको आदेशबमोजिम भई आएको मिति २०७०।२।२७ को नाप नक्सा सरजमिन मुचुल्काबाट समेत उक्त कि.नं. ४६ मा घर भएको देखिन आउँछ । यसरी नापीको नक्सामा देखिएको घरको अवस्थितिलाई अदालतबाट भई आएको उक्त नाप नक्सा सरजमिन मुचुल्काले समेत पुष्टि गरिरहेको अवस्था छ । साथै उक्त घर जग्गामा प्रत्यर्थी / निवेदकको भोग चलन छ भन्ने कुरासमेत सर्जमिन व्यहोराले स्पष्ट पारेको देखिने ।

निवेदक पक्षले यी पुनरावेदकले घरबाट निकाला गर्न खोजेको जुन आशङ्का देखाएको छ सो कुरा यी पुनरावेदकले उक्त विवादित जग्गामा घर छैन भनी लिएको जिकिर झुट्टा ठहरेबाट पुष्टि भइरहेको अवस्था छ । विवादित जग्गामा घर छैन भन्ने पुनरावेदकको कथन झुट्टा देखिएको अवस्थासमेतको विद्यमानतामा उक्त घर र घरले चर्चेको जग्गाबाट निवेदकहरूलाई ननिकाल्नु, निकाल्न नलगाउनु, निकाल्ने सम्बन्धमा कुनै कारवाही नगर्नु नगराउनु भनी निषेधाज्ञाको आदेश जारी गर्ने गरी पुनरावेदन अदालत, हेटौंडबाट मिति २०७०।३।१९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः सुमनकुमार न्यौपाने

इति संवत् २०७३ साल साउन २५ गते रोज ३ शुभम् ।

३

मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री हरिकृष्ण कार्की, ०६८-WO-०७९८, उत्प्रेषण / प्रतिषेध, *प्रेमकुमारी खड्का वि. काठमाडौं जिल्ला अदालत, बबरमहलसमेत*

स्थायी वतनको सट्टा फिरादमा लेखिएकै वतनमा निवेदिकाले बसोबास गरेको भन्ने अन्य कुनै लिखत प्रमाणसमेत विपक्षी वादीहरूबाट पेस भएकोसमेत पाइँदैन । यस्तो स्थितिमा पुनः बेपत्तेरूपमा तामेल भएकै वतनमा राष्ट्रिय दैनिक पत्रिका गोरखापत्रमा प्रकाशित भएको सूचनासमेतबाट यी निवेदिकाले आफू विरूद्ध परेको लेनदेन मुद्दाको जानकारी पाएको भन्न न्यायको रोहमा उचित हुने नदेखिने ।

न्यायिक निकायमा मुद्दा दर्ता भएपछि प्रतिवादी बनाइएको व्यक्तिलाई फिरादको प्रतिलिपिसहित इतलायनामा पठाउनुको उद्देश्य आफूमाथि लागेको मुद्दाका बारेमा कानूनी व्यवस्था उल्लेख गरी तथ्य र प्रमाणसहित खण्डन गर्न सकोस्, वादीको फिराद दाबी सत्यतामा आधारित छ, छैन, दुवै पक्षको लिखित दाबी एवम् जिकिर अदालतबाट परीक्षण भई न्याय प्रदान गर्न मद्दत पुगोस् भन्ने हो । यस विषयलाई सर्वव्यापीरूपमा नै अत्यन्त गम्भीररूपमा लिने गरेको पाइन्छ । प्रतिवाद गर्न पाउने प्राकृतिक न्यायको सिद्धान्त र स्वच्छ सुनुवाइका विषयमा आफूउपर लागेको नालेसको जानकारी कानूनबमोजिम प्रतिवादीले प्राप्त गरेको छ,

छैन भन्ने विषयलाई अदालतले गम्भीररूपमा हेर्ने।

फिरादमा उल्लेख गरेको वतनमा निवेदिका प्रतिवादी प्रेमकुमारी खड्काको बसोबास रहेको नदेखिएको अवस्थामा काठमाडौं महानगरपालिका वडा नं.२९ को वडा कार्यालयको सूचना पाटीमा मिति २०६५।९।२३ मा बेपत्ते म्याद तामेल भएपछि पुनः सोही वतन उल्लेख गरी राष्ट्रिय दैनिक पत्रिका गोरखापत्रमा मिति २०६६।२।२६ मा प्रकाशित भएको ३० दिने इतलायननामा म्यादलाई निवेदिकाको वास्तविक वतनमा तामेल भएको रहेछ भनी मान्न सकिने अवस्था रहेन। वास्तविक वतनमा जारी नभएको म्यादलाई कानूनी मान्यता प्रदान गरी निवेदिकालाई प्रतिउत्तरको मौकाबाट वञ्चित गर्दा प्राकृतिक न्यायको सिद्धान्तको प्रमुख अवयवको रूपमा रहेको सुनुवाइको हकमा गम्भीर उल्लङ्घन हुनुका साथै अ.बं.११० नं. को कानूनी व्यवस्था पनि पराजित हुने देखिन आउने।

तसर्थ, निवेदिका प्रेमकुमारी खड्काका नाउँमा विपक्षी काठमाडौं जिल्ला अदालतबाट लेनदेन मुद्दामा तामेल भएको मिति २०६५।९।२३ को बेपत्ते म्याद तामेली, मिति २०६६।२।२६ मा राष्ट्रिय दैनिक गोरखापत्रमा प्रकाशित म्यादसम्बन्धी सूचना र सोका आधारमा काठमाडौं जिल्ला अदालतबाट मिति २०६६।७।२४ मा भएको फैसलासमेत उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । साथै यो आदेश प्राप्त भएपछि प्रस्तुत निवेदन र निवेदिकाको नागरिकता प्रमाणपत्रमा उल्लिखित वतनमा म्याद जारी गरी तामेल गराई लेनदेन मुद्दाको पुनः कारवाही र किनारा गर्नु भनी विपक्षी काठमाडौं जिल्ला अदालतका नाउँमा परमादेशको आदेशसमेत जारी हुने।

इजलास अधिकृत: कपिलमणि गौतम

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७३ साल कात्तिक २३ गते रोज ३ शुभम्।

४

मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ, ०७२-CI-०८९१, अंश चलन, *मिरा के.सी. वि. कोशिला थापा के.सी.समेत*

पुनरावेदकले २०५७/१२/२७ मा जिल्ला अदालतमा अंशमुद्दा दायर गरेकोमा सो मुद्दा थिनै पुनरावेदकले तारेख गुजारेको कारण तामेलीमा रहन गई सो मुद्दाबाट मानो छुट्टिएको मितिको निर्धारण एवम् अंश प्राप्त गर्न सक्ने नसक्ने सम्बन्धमा कुनै निष्कर्षमा पुग्न सकेको देखिएको छैन। यसरी केवल अंश मुद्दाको फिराद दायर गरी तारेख गुजारी अंशसम्बन्धी प्रश्न सम्बन्धमा कुनै कारवाही नै अगाडि नबढेको अंश मुद्दाकै आधारमा सो मितिलाई मानो छुट्टिएको मान्न मिल्ने हुँदैन । मानो छुट्टिएको मिति कायम हुन या त मानो छुट्टिएको लिखत रजिस्ट्रेसन भएको हुनुपर्ने या त कुनै मुद्दा परी त्यस मुद्दामा अंशियारहरूबीच बन्डा हुनुपर्ने सम्पत्तिको तायदाती माग गर्ने आदेश हुँदा मानो छुट्टिएको मिति यकिन भएको हुनुपर्ने हुन्छ । पहिलो मुद्दामा कुनै आदेश नै नभएको र सो मुद्दा परेपछिसमेत एकासगोलमा बसेको भन्ने वादी प्रतिवादीहरूको व्यवहारबाट देखिएको अवस्थामा पहिलो मुद्दाको फिराद परेको दिनलाई मानो छुट्टिएको मिति कायम गर्न नमिल्ने।

प्रस्तुत मुद्दाको फिराद दायर हुनुभन्दा अगाडिसम्म वादी प्रतिवादीहरू एकासगोलमा रहे बसेको दुवै पक्षको व्यवहारबाट पुष्टि भएको र पुनरावेदकले आफ्नो निजी आर्जनको भनी दाबी गरेका सर्लाही जिल्ला हरिवन गा.वि.स.वडा नं.९ (ग) को कि.नं. ५९९ तथा मकवानपुर जिल्ला हेटौंडा न.पा. वडा नं. ७ को कि.नं. १०७७ र ऐ. वडा नं. ८क को कि.नं. २२१९ र १५३३ का जग्गाहरू सगोलमा रहेको अवस्थामा खरिद गरेको देखिन्छ। अंशियारहरू एकासगोलमा रहे बसेको अवस्थामा खरिद गरेका जग्गाहरू आफ्नो निजी आर्जनबाट खरिद गरेको हो भन्ने कुराको पुष्टि नभएसम्म सो सम्पत्ति सगोलको मान्नु पर्ने हुन्छ। प्रमाण ऐन, २०३१ को दफा ६ को (क) मा अन्यथा प्रमाणित नभएसम्म एकाघरसँगका अंशियारहरूमध्ये जुनसुकै अंशियारका नाममा रहेको सम्पत्ति सगोलको सम्पत्ति हो भनी अदालतले अनुमान गर्नेछ भन्ने कानूनी व्यवस्थाअनुसार पनि उक्त सम्पत्ति

सगोलको सम्पत्ति हो भन्ने अनुमान गर्नुपर्ने हुन्छ।

एकासगोलका परिवारका सदस्यका नाउँमा रहेको सम्पत्ति कसैले आफ्नो निजी आर्जनको भई अंशबन्डाको १८ नं. बमोजिम बन्डा नलाग्ने हो भनी जिकिर लिएमा त्यस्तो सम्पत्ति आफ्नो निजी ज्ञान, सीप तथा प्रयासबाट आर्जन गरेको भन्ने सबुत प्रमाण पनि निजैले पेस गरी प्रमाणित गर्नुपर्दछ। यसरी प्रमाणित नभएसम्म त्यस्तो सम्पत्ति एकासगोलको मान्नुपर्ने हुन्छ। यस अवस्थामा कि.नं.५९९, १०७७, २२१९ र १५३३ का जग्गाहरू सगोलको सम्पत्ति ठहर्‍याई बन्डा गर्ने ठहर्‍याएको सुरू र पुनरावेदन अदालतको फैसलालाई अन्यथा भन्न नसकिने।

अंशबन्डाको १८ नं. बमोजिम समान पुस्तामा रहेका अंशियारहरूले आफ्नो निजी प्रयासबाट प्राप्त गरेको सम्पत्ति पैतृक मान्न सकिँदैन । त्यस्तो सम्पत्तिउपर अन्य अंशियारको हक स्थापित हुन सक्दैन । विवादमा आएको सो कि.नं.३६०९ क्षेत्रफल ०-१०-० को जग्गा पुनरावेदिकाले हालैको बकसपत्रबाट प्राप्त गरेको देखिँदा उक्त जग्गा यी पुनरावेदिका मिरा के.सी. को निजी आर्जनको देखिएकाले बन्डा लाग्ने देखिन आएन। यसरी पुनरावेदकले आफ्नो निजी प्रयासबाट आफ्नो हक स्थापित गरेको सम्पत्तिउपर समान पुस्ताका अन्य अंशियारको हक नलाग्ने भई अंशबन्डा गर्न नपरी निजी आर्जनको सम्पत्ति ठहर गर्नुपर्नेमा सो सम्पत्तिसमेत सगोलको ठहर्‍याई बन्डा लाग्ने ठहर्‍याएको सुरू फैसला सदर गरेको पुनरावेदन अदालतको फैसला सो हदसम्म मनासिब नदेखिने।

अतः उपरोक्त विवेचना गरिएका आधार प्रमाणहरूबाट वादी प्रतिवादीबीच फिराद परेको अघिल्लो दिनलाई मानो छुट्टिएको मिति कायम गरी सो मितिसम्मको वादी प्रतिवादीले पेस गरेको तायदातीमा उल्लिखित सम्पत्तिमध्ये कित्ता नं.५९९, १०७७, २२१९ र १५३३ का जग्गाहरू सगोलामा रहेबसेको अवस्थामा अंशियारमध्येकी यी पुनरावेदिकाका नाममा राजीनामाको माध्यमबाट खरिद गरी प्राप्त गरेको देखिएको र निजले सो जग्गा निजी आर्जनको भन्ने पुष्टि हुने प्रमाण पेस गर्न सकेको नदेखिँदा उक्त कित्ता नं. ५९९, १०७७, २२१९ र १५३३ का जग्गाहरूबाट वादीले अंश पाउने ठहर्‍याई सुरू काठमाडौं जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको मिति २०६९।९।५ को फैसला सो हदसम्म मिलेकै देखिँदा उक्त फैसलालाई अन्यथा गरिरहन नपरी सदर हुन्छ। हेटौंडा न.पा.को कि.नं. ३६०९ को ०-१०-० जग्गा पुनरावेदकले बहिनी नानीमैया थापाबाट २०५३ सालमा हालैदेखिको बकसपत्रबाट प्राप्त गरेको निजी आर्जनको भई बन्डा नलाग्ने हुँदा सो जग्गा बन्डा नलाग्ने ठहर गर्नु पर्नेमा बन्डा लाग्ने ठहर गरेको सुरू जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६९/९/५ को फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई मिरा के.सी. का नाउँमा रहेको उक्त कि.नं.३६०९ को जग्गा बन्डा नलाग्ने।

इजलास अधिकृतः दुर्गाप्रसाद खनाल

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७३ साल भदौ २९ गते रोज ४ शुभम्।

इजलास नं. १३

मा.न्या.श्री मीरा खड्का र मा.न्या.श्री अनिलकुमार सिन्हा, ०७१-CR-०१२५, भ्रष्टाचार, *देवराज जैसी वि. नेपाल सरकार*

प्रतिवादीले माध्यमिक शिक्षा परिषद् क्षेत्रीय कार्यालय बरेलीको पत्राङ्क Reg No. ११५ दिनाङ्क २३-१२-२०१२ मा इन्टरमिडिएट परीक्षा पास गरेको शैक्षिक योग्यताका प्रमाणपत्रहरू पेस गरेको देखियो । उक्त प्रमाणपत्रहरू प्रमाणीकरणका लागि माध्यमिक शिक्षा परिषद् बरेलीमा पठाएकोमा सो परिषद्ले यी प्रतिवादीको प्रमाणपत्र दुईदुई पटक माध्यमिक शिक्षा परिषद् क्षेत्रीय कार्यालय, बरेलीले प्रमाणीकरण गरी "अनुक्रमाङ्क शृङ्खलामा नहीं है" भन्ने जवाफ पठाएको देखिन्छ । जुन शैक्षिक

संस्थाबाट सन् १९८७ मा यी प्रतिवादीले अध्ययन गरेको छु भनी पुनरावेदनपत्रमा जिकिर लिएका छन् सोही आधिकारिक निकायमा शैक्षिक योग्यताका प्रमाणपत्रहरू पटकपटक सत्यापनको लागि पठाएकोमा सो संस्थाले नै प्रतिवादी देवराज जैसीको नाम वर्ष १९८७, अनुक्रमाङ्क ८३५९३६ "अनुक्रमाङ्क शृङ्खलामे नहीं है" भनी अभिलेखमा क्रम सङ्ख्या नभिडेको भनी जवाफ पठाएको अवस्थामा प्रतिवादीले पेस गरेको शैक्षिक योग्यताको प्रमाणपत्र सक्कली हो भन्ने विश्वास गर्नुपर्ने आधार नदेखिने।

सरकारी सेवामा बहाल रहने व्यक्ति सदैव अनुशासित मर्यादित र इमान्दार रही सेवा प्रवाहमा सुशासनको संवाहक हुनुपर्ने हुन्छ । जिम्मेवार कर्मचारीले आफूले हासिल नगरेको शैक्षिक योग्यताको प्रमाणपत्र पेस गर्नु नै गलत कार्य भएको र त्यस्तो कार्यका पछाडि आफ्नो वास्तविक शैक्षिक योग्यताको भन्दा बढी लाभ लिने वा तत्काललाई लाभ नहुने भए पनि आफ्नो स्थिति तुलनात्मकरूपमा अरूभन्दा बढी अनुकूल बनाई राख्ने मनसाय पनि स्वत: सिर्जित भएको मान्नुपर्ने हुन्छ । नैतिकता र सदाचार कायम राख्ने मूलभूत उद्देश्यले भ्रष्टाचारसम्बन्धी ऐनको व्यवस्था भएको सन्दर्भमा राष्ट्रसेवकजस्तो व्यक्तिले नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र पेस गर्ने अमर्यादित कार्य नै अपराधजन्य कार्य भएको देखिने।

राष्ट्रसेवकले कुनै ओहोदामा बहाल रहने वा कुनै लाभ वा सुविधा पाउने उद्देश्यले शिक्षासम्बन्धी कुनै योग्यता नाम, तीनपुस्ते, उमेर, जात थर नागरिकता वा अयोग्यता ढाँट्न नहुने र कसैले ढाँटेमा त्यस्ता कार्यलाई भ्रष्टाचारजन्य कसुर मान्नु पर्ने हुन्छ। अपराध हुनका लागि निश्चय नै आपराधिक कार्य र अपराधी मन दुवै आवश्यक हुन्छ। प्रतिवादीले शिक्षक सेवामा प्रवेश गर्दाका बखत वि.सं. २०४८ सालमा प्रेषित शैक्षिक योग्यताका प्रमाणपत्रहरू झुट्टा तथा नक्कली देखिएको र उक्त कार्य दोषी मनसायबाट अभिप्रेरित भई गरेको भन्ने देखिँदा प्रतिवादीले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ ले परिभाषित गरेको भ्रष्टाचारजन्य कसुर अपराध गरेको देखिने।

अत: माथि विवेचित आधार र कारणसमेतबाट प्रतिवादी देवराज जैसीलाई साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ को कसुरमा ऐ. ऐनको दफा २९(२) बमोजिम रू. ५००।– जरिवाना हुने ठहर्‍याएको विशेष अदालत, काठमाडौंको मिति २०७१।१।१५ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: प्रेमप्रसाद न्यौपाने

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७३ साल माघ २५ गते रोज ३ शुभम्।

इजलास नं. १४

१

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री अनिलकुमार सिन्हा, ०७१-WO-१०६४, उत्प्रेषण / परमादेश, *गंगादेवी पौडेल (गुरूङ) वि. प्रकाश थापा क्षेत्रीसमेत*

रीतपूर्वक म्याद तामेल भई मुद्दाको अङ्ग पुगेपछि प्रमाणले ठहरेबमोजिम अदालतले फैसला गर्ने हाम्रो न्यायिक अभ्यास छ। यसै सन्दर्भमा प्रतिवादीले म्याद गुजारेपछि मिसिल संलग्न प्रमाणको विश्लेषण गरी मिति २०७१।११।१४ मा फैसला भएको देखिन्छ । तर निवेदिका अहिले साहुको बिगोबापत थुनामा बस्नु पर्नेसम्मको अवस्थामा परेपछि फैसला नै बदरको माग गरी रिट निवेदन लिएर यस अदालतमा प्रवेश गरेको देखिन्छ । जबकि जिल्ला अदालतले कानूनी प्रक्रिया पूरा गरी प्रमाणको विवेचना गरी गरेको अन्तिम फैसलालाई पुनरावेदनको रोहमा निरूपण गरे जसरी रिट क्षेत्रबाट हस्तक्षेप गरी हेर्न मिल्ने स्थिति नहुने।

फैसलाको प्रभावकारी कार्यान्वयनमा मात्रै न्याय निरूपणको सार्थकता देखिन्छ । यस सन्दर्भमा फैसला कार्यान्वयनलाई सहजता प्रदान गर्ने दायित्व हार्ने पक्षको पनि हो । अदालतबाट भएको फैसला कुनै न कुनै दिन अर्थात् ढिलो भएपनि

कार्यान्वयन हुन्छ । फैसला कार्यान्वयनमा सघाउ पुर्‍याउने पक्षलाई अदालतले रहर वा इच्छाले थुनामा राख्दैन । फैसला कार्यान्वयनका लागि बिगो पनि दाखिला नगर्ने र जेथा पनि देखाउन नसकेको विशेष अवस्थामा फैसलाको मर्यादा राख्न अवलम्बन गरिने यो विशेष कानूनी प्रक्रिया हो । यसको अतिरिक्त सामान्यतः फैसलाबमोजिम भरी पाउने लाखौंको बिगो माया मारी उल्टै सिधा खर्च दाखिला गरी हार्ने पक्षलाई जित्ने पक्षले थुनामा राख्न रहर पनि हुँदैन । एवम् प्रकारले निवेदिकाले फैसलाबमोजिम भरी पाउने ठहरेको बिगो दाखिला गरेको जुनसुकै अवस्थामा थुनामुक्त हुन सक्ने नै देखिने ।

फैसलाको छिटो, सरल र प्रभावकारी कार्यान्वयन नै न्यायपालिका र न्याय प्रदान गर्ने अदालतको उद्देश्य हुने र कानूनबमोजिम भए गरेका काम कारवाहीले वैद्यता प्राप्त गर्ने नै हुँदा ललितपुर जिल्ला अदालतको मिति २०७१।११।१४ को फैसलाले ठहर गरेबमोजिमको बिगोबापत निवेदिकालाई थुनामा राख्न ललितपुर जिल्ला अदालतबाट मिति २०७२।३।१८ मा भएको आदेश र मिति २०७२।३।२२ को पत्रले निवेदिकाको संवैधानिक एवम् कानूनी हकमा आघात पुगेको अवस्था नदेखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: भीमबहादुर निरौला

कम्प्युटरः विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७३ साल असोज ६ गते रोज ५ शुभम् ।

२

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री अनिलकुमार सिन्हा, ०६७-CR-०८०२, आयकर (आ.व.२०५८/५९), *ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुर वि. नेपाल टोबाको कम्पनी प्रा. लि. (सिगरेट डिभिजन) को लेसी सिम्मेट नेपाल प्रा.लि.*

बोनस ऐन, २०३० को दफा १३ को किटानी व्यवस्थाबमोजिम कानूनी दायित्वको रूपमा व्यवस्था गरिएको बोनस रकम वितरणपश्चात् बाँकी रहेको रकमको ७०% रकम श्रम ऐन, २०४८ को दफा ३७ र श्रम नियमावली, २०५० को नियम १३ बमोजिमको प्रतिष्ठान स्तरको कल्याणकारी कोषमा जम्मा भई कर्मचारीहरू समेतबाट परिचालित भई कर्मचारीहरूको कल्याणमा खर्च हुने रकमलाई आकर्षित नै नहुने कानूनी व्यवस्थाहरू उल्लेखसम्म गरी करयोग्य आयतर्फ समावेश गरेको मिलेको देखिएन भनी राजस्व न्यायाधिकरण, काठमाडौंबाट भएको फैसलाको प्रकरण १२ मा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ८(ग) को त्रुटि नदेखिने ।

करदाताले आफ्नो कारोबार वा व्यवसायको प्रकृतिअनुसारको व्यावसायिक खर्चलाई लेखामा खर्च लेख्ने स्वतन्त्रता आयकर ऐन, २०५८ को दफा १३ बमोजिम पाएकै हुन्छ । कारोबारको प्रकृतिको आधारमा कर्मचारीलाई करदाता कम्पनीले कुनै खर्चको अधिकार दिन्छ, त्यस्तो खर्चको रितपूर्वकको भरपाइ वा ग्रहणयोग्य प्रमाण हुन्छ । उक्त खर्चमा लेखापरीक्षणले कैफियत उठाएको छैन र करदाता कम्पनीले आफ्नो व्यवसायको प्रकृतिको आधारमा वस्तुनिष्ठ र औचित्यपूर्ण मानेर लेखामा समावेश गरी लेखाको मान्य सिद्धान्तअनुसार मान्यता दिन्छ भने त्यस्तो खर्चलाई कर्मचारीको व्यक्तिगत खर्च भन्ने नामकरण गरी आयतर्फ समायोजन गर्नु आयकर ऐन, २०५८ को दफा १३ को मनसाय देखिँदैन । अतः खर्चलाई मान्यता दिने गरी भएको राजस्व न्यायाधिकरणको फैसलामा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ८(ग) को त्रुटि नदेखिने ।

आयकर ऐन, २०५८ को दफा ६३(१) को प्रक्रिया पूरा नगरेकोले कानूनी वैधता नभएको कोषमा छुट्याइएको खर्च मिनाहा नपाउने भन्ने ठूला करदाता कार्यालयको पुनरावेदन जिकिर रहेको छ । उल्लिखित दफा ६३(१) मा अवकाश कोषको स्वीकृतिसम्बन्धी व्यवस्था रहेको र त्यस्तो स्वीकृत अवकाश कोषमा रहेको हितबाट भएको आय गणना गर्ने प्रयोजनको लागि खण्ड (क) र (ख) को व्यवस्था गरिएको छ भने दफा ६३(२) मा स्वीकृति नलिएको अवकाश कोषमा रहेको हितबाट भएको लाभ गणना गर्ने प्रक्रिया उल्लेख भएको छ । उक्त व्यवस्थाहरूबाट स्वीकृत अवकाश कोषमा

रहेको हितमा लाग्ने करमा केही सहुलियत रहेको र स्वीकृति नलिएको अवकाश कोषमा रहेको हितमा भिन्न प्रकारले कर लाग्ने कानूनी व्यवस्था रहेबाट स्वीकृति नलिएको अवकाश कोषलाई कानूनी वैधता नभएको कोष भन्न मिल्ने देखिँदैन । त्यसमाथि पनि संशोधित कर निर्धारण हुनुअगावै मिति २०५९।११।१९ मा उक्त कोषले स्वीकृति पाइसकेको समेत अवस्था हुँदा ठूला करदाता कार्यालयको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

मूल्य अभिवृद्धि कर ऐनको कुन कार्यविधि पूरा नभएमा आयकरतर्फ नोक्सानी भएको मालवस्तुको मूल्य पनि आयमा समावेश गर्नुपर्ने हो सो स्पष्ट उल्लेख छैन । मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १६ख मा उल्लिखित नोक्सानी भएको वस्तुमा तिरेको मूल्य अभिवृद्धि कर कट्टी गर्ने व्यवस्था आर्थिक ऐन, २०६३ बाट थप गरिएको हुँदा करदाताको आर्थिक वर्ष २०५८/५९ मा सो पछि लागू भएको कानून भूतलक्ष्यीरूपमा आकर्षित हुने अवस्था पनि छैन । अर्कोतर्फ मूल्य अभिवृद्धि कर ऐनअन्तर्गत एकपटक तिरिसकेको मूल्य अभिवृद्धि कर फिर्ता लिने कार्यविधि पूरा नभएकै कारण आयकरतर्फ नोक्सान भएको वस्तुबाट कुनै आय नै नभएको अवस्थामा आयकर तिर्नुपर्ने कानूनी व्यवस्था आयकर ऐन, नियममा कतै देखिँदैन । अतः राजस्व न्यायाधिकरणको फैसलामा Selling and Distribution Expenses अन्तर्गत Damage चुरोटको मूल्यलाई वास्तविक खर्च भएको मानी आयतर्फ समावेश नगरेको फैसलामा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ८(ग) को त्रुटि नदेखिने ।

प्रस्तुत आर्थिक वर्षमा लागू रहेको ऐनमा दफा २१(१)(३) भन्ने कुनै व्यवस्था नै छैन । दफा २१(३) लाई सम्बोधन गर्न खोजिएको हो भने प्रस्तुत विवादसँग उक्त दफाद्वारा निर्देशित दफा १४(१) आकर्षित हुने देखिन्छ । दफा १४(१) ब्याज खर्च छुट दिने व्यवस्थासँग सम्बन्धित रहेको छ । उक्त दफामा व्यवसाय वा लगानीबाट आय आर्जन हुने कार्यको लागि सिर्जना भएको ऋण दायित्वबापत सो वर्षमा लागेको सबै ब्याज कट्टी गर्न पाउने व्यवस्था भएबाट राजस्व न्यायाधिकरणबाट ब्याज खर्च मिनाहा हुने भनी गरेको फैसलामा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ८(ग) को त्रुटि नदेखिने ।

अतः माथि उल्लिखित तथ्य, कानूनी व्यवस्था तथा विवेचित आधार र कारणसमेतबाट राजस्व न्यायाधिकरण, काठमाडौंको मिति २०६६।०३।२१ को फैसलामा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ८(ग) को त्रुटि रहेको नदेखिँदा सदर हुने ।

इजलास अधिकृतः नगेन्द्रकेशरी पोखरेल
कम्प्युटर: सिजन रेग्मी
इति संवत् २०७३ साल असोज ४ गते रोज ३ शुभम् ।

३

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री अनिलकुमार सिन्हा, ०७२-WO-००९२, उत्प्रेषण / परमादेश, *फरिना बानु वि. श्रम अदालत, अनामनगर, काठमाडौंसमेत*

श्रम ऐन, २०४८ को दफा ७९(१) ले कामदार र सम्बन्धित संस्थाबीचमा भएको सम्झौता निजहरूका लागि कानूनसरह लागू हुने भन्ने व्यवस्था गरेको देखिन्छ । त्यस्तै गरी दफा ७९क ले सम्झौता कार्यान्वयन नभएमा सम्बन्धित पक्षले श्रम कार्यालयमा उजुरी गर्न सक्ने व्यवस्थासमेत गरेको देखिएकोले रिट निवेदक संस्थाको दोस्रो स्वेच्छिक अवकाश योजनाबमोजिम अवकाश नदिने निर्णयउपर विपक्षी टीकादेवीले श्रम कार्यालयमा उजुर गर्न नपाउने भनी अर्थ गर्न मिलेन । कामदार र व्यवस्थापनबीच भएको सामूहिक सम्झौताअनुरूप दोस्रो स्वेच्छिक अवकाश योजना, २०७० बनाइएकोले उक्त योजनाअन्तर्गत पाउने सुविधाको कार्यान्वयनको विषयमा श्रम ऐन, २०४८ को दफा ७९क बमोजिम श्रम कार्यालयले उजुरी सुन्न सक्ने नै देखिने ।

अवकाश योजनाको ९ नं. सर्त विशेष अवस्थाको भएको र संस्थाले निर्धारण गरेका सर्तहरू

सबै कर्मचारीलाई समानरूपमा लागू हुने गरी तथा भेदभावविहीनरूपमा प्रयोग गरिनु अनिवार्य हुने भएकोले उक्त व्यवस्थाबमोजिम संस्थाको निर्णयउपर दाबी गर्न नपाइने निरपेक्ष व्यवस्था हो भनी स्वीकार गर्न नसकिने देखिएकोले निज टिकादेवीलाई स्वेच्छिक अवकाश नदिने निर्णय गर्नु व्यवहारिक र न्यायसङ्गतसमेत हुँदैन। प्रस्तुत अवस्थामा सरूवा हुन नचाही स्वेच्छिक अवकाश माग गर्ने र निजगढ सेन्टर बन्द भई वीरगञ्ज सेन्टरमा गाभिए पनि विरगन्ज सेन्टरमा पदस्थापन गर्न इन्कार गरी तौलिहवा सेन्टर सरूवा गरिएकी टीकादेवी प्रसाईलाई निजले दोस्रो स्वेच्छिक अवकाश योजना, २०७० बमोजिम पाउने सुविधासमेत दिई स्वेच्छिक अवकाश दिनु भनी श्रम अदालतबाट मिति २०७१।११।१४ मा भएको निर्णय कानूनसम्मत नै देखिएकोले निवेदन मागबमोजिमको आदेश जारी गरिरहनु परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः सुमनकुमार न्यौपाने
कम्प्युटर: रानु पौडेल
इति संवत् २०७३ साल भदौ २१ गते रोज ३ शुभम्।

४

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री अनिलकुमार सिन्हा, ०७१-CR-०७१५, कर्तव्य ज्यान, *छिरिङ शेर्पासमेत वि. नेपाल सरकार*

टाउकोजस्तो संवेदनशील अङ्गमा ढुङ्गा प्रहार गर्दा मानिस मर्न सक्छ भन्ने सामान्य ज्ञान यी प्रतिवादीहरूले राख्न सक्दैन थिए भनी अनुमान गर्न मिल्दैन । यसरी घटनाको सुरूवाती अवस्थामा ज्यानै लिनेसम्मको पूर्वयोजना रिसइवी केही नभए पनि घटनास्थलमा वादविवाद कुटपिट भइसकेपछि प्रतिवादीहरूले मृतकलाई मार्ने नै मनसायले कुटपिट गरेको फलस्वरूप मृतकको मृत्यु भएको मिसिल कागजातबाट देखिन आयो । प्रतिवादीहरूले जिकिर लिएको मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं. अन्तर्गतको कसुर ज्यान मार्ने मनसायरहित कार्यमा मात्र आकर्षित हुने हो। कसैले ज्यान मार्ने मनसायले साधारण लाठा, ढुङ्गा, लात मुक्का इत्यादिले प्रहार गरी कसैको ज्यान लिएमा मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं. आकर्षित हुन सक्दैन । यस्तो वारदातलाई मनसायप्रेरित अपराध मानी सजायभागी बनाइन्छ। तसर्थ मृतकले आफू प्रहरीको सि.आई.डी. हुँ भनेपछि ज्यानै लिने मनसायले कुटपिट गरेको तथ्य मिसिल संलग्न कागजबाट पुष्टि भएकोले मृतकलाई मार्ने मनसाय आफूहरूको नभएको भनी प्रतिवादीले लिएको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादीहरू विष्णु चौधरी र छिरिङ शेर्पाले मृतक लोकबहादुर तामाङको अनुहार टाउकोलगायतका स्थानमा लात मुक्का तथा ढुङ्गाले प्रहार गरी मरणासन्न अवस्थामा छाडी गएकोमा सोही चोटपीडाका कारणबाट मृतकको मृत्यु भएको भन्ने तथ्य शङ्कारहित ढङ्गबाट पुष्टि हुन आयो। प्रतिवादीहरूमध्ये यसैको चोटपीडाका कारण मृतकको मृत्यु भएको भन्ने खुल्न नआएको हुँदा दुवै प्रतिवादीहरूलाई अभियोग माग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहर्‍याई भएको सुरू काठमाडौं जिल्ला अदालतको फैसला सदर हुने गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०७१।२।६ मा भएको फैसला मनासिब देखिँदा सदर हुने।

प्रतिवादीहरू सामान्य मजदुरी गरी जीविकोपार्जन गर्ने मजदुर रहेको देखिन्छ। मृतकलाई मार्ने कुरामा प्रतिवादीहरूको पूर्वयोजना रिसइवी तथा तयारी रहेको भन्ने देखिँदैन । वारदातमा जोखिमी हतियार प्रयोग भएको पनि देखिँदैन। प्रतिवादीहरूले घटना घट्दाको अवस्था परिस्थितिबारे यथार्थ विवरण खुलाई अनुसन्धानको क्रममा र अदालतमा समेत उपस्थित भई बयान गरी न्याय सम्पादन प्रक्रियामा सहयोग गरेको देखिन्छ । यसलाई अ.व. १८८ नं. बमोजिम सजाय कम गर्न एउटा आधार बनाउन सकिन्छ । यस आधारबाट हेर्दा प्रतिवादीहरूलाई जन्मकैदको सजाय गर्दा चर्को पर्ने देखिएको हुँदा घटी सजाय हुनुपर्ने देखिन आयो । तसर्थ अपराध हुँदाको अवस्था परिथितिसमेतलाई विचार गर्दा

प्रतिवादीहरूलाई अ.बं. १८८ नं. को प्रयोग गरी कैद वर्ष १० (दश) सजाय हुने गरी पुनरावेदन अदालतबाट व्यक्त रायसमेत मनासिब देखिएको हुँदा सोही रायअनुसार प्रतिवादीहरूलाई जनही कैद वर्ष १० का दरले सजाय हुने ।

इजलास अधिकृतः सुरेशराज खनाल

इति संवत् २०७३ साल मङ्सिर ५ गते रोज १ शुभम् ।

इजलास नं. १५

१

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा, ०७२-WO-०६१६, उत्प्रेषण / परमादेश, *छवीलाल मगरसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

जन प्रतिनिधिमूलक नगर परिषद्को गठन नै हुन नसकेको हुँदा स्थानीय स्वायत्त शासन ऐनबमोजिम केन्द्र तोक्दा परामर्श लिन सक्ने देखिन आउँदैन । विधिवत्‌रूपमा नगर परिषद् गठन भएको स्थितिमा केन्द्रको हेरफेर गर्न आवश्यक पहल गर्न सक्ने अवस्था रहेकै छ । साथै राज्य पुनर्संरचना हुने स्थितिमा तोकिएको केन्द्र नै रहने नरहेने अनिश्चित नै रहेको छ । अतः माथि विवेचित आधार कारणहरूबाट निवेदकले उठाएको बेल्टार बसाहानगर क्षेत्रको केन्द्र झोडापाटा नतोकी बेल्टारलाई नगर क्षेत्रको केन्द्र तोक्ने गरी नेपाल सरकारबाट भएको मिति २०७१।१।२५ को निर्णयलाई गैरकानूनी मान्न मिलेन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: जगतबहादुर पौडेल

कम्प्युटर: देवीमाया खतिवडा

इति संवत् २०७३ साल पुस १९ गते रोज ३ शुभम् ।

२

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा, ०६६-CI-०१८३, बहाल दिलाई घर खाली गराई पाउँ, *जकाउल्ला खाँ वि. रिता कौशल (ठठेरनी) समेत*

पक्ष नै नबनाएको अवस्थामा अदालत, आफैँ वादीको रूपमा रही मुद्दाको किनारा गर्न सक्दैन । न.नं. १५, १६, १७, १८, १९, २० र २१ को घरजग्गाको हदसम्म वादी दाबी पुग्न सक्ने देखिएन । न.नं. २२, २३ र २४ को घरजग्गा वादीको कि.नं.१०५१ भित्रको देखिएको र उक्त घरजग्गामा प्रतिवादी जमुना ठठेरको भोगचलन रहेको भन्ने देखिँदा सो घरजग्गातर्फको वादी दाबीसम्म पुग्न सक्ने हुँदा न.नं. २२, २३ र २४ मा देखिएको घर कोठासम्म खाली गराई वादीलाई चलन चलाई दिनु मनासिब हुने ।

अतः सुरू बाँके जिल्ला अदालतको मिति २०६०।१०।७ को फैसला उल्टी गरी अ.बं. १८० नं. बमोजिम वादी दाबी खारेज हुने ठहर गरेको पुनरावेदन अदालत, नेपालगञ्जको मिति २०६५।२।५ को फैसला उल्टी भई मिति २०६३।८।१६ मा भएको नक्सा मुचुल्काको न.नं. २२, २३ र २४ मा देखिएको घर कोठासम्म खाली गराई वादीलाई चलन चलाई दिने ।

इजलास अधिकृत: गेहेन्द्रराज रेग्मी

इति संवत् २०७३ साल असोज १० गते रोज २ शुभम् ।

- यसै लगाउको ०६६-CI-०१६८, बहाल दिलाई घर खाली गराई पाउँ, *जकाउल्ला खाँ वि. मंगल बनिया* भएको मुद्दामा पनि यसै अनुसार फैसला भएको छ ।

३

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशमान सिंह राउत, ०६६-WO-१२२०, उत्प्रेषण / परमादेश, *चन्द्रकुमार गोल्छा वि. श्रम अदालत, काठमाडौंसमेत*

अन्य क्षेत्रमा काम गर्ने कामदार तथा कर्मचारीको खाईपाई आएको आखिरी महिनाको तलबको हिसाब गरी दिइने व्यवस्था रहेको सन्दर्भमा अन्य क्षेत्रको जस्तै कामदार तथा कर्मचारीकै हैसियतमा प्रतिष्ठामा काम गर्ने कर्मचारीले कानूनमा स्पष्टतः खण्डीकृतरूपमा प्रत्येक वर्षको अलगअलग हिसाब गरेर मात्र पाउने भनी अन्यथा व्यवस्था नगरेको

अवस्थामा कर्मचारी कामदारको सुविधामा मर्का पर्न जाने गरी कानूनको अर्थ लगाउनु न्यायोचित नदेखिने।

एउटै कम्पनी तथा प्रतिष्ठानमा एउटै प्रकृतिको कानूनी हैसियत रहेका केही कर्मचारी तथा कामदारलाई एक किसिमले हिसाब गरी सेवा सुविधा प्रदान गर्नु र केहीलाई अर्को किसिमले हिसाब गरी सेवा सुविधा प्रदान गर्नु समानहरूबीचको समान व्यवहार (Equality among Equals) भन्ने समानताको सिद्धान्तको र नेपाल पक्ष रहेको श्रमिकको हकहित सम्बन्धमा बनेका विभिन्न अन्तर्राष्ट्रिय दस्तावेजहरूको समेत विपरीत हुन जान्छ। कानूनी व्यवस्थाको आफूअनुकूल फरकफरक अर्थ लगाई कानूनको उद्देश्यको र समानताको सिद्धान्त जस्ता न्यायिक मूल्य मान्यता तथा सिद्धान्तको प्रतिकूल हुने गरी कार्यान्वयन गर्नु हुँदैन । कानूनअनुसार गर्नुपर्ने कार्यबाट वा दिनुपर्ने सुविधा दिनुपरेकोबाट आफ्नो संवैधानिक तथा कानूनी हक हनन् भएको भनेर भन्न नमिल्ने।

अतः विपक्षी राधादेवी आचार्यलाई सेवा अवधिको खण्डिकृतरूपमा हिसाब गरी प्रत्येक वर्ष पाएको मासिक पारिश्रमिकको आधारमा मात्र निजको १४ वर्ष सेवा अवधिको नियमअनुसार पाउने प्रत्येक वर्षको लागि तोकिएको दरले हुने रकमको समेत सोही वर्षको पारिश्रमिकको आधारमा खण्डिकृतरूपमा हिसाब गरी उपदान दिएको नमिलेको भनी विपक्षी श्रम कार्यालय, वीरगञ्जलगायतका आदेश निर्णय, श्रम कार्यालय, वीरगञ्जको मिति २०६३/०२/२२ को फैसला र सो फैसला सदर गर्ने ठहर्‍याएको श्रम अदालत, काठमाडौंबाट भएको मिति २०६६/१०/१० फैसला कानूनअनुरूपको नै देखिएको र सोबाट निवेदकको हकाधिकारमा समेत कुनै आघात परेको नदेखिएकोले उक्त निर्णय र फैसलाहरू कार्यान्वयन नगर्नू नगराउनू भनी विपक्षीहरूको नाममा उत्प्रेषण, परमादेशको रिटलगायतको कुनै आज्ञा आदेश जारी गर्नुपर्ने देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: यदुराज शर्मा

इति संवत् २०७३ साल माघ ११ गते रोज ३ शुभम्।

४

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सपना प्रधान मल्ल, ०७०-CI-०४२७, धितो लिखत बदर गरी रोक्का रहेको जग्गा फुकुवा गरी दर्ता गरिपाउँ, *फूलमति कुर्मिन वि. कृषि विकास बैंक, उपशाखा कार्यालय, हाल शाखा कार्यालय सिमरा, बारासमेत*

यी वादी र प्रतिवादी भई अंश मुद्दा परी तह-तह हुँदै अन्तिम भएर बसेको अवस्थामा वादीलाई अंशमा ठग्ने नियतले बन्डा लाग्ने जग्गा धितो राख्ने र लिलाम गराउनेसम्मका कार्यहरू प्रतिवादी पक्षको मिलेमतोमा भएको देखिन्छ। अदालतमा मुद्दा परी अंश पाउने ठहरी फैसला भइसकेपछि अंशजस्तो नैसर्गिक अधिकारलाई आघातित पार्ने उद्देश्यले जानी जानी खराब नियतका साथ प्रतिवादीले बैंकमा धितो राखेको र विवादित जग्गालाई प्रतिवादी बैंकले धितोमा सकार गरेको कार्य दूषित देखिन आउने।

साथै अदालतको फैसलाले हक सिर्जना गरी वादीको नाउँमा दर्ता हुने जग्गा दूषित प्रक्रियाबाट बैंकमा राखी लिलाम भएको कार्यसमेत स्वतः वादीको हकमा दूषित मानिनु पर्ने हुन आएकोले प्रतिवादीले कृषि विकास बैंकमा राखेको धितो लिलाम भएको जग्गासमेत वादीको हकजति वादी दाबीबमोजिम धितो लिखत बदर भई वादीको नाउँमा दर्ता समेत हुने ठहर्छ । वादी दाबी खारेज हुने ठहर्‍याई भएको बारा जिल्ला अदालतको मिति २०६५।१२।२७ को फैसला सदर गर्ने गरी पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०६८।७।२८ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी हुने।

इजलास अधिकृत: मुकुन्द आचार्य

इति संवत् २०७३ साल असोज २ गते रोज १ शुभम्।

इजलास नं. १६

१

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री अनिलकुमार सिन्हा, ०७१-WO-०५४६, उत्प्रेषण,

गोपाल आचार्य वि. नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथसमेत

निवेदकले आफू नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९२क को उपदफा ६ को सुविधा पाउन कानूनीरूपमा योग्य भएको र के कारणले हाल सरूवा भएको कार्यालय निवेदकलाई अनुकूल नदेखिएको हो सोबारे समेत वस्तुनिष्ठ आधार र प्रमाण खुलाई अख्तियारवालासमक्ष माग गरेको भन्ने निवेदनमा खुलाउन सकेको अवस्था देखिएन । निवेदकलाई फरक स्थान र क्षेत्रमा सरूवा गरेको नभई पर्वत जिल्लाभित्र नै जिल्ला स्वास्थ्य कार्यालयबाट बाँसखर्क स्वास्थ्य चौकी पर्वतमा सरूवा गरेको अवस्थामा ट्रेड युनियनको पदाधिकारीको हैसियतले काम गर्नसमेत कुनै प्रतिकूल असर पर्ने नदेखिँदा उक्त सरूवालाई अन्यथा भन्न नमिल्ने ।

नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ ले सरूवा संशोधन तथा मिलानको सम्बन्धमा विभागीय उजुरीको सम्बन्धमा सम्बोधन गरिरहेको अवस्थामा वैकल्पिक र प्रभावकारी उपचारको अभाव भयो भनी रिट क्षेत्रको परिकल्पना गर्न मिल्ने देखिएन र सो गर्नु उचित पनि नहुने ।

सरकारले गर्ने सामान्य सरूवा जस्ता विषयमा गम्भीर कानूनी प्रश्न सिर्जना भई वृहत्तर प्रभाव पर्ने अवस्था नभएसम्म उजुरीको माध्यमबाट उपचारको सामान्य मार्गलाई निस्प्रयोजन हुने गरी यस अदालतले आफ्नो असाधारण अधिकारक्षेत्र प्रयोग गर्नुपर्ने कुनै टड्कारो अवस्थासमेत देखिँदैन । अर्कोतर्फ उजुरी सुन्ने निकाय वा अधिकारीबाट समेत त्यस्तो उजुरी पर्न आएमा त्यसलाई सम्बोधन गरी उपचारको मार्ग निस्प्रयोजन नहुने गरी अविलम्ब निर्णय गर्नु सुशासनसम्बन्धी मान्यताअनुकूल नै हुन आउने ।

आफ्नो अधिकारक्षेत्रभित्रको कार्य समयानुकूल तथा प्रभावकारी ढंगबाट गरी सरूवा वा पदनामजस्ता विवाद सुल्झाउन त्यस्ता निकाय तथा अधिकारी सक्षम छन् भन्ने वैधानिक विश्वास दिलाउनु र यथासम्भव यस्ता विवादको प्रशासकीय तहमै उपचार उपलब्ध गराई अदालतलाई यस्तो सामान्य विवादबाट अलग राख्नु त्यस्ता निकाय तथा अधिकारीको कर्तव्यभित्रको विषय पनि हो । सम्बन्धित अधिकारीसमक्षको उजुरीको माध्यमबाट प्रस्तुत निवेदन फछ्र्यौट हुने कानूनी व्यवस्था भएको नै देखिँदा संवैधानिक एवं गम्भिर कानूनी प्रश्न खडा भएको अवस्थामा बाहेक यस अदालतले आफ्नो असाधारण अधिकारक्षेत्रको प्रयोग गर्नु उपयुक्त नदेखिने ।

यसरी अधिकार प्राप्त अधिकारीबाट नियमानुसार गरिएको सरूवा कार्यमा चित्त नबुझ्ने पक्षले उजुरी दिन सक्ने कानूनी व्यवस्था भएको अवस्थामा रिट निवेदकलाई जिल्ला स्वास्थ्य कार्यालय पर्वतबाट बाँसखर्क स्वास्थ्य चौकी पर्वतमा सरूवा गरेकोलाई नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को दफा ३१(घ) बमोजिमको प्रक्रियाबाट निरूपण हुनै नसक्ने विवाद भन्नु कानूनसङ्गत नहुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: गीता श्रेष्ठ

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७३ साल पुस १३ गते रोज ४ शुभम् ।

२

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री अनिलकुमार सिन्हा, ०७१-WO-०५३९, उत्प्रेषण, *तिर्थराज भट्ट वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, सिंहदरबारसमेत*

निवेदन दिन पाउने वैकल्पिक उपचारको बाटो हुँदाहुँदै निवेदकले उक्त बाटो प्रयोग नगरी सोझै रिट क्षेत्राधिकारबाट यस अदालतमा प्रवेश गरेको देखिँदा नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ ले सरूवा संशोधन तथा मिलानको सम्बन्धमा विभागीय उजुरीको सम्बन्धमा सम्बोधन गरिरहेको अवस्थामा वैकल्पिक र प्रभावकारी उपचारको अभाव भयो भनी रिट क्षेत्रको परिकल्पना गर्न मिल्ने देखिएन र सो गर्नु उचित पनि नहुने ।

रिट आदेश जारी गर्दा ससाना कानूनी त्रुटिभन्दा पनि हक अधिकारमा परेको असरको

गम्भीरतालाई विचार गर्नुपर्ने हुन्छ । सर्वोच्च अदालतको असाधारण अधिकारक्षेत्र संवैधानिक एवं गम्भीर कानूनी प्रश्नहरूको निरूपण गर्न प्रयोग गरिन्छ। सरकारले गर्ने सामान्य सरूवा जस्ता विषयमा गम्भीर कानूनी प्रश्न सिर्जना भई बृहत्तर प्रभाव पर्ने अवस्था नभएसम्म उजुरीको माध्यमबाट उपचारको सामान्य मार्गलाई निस्प्रयोजन हुने गरी यस अदालतले आफ्नो असाधारण अधिकारक्षेत्र प्रयोग गर्नु पर्ने कुनै टड्कारो अवस्था नदेखिने।

उजुरी सुन्ने निकाय वा अधिकारीबाट समेत त्यस्तो उजुरी पर्न आएमा त्यसलाई सम्बोधन गरी उपचारको मार्ग निस्प्रयोजन नहुने गरी अविलम्ब निर्णय गर्नु सुशासनसम्बन्धी मान्यताअनुकूल नै हुन आउँछ। आफ्नो अधिकारक्षेत्रभित्रको कार्य समयानुकूल तथा प्रभावकारी ढंगबाट गरी सरूवा वा पदनाम जस्ता विवाद सुल्झाउन त्यस्ता निकाय तथा अधिकारीसक्षम छन् भन्ने वैधानिक विश्वास दिलाउनु र यथासम्भव यस्ता विवादको प्रशासकीय तहमै उपचार उपलब्ध गराई अदालतलाई यस्तो सामान्य विवादबाट अलग राख्नु त्यस्ता निकाय तथा अधिकारीको कर्तव्यभित्रको विषय हो । यसरी सम्बन्धित अधिकारीसमक्षको उजुरीको माध्यमबाट प्रस्तुत निवेदन फछ्र्यौट हुने कानूनी व्यवस्था भएको नै देखिन्छ । संवैधानिक वा गम्भीर कानूनी प्रश्न खडा भएको अवस्थामा बाहेक यस अदालतले आफ्नो असाधारण अधिकारक्षेत्रको प्रयोग गर्नु उपयुक्त नदेखिने।

सरूवा विवादको सम्बन्धमा नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ ले सरूवा संशोधन तथा मिलानको सम्बन्धमा विभागीय उजुरीको विषयलाई सम्बोधन गरिरहेको अवस्थामा वैकल्पिक र प्रभावकारी उपचारको अभाव भयो भनी रिट क्षेत्रको परिकल्पना गर्न मिल्ने देखिएन र सो गर्नु उचित पनि हुँदैन। आफ्नो अनुकूलताको ठाउँमा मात्र सधैँ बस्न पाउनु पर्छ भन्ने मान्यता राख्नु र सोबमोजिम नभएको अवस्थामा वैकल्पिक उपचारको बाटो हुँदाहुँदै रिट क्षेत्राधिकारबाट अदालत प्रवेश गर्नु एक राष्ट्रसेवकको लागि सुहाउने विषय पनि नहुने।

सरकारले गर्ने सामान्य सरूवाजस्ता विषयमा गम्भीर कानूनी प्रश्न सिर्जना भई बृहत्तर प्रभाव पर्ने अवस्था नभएसम्म उजुरीको माध्यमबाट उपचारको सामान्य मार्गलाई निस्प्रयोजन हुने गरी यस अदालतले आफ्नो असाधारण अधिकारक्षेत्र प्रयोग गर्नु पर्ने कुनै टड्कारो अवस्था देखिँदैन । अर्कोतर्फ उजुरी सुन्ने निकाय वा अधिकारीबाट समेत त्यस्तो उजुरी पर्न आएमा त्यसलाई सम्बोधन गरी उपचारको मार्ग निस्प्रयोजन नहुने गरी अविलम्ब निर्णय गर्नु सुशासनसम्बन्धी मान्यताअनुकूल नै हुन आउने।

आफ्नो अधिकारक्षेत्रभित्रको कार्य समयानुकूल तथा प्रभावकारी ढङ्गबाट गरी सरूवा वा पदनामजस्ता विवाद सुल्झाउन त्यस्ता निकाय तथा अधिकारीसक्षम छन् भन्ने वैधानिक विश्वास दिलाउनु र यथासम्भव यस्ता विवादको प्रशासकीय तहमै उपचार उपलब्ध गराई अदालतलाई यस्तो सामान्य विवादबाट अलग राख्नु त्यस्ता निकाय तथा अधिकारीको कर्तव्यभित्रको विषय हो । यसरी सम्बन्धित अधिकारीसमक्षको उजुरीको माध्यमबाट प्रस्तुत निवेदन फछ्र्यौट हुनु नै सर्वोत्तम निकास हुने देखिँदा संवैधानिक एवम् गम्भीर कानूनी प्रश्न खडा भएको अवस्थामा बाहेक यस अदालतले आफ्नो असाधारण अधिकारक्षेत्रको प्रयोग गर्नु उपयुक्त नदेखिने।

अतः अख्तियार प्राप्त अधिकारीबाट नियमानुसार गरिएको सरूवा कार्यमा चित्त नबुझ्ने पक्षले उजुरी दिनसक्ने कानूनी व्यवस्था भएको अवस्थामा निवेदकलाई सु.प.क्षे. स्वास्थ्य निर्देशनालय, दिपायलबाट जिल्ला स्वास्थ्य कार्यालय, डोटीमा अधिकृत छैठौं तह जनस्वास्थ्य निरीक्षक पदनाम दिई सरूवा गरेकोलाई नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को दफा ३१(घ) बमोजिमको प्रक्रियाबाट निरूपण हुनै नसक्ने विवाद भन्नु कानूनसम्मत नहुने

हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः गीता श्रेष्ठ

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७३ साल पुस १३ गते रोज ४ शुभम् ।

३

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री अनिलकुमार सिन्हा, ०७२-WO-०८५३, परमादेश, *अधिवक्ता डा.चन्द्रकान्त ज्ञवालीसमेत वि. सम्माननीय प्रधानमन्त्री, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

लोकतन्त्र भनेको जनताद्वारा निर्वाचित प्रतिनिधिद्वारा शासन व्यवस्था सञ्चालन हुने पद्धति हो । शासन व्यवस्थामा जनताको सहभागिता कायम गरी जनताको सर्वोत्तम हित हुने र जनताप्रति उत्तरदायी रहने पद्धति निर्माण भएमा नै लोकतान्त्रिक पद्धति कायम हुन सक्दछ । शासन व्यवस्थामा जनताको सहभागिता र प्रतिनिधित्व नरहने पद्धतिलाई लोकतान्त्रिक पद्धति मान्न नमिल्ने ।

आवधिक निर्वाचनको अभावको स्थितिमा लोकतन्त्रको परिकल्पनासमेत गर्न सकिँदैन । केवल कर्मचारीहरूद्वारा वा राजनीतिक दलको सिफारिसमा तोकिएका पदेन वा तदर्थ किसिमको प्रतिनिधित्वलाई निर्वाचनको विकल्पको रूपमा हेर्न हुँदैन । लोकतन्त्रको स्थापना र यसको संस्थागत विकासका लागि निर्वाचन निर्विकल्प सर्तको रूपमा रहने ।

बालिग मताधिकारको प्रयोगसहित निर्वाचनमा सहभागी हुन पाउनु नागरिक अधिकारको महत्त्वपूर्ण पक्ष हो । आवधिक निर्वाचनमा भाग लिन पाउनु नागरिकको अधिकार हो भने सो अधिकारको प्रत्याभूति दिने गरी आवधिकरूपमा स्वतन्त्र र निष्पक्ष तवरबाट निर्वाचन गराउनु प्रत्येक लोकतान्त्रिक राज्यको कर्तव्य र दायित्व हुन्छ । नेपालको संविधानले संघ (केन्द्र), प्रदेश र स्थानीय तह गरी तीन तहमा राज्यशक्तिको बाँडफाँडसम्बन्धी प्रावधान व्यवस्थित गरेको पाइन्छ । उल्लिखित प्रत्येक तहमा निर्वाचनको माध्यमबाट छानिएका जनप्रतिनिधिहरूबाट शासन व्यवस्था सञ्चालन हुने र राज्यशक्तिको प्रयोग गरिने व्यवस्था संविधानले गरेको पाइने ।

स्थानीय जनताको स्वशासनको प्रत्याभूतिका लागि स्थानीय निर्वाचन वाञ्छनीय हुन्छ । स्थानीय तहमा गरिनु पर्ने स्वास्थ्य, शिक्षा, विकास कार्य, ढल, पानी, मनोरञ्जनलगायत जनतासँग प्रत्यक्ष सरोकार राख्ने अन्य विविध कार्य र क्रियाकलाप सञ्चालन गरी जनतालाई सरल, सुलभ तवरबाट सेवा प्रदान गर्न स्थानीय जनप्रतिनिधिमूलक संस्थाहरूको व्यवस्था गरिएको हो । स्थानीय तहमा स्वशासन कायम गरी जनताको सहभागितामूलक व्यवस्थापन पद्धति निर्माण गर्ने अभिप्रायले स्थानीय निकाय (वा तह) को व्यवस्था भएको पाइन्छ । यी निकायहरूले आफ्नो काम कारवाही र क्रियाकलाप सञ्चालन गर्न कतिपय स्रोत, साधनको परिचालन गर्ने तथा कर, दस्तुर आदि उठाउनु पर्ने हुन्छ । जनताको प्रतिनिधित्व नभई यस्ता कर, दस्तुर आदि उठाउन नहुने ("No taxation without representation") भन्ने मान्यताका दृष्टिले हेर्दासमेत अनिर्वाचित (मनोनित) स्थानीय निकायहरू सञ्चालनमा रहनु उचित देखिँदैन । तर पनि अनिर्वाचित स्थानीय निकायहरूबाट कर, दस्तुर उठाउने कार्य निरन्तर भई आएको देखिन्छ । यसलाई लोकतान्त्रिक पद्धतिअनुकूलको कार्य मान्न नसकिने ।

आवधिक निर्वाचन लोकतन्त्रको आधारभूत सर्त र चरित्र हो । निर्वाचनरहित लोकतन्त्रको परिकल्पना गर्न सकिँदैन । निर्वाचन मानव अधिकार तथा नागरिक अधिकारको विषय पनि हो । नेपालको संविधानले आवधिक निर्वाचन गर्ने, शासन-सत्ता निर्वाचित जनप्रतिनिधिद्वारा सञ्चालन हुने र आफ्ना प्रतिनिधिद्वारा शासन व्यवस्थामा सहभागिता कायम गर्ने कुराहरूलाई संविधानको आधारभूत संरचनाको रूपमा व्यवस्थित गरेको छ । यस प्रकारको महत्त्वपूर्ण विषयलाई यो वा त्यो वहानामा पन्छाउनु वा ढिलाइ गर्दै काल-क्षेपण गर्दै जानु कदापि शोभनीय कुरा नहुने ।

पछिल्लो पटक २०५४ सालमा स्थानीय निकायको निर्वाचन भएको देखिन्छ । त्यसपछि

हालसम्म अर्को निर्वाचन नहुनु स्वाभाविकरूपमा चिन्ता, चासो र आम जनसरोकारको विषय बन्नु स्वाभाविक छ । यो अवस्थाको औचित्य कुनै अर्थमा पनि प्रमाणित हुन सक्दैन । आवधिकरूपमा २०५९ सालमा नै हुनुपर्ने स्थानीय निकायको निर्वाचन अहिले १४ वर्षको अवधि व्यतित हुँदासम्म पनि नहुनु सन्तोषको विषय हुनै नसक्ने ।

विगत १४ वर्षबीचको अवधिमा २ पटक संविधानसभाको निर्वाचन सम्पन्न भएको पाइन्छ । यसबाट देशमा निर्वाचन गराउन सकिने स्थिति नभएको कारणबाट निर्वाचन हुन नसकेको भनी मान्न सकिँदैन । स्थानीय निकायको निर्वाचन हुने अवस्था छँदाछँदै पनि निर्वाचन गराइएन भन्ने स्वाभाविक निष्कर्ष निकाल्न सकिने अवस्था रहेको देखिन्छ । यसबीच कानून थियो, निर्वाचन गराउनु पर्ने आवश्यकता थियो, कुनै संवैधानिक अड्चन पनि थिएन; तथापि निर्वाचन गराउने कार्य लामो समयसम्म भएन । कुनै संवैधानिक वा कानूनी जटिलताको कारणबाट निर्वाचन हुन नसकेको भन्ने पनि देखिँदैन । स्थानीय निकायको निर्वाचन गराउने कुरामा तत्तत् सरकार र राजनीतिक दलहरूको उदासिनता, अकर्मण्यता अथवा संवेदनशीलतामा कमीको कारणबाट नै विगत १४ वर्षदेखि स्थानीय निकायहरू जनप्रतिनिधिविहीन अवस्थामा रहेका देखिन्छन । लोकतन्त्रका लागि यो अवस्था सुखद् र गर्व गर्नलायक विषय हुनै नसक्ने ।

आवधिक निर्वाचन नहुनुलाई राजनीतिक इच्छाशक्तिको कमी, व्यावहारिक प्रतिबद्धताको अभाव वा जनताको लोकतान्त्रिक (नागरिक) हक अधिकार संरक्षणप्रतिको अनुत्तरदायी प्रवृत्तिको परिणामको रूपमा अर्थ लगाउने अवस्थासमेत रहन्छ । निर्वाचनप्रतिको यस प्रकारको उदासिनताले लोकतन्त्रको संस्थागत विकास र लोकतान्त्रिक संस्कारको निर्माणमा गम्भीर अवरोध खडा गर्न पुग्ने देखिने ।

आवधिकरूपमा निर्वाचन गराउने कार्य लोकतान्त्रिक शासनका मान्यताअनुसार गठित कुनै पनि सरकारको प्राथमिक कर्तव्य तथा दायित्वको विषय हो । लामो (अनुचित) समयसम्म निर्वाचन नै नगराइएको स्थिति रह्यो भने सरकारको वैधतामा प्रश्न उठ्ने सम्भावनाहरू देखा पर्न सक्दछन् । निर्वाचन नगराई केही कर्मचारीको भरमा स्थानीय निकाय सञ्चालन गर्नुलाई “मनोनित लोकतन्त्र” भन्नु पर्दछ । यो अवस्था कायम रहनु न विगतका संविधानहरूको मर्म र भावना अनुकूल थियो, न त वर्तमान संविधानले आत्मसात् गरेका मूल्य, मान्यता, भावना वा मर्म अनुकूल हुन्छ । लोकतन्त्रमा आवधिक निर्वाचन हुनु आवश्यक मात्र होइन, अनिवार्य पनि मानिने ।

नेपालको संविधानको पूर्ण कार्यान्वयनका लागि २०७४ साल माघ ७ गतेसम्ममा संघ, प्रदेश र स्थानीय तह गरी तीन वटै तहका निर्वाचनहरू सम्पन्न गरिसक्नु पर्ने अनिवार्यता रहेको छ । स्थानीय तहको निर्वाचन नभई केन्द्रीय तहको निर्वाचनका लागि निर्वाचक मण्डलले पूर्णता नपाउने अवस्था रहने भएबाट पनि स्थानीय तहको निर्वाचन थप अपरिहार्य बनेको छ । संविधानको धारा २९६(१) मा रहेको प्रावधानका दृष्टिले हेर्दासमेत संवत् २०७४ साल माघ ७ गतेभित्रमा संक्रमणकालको अन्त गरी संविधानको पूर्ण कार्यान्वयन सुनिश्चित गरिनु पर्ने संवैधानिक दायित्व रहेको छ । योभन्दा बाहेक अन्यथा कुनै परिकल्पना गरियो भने त्यो संविधानप्रतिको जालझेल र बेइमानी हुनेछ । अहिले त्यसप्रकारको अनपेक्षित परिकल्पना गर्नु उचित नहुने ।

संविधान निर्माण गर्ने राजनीतिक दलहरूबाट नै सरकार सञ्चालन भइरहेको र संविधान निर्माण अवस्थाका पात्रहरूबाट नै राजनीतिक गतिविधि सञ्चालित रहेको अवस्था हुँदा संविधानको भावना र मर्मअनुसारका जिम्मेवारी उचित समयमा नै पूरा हुने विश्वास राख्न सकिन्छ । अहिलेको सन्दर्भमा, संविधानद्वारा निर्धारित समयसीमाभित्र सबै तहको निर्वाचन कार्य सम्पन्न गर्न सघन र सार्थक प्रयास अगाडि बढाउने कुरा नै सर्वाधिक प्राथमिकताको विषय

बन्नु पर्ने संवैधानिक जिम्मेवारी हर-हालतमा पूरा गरिनु वाञ्छनीय देखिने।

"स्थानीय तहको संख्या र क्षेत्र निर्धारण" भएपछि स्थानीय निकायहरू कायम रहँदैनन् । स्थानीय तहको संख्या र सिमाना निर्धारण गर्न समय लाग्ने स्वाभाविक अवस्थालाई दृष्टिगत गरी सो कार्य सम्पन्न नहोउन्जेलसम्मका लागि स्थानीय निकायको निर्वाचन गर्ने र स्थानीय निकाय कायम रहने संक्रमणकालीन व्यवस्था संविधानमा राखिएको हो। स्थानीय निर्वाचनका सन्दर्भमा हेर्दा संविधानको अभिष्ट, गन्तव्य र लक्ष स्थानीय तहको निर्वाचन, गठन एवम् सुसञ्चालन गर्नु भन्ने नै देखिन्छ। तसर्थ स्थानीय तहको संख्या र सिमाना निर्धारण गर्ने कार्य कानूनतः सम्पन्न भएको तथा निर्वाचनका लागि आवश्यक कानूनको निर्माणलगायतका पूर्वावस्थाहरू विधमान रहेको स्थितिमा स्थानीय तहको निर्वाचन गर्नु स्वाभाविक संवैधानिक प्रक्रिया हुन जाने।

संविधानमा व्यवस्थित प्रावधानहरूलाई कार्यान्वयनमा ल्याउने दृष्टिले विचार गर्दासमेत स्थानीय तहको निर्वाचन गर्नु, गराउनु संविधानसम्मत देखिन्छ। यसलाई नै स्वाभाविकरूपमा प्राथमिकताको विषय पनि मान्नु पर्ने हुन्छ। संविधानको धारा २९६ को उपधारा (१) मा रूपान्तरित व्यवस्थापिका-संसद्को कार्यकाल संवत् २०७४ साल माघ ७ गतेसम्म कायम रहने गरी अवधि निर्धारण गरिएको र यही समयावधिबीच संविधानले गरेका प्रावधानहरू अनुसारका सबै तहका संरचनाहरूको निर्वाचन भई सक्नु पर्ने भएको सन्दर्भमा २०७४ साल माघ ७ गतेभित्रै संघ, प्रदेश र स्थानीय तहसहित तीनै तहको निर्वाचन सम्पन्न हुनुपर्ने भएबाट पनि स्थानीय तहको निर्वाचनको औचित्य पुष्टि हुने।

मूलतः निर्वाचनका पूर्वावस्था, स्थानीय तहको क्षेत्र र संख्या निर्धारण, निर्वाचनसम्बन्धी कानूनी आधार, निर्वाचन व्यवस्थापन, राजनीतिक तहमा रहेको तयारी आदि विविध कुराको परिप्रेक्ष्यमा मूल्याङ्कन गरी छनौट गर्ने विषय देखिन्छ। संविधानले "स्थानीय निकाय" वा "स्थानीय तह" को निर्वाचन गर्ने सम्बन्धमा केही सर्त वा पूर्वावस्थाहरू निर्धारण गरेको छ । माथि उल्लेख गरिएअनुसार संक्रमणकालीन व्यवस्थापनको रूपमा **"स्थानीय निकायको"** निर्वाचन गर्ने वा संविधानको एउटा आधारभूत संरचनाको रूपमा समावेश गरिएको **"स्थानीय तहको"** निर्वाचन गर्ने भन्ने कुरा संविधानको धारा २९५ को उपधारा (३) सपठित धारा ३०३ को उपधारा (१) बमोजिम स्थानीय तहको क्षेत्र, संख्या, सीमाना निर्धारण गर्ने कुरासँग अन्योन्याश्रितरूपमा जोडिएको पाइन्छ । यसका अतिरिक्त निर्वाचनसम्बन्धी आवश्यक कानूनको निर्माण, देशभरी निर्वाचन गराउन सकिने अनुकूल वातावरणको सिर्जना र निर्वाचन व्यवस्थापनजस्ता कुराहरू समेत विचारणीय र सरोकारका विषय बन्ने।

यी विविध स्थिति र अवस्थाहरूको राजनीतिक तहबाट नै समुचित मूल्याङ्कन गरी "स्थानीय निकाय" अथवा "स्थानीय तह" मध्ये कुन निर्वाचन गर्ने भनी यकिन गरिनु संविधानसम्मत हुन्छ। न्यायिक व्यवस्थापनको मापदण्ड (judicially manageable standard) बाट हेर्दासमेत यो विषयमा किटान गरी अदालतबाट आदेश जारी गर्नु उचित देखिँदैन। यो प्रश्न मूलतः राजनीतिक प्रकृतिको देखिन्छ र नेपाल सरकार, निर्वाचन आयोग एवम् राजनीतिक दलहरूले समन्वयात्मक तवरबाट निरूपण गर्नुपर्ने राजनीतिक विषयको रूपमा रहेको पाइन्छ। यस प्रकारको प्रत्यक्षतः राजनीतिक बुद्धिमता (political wisdom) प्रयोग गरी यकिन गर्नुपर्ने विषयमा यस अदालतबाट यही "तह वा निकाय" को निर्वाचन गर्नु भनी किटान गरी आदेश जारी गर्नु मनासिब नहुने।

माथि विवेचित आधार र कारणबाट यस अदालतबाट यही "तह वा निकाय"को निर्वाचन गर्नु भनी किटान गरी आदेश जारी गर्नु मनासिब नदेखिएको र नेपाल सरकार (मन्त्रिपरिषद्) ले मिति २०७३ साल फाल्गुण ९ गते गरेको निर्णयानुसार संवत् २०७४ साल वैशाख ३१ गते **"स्थानीय तहको"** निर्वाचन हुने भनी घोषणा भइसकेको देखिन आएको हुँदा निर्वाचन हुने कुराको घोषणा औपचारिकरूपमा भई निर्वाचन प्रक्रिया

अगाडि बढी सकेको स्थितिमा अब रिट निवेदकको मागबमोजिम निर्वाचन गराउनु भनी आदेश जारी गरी रहनु परेन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: रामप्रसाद भट्टराई

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७३ साल फागुन ११ गते रोज ४ शुभम्।

इजलास नं. १७

मा.न्या.डा. आनन्दमोहन भट्टराई र मा.न्या. श्री प्रकाशमान सिंह राउत, ०७०-WO-०८०५, उत्प्रेषण, *मन्जुकुमारी कर्ण वि. शिक्षा मन्त्रालयसमेत*

शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम २०(३) हेर्दा खुला समूहमा लिखित परीक्षामा उत्तीर्ण भएका सबै उम्मेदवार सोभन्दा पछिको विज्ञापनअनुसारको सोही तहका परीक्षामा उत्तीर्ण भएका सबै उम्मेदवार सो भन्दापछिको विज्ञापनअनुसारको सोही तहका परीक्षामा उत्तीर्ण भएको मानिने र अन्तरवार्तामा प्राप्त गरेको अङ्कसमेत सबै समूहमा जोडिने प्रावधान रहेको देखिन्छ । यसबाट दुवै विज्ञापनमा दरखास्त दिएको र एउटै प्रवेशपत्र पाएको भन्ने पुष्टि हुन्छ। विपक्षी कृष्णकला अर्यालले विज्ञापन नं. १०९१।०६९-७० खुलातर्फ र विज्ञापन नं. १०९२।०६९-७० महिलातर्फ फर्म भरी दुवै समूहको लागि एउटै प्रवेश पत्र पाएकोलाई कानूनविपरीत भन्न मिल्ने नदेखिने।

शिक्षक सेवा आयोगबाट झिकाइएको सक्कल बैठक पुस्तिका हेर्दा २०७०।९।५ को नतिजा प्रकाशन गर्दा अन्यथा भएकोमा सच्याइएको विवरणमा विज्ञापन नं. १०९२/०६९-७० (महिला समूहको विज्ञापन) मा नाम छुट्न गएकोमा समावेशीतर्फ महिला समूहमा समेत विपक्षी कृष्णकला अर्यालको नाम समावेश गर्ने निर्णय भएको देखिएको छ। सोबमोजिम २०७०।९।५ मा विपक्षी कृष्णकला अर्याललाई पत्र जारी गरिएको मिसिलबाट देखिन्छ। त्यस्ता सामान्य गल्ती सच्याई सहीछाप गर्नुलाई सामान्य र स्वाभाविक प्रक्रियाकै रूपमा लिनुपर्ने हुन आयो। त्रुटि सच्याइएको कुरा कुनै कानूनविपरीत रहेको देखिँदैन र यो कुरा निवेदकले स्थापित गर्न सकेको पनि नपाइने।

शिक्षक सेवा आयोगले लिने परीक्षामा एकभन्दा बढी समूहमा परीक्षा दिने परीक्षार्थीले एउटा मात्र फर्म भरे हुने, निजले एउटै प्रवेशपत्र पाउने, एउटै अन्तर्वार्ता दिए हुने देखियो । शिक्षक सेवा आयोगले गल्ती सच्याई निर्णय गरेकोसम्म देखिएको र त्यस्तो भूलसुधार गर्न शिक्षक सेवा आयोगले नपाउने भन्न नमिल्ने हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: विद्याराज पौडेल

कम्प्युटर: यामप्रसाद रेग्मी

इति संवत् २०७३ साल माघ २५ गते रोज ३ शुभम्।

इजलास नं. १९

१

मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री सपना प्रधान मल्ल, ०६७-CR-१११५, जबरजस्ती करणी, *नेपाल सरकार वि. वेदहरि भट्टराई*

पीडित बालिका अध्ययन गरेको रत्न राज्यलक्ष्मी कन्या माध्यमिक विद्यालय पोखराको रेकर्डबाट मिति २०५४।०१।१५ उल्लेख भएको र पीडितको बाबुले पीडित बालिकाको उमेर मिति २०५३।११।२६ भनी उल्लेख गरे तापनि पीडितको स्थानीय पञ्जिकाधिकारीको कार्यालयको जन्मदर्ताको आधिकारिक प्रमाण पत्र पेस भएको नदेखिएको, मौकाको जाहेरीमा पीडित बालिकाको उमेर १२ वर्ष उल्लेख भएको देखिएको, पीडित बालिका शान्ता भन्तनाले अनुसन्धानको क्रममा बयान गर्दा र अदालतमा बकपत्र गर्दासमेत आफ्नो उमेर १२ वर्ष भएको किटानीरूपमा लेखाइदिएको देखिन्छ । जाहेरवाली रूक्मिणी आचार्यले अदालतमा बकपत्र गर्दासमेत पीडित बालिकाको उमेर १२ वर्षकी भनी लेखाइदिएको आधार प्रमाणबाट यी पीडित बालिकाको उमेर १२ वर्ष नै कायम हुने।

पुनरावेदन अदालतले निर्णय गर्दा निर्णयको आधारमा १२ वर्ष नै उमेर कायम गरेपछि जबरजस्ती करणीको ३(२) नं. हुनुपर्नेमा टाइपको सामान्य भूलबाट ऐ. जबरजस्ती करणीको महलको ३(१) नं. लेखिन गएकै कारणले मात्र उक्त फैसलालाई अन्यथा अर्थ गर्ने मिल्ने देखिएन । अतः पीडित बालिकाको उमेर १२ वर्ष कायम गरी मुलुकी ऐन, जबरजस्ती करणीको ३(२) नं. को बमोजिम सजाय हुने ठहर्‍याएको पुनरावेदन अदालत, पोखराको फैसला मनासिब नै देखिने ।

तसर्थ प्रतिवादी वेदहरि भट्टराईलाई अभियोग दाबीबाट सफाइ दिने सुरू फैसला उल्टी गरी यी प्रतिवादीलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(२) नं. बमोजिम १० (दश) वर्ष कैदको सजाय हुने ठहर्‍याई पीडित शान्ता आचार्य (भन्तना) लाई यी प्रतिवादी वेदहरि भट्टराईबाट रू.१,५०,०००।- (एक लाख पचास हजार रूपैयाँ) क्षतिपूर्ति भराइदिने ठहर्‍याएको पुनरावेदन अदालत, पोखराको मिति २०६७/०१/२७ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : महेन्द्रप्रसाद भट्टराई

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७३ साल साउन २५ गते रोज ३ शुभम् ।

२

मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री सपना प्रधान मल्ल, ०६७-CR-१११६, जबरजस्ती करणी, *नेपाल सरकार वि. विष्णु अचार्य*

पीडित बालिका अध्ययन गरेको रत्न राज्यलक्ष्मी कन्या माध्यमिक विद्यालय पोखराको रेकर्डबाट मिति २०५४।०१।१५ उल्लेख भएको तथा पीडितको बाबुले पीडित बालिकाको उमेर मिति २०५३।११।२६ भनी उल्लेख गरे तापनि पीडितको स्थानीय पञ्जिकाधिकारीको कार्यालयको जन्मदर्ताको प्रमाण पेस भएको नदेखिएको, मौकाको जाहेरीमा पीडित बालिकाको उमेर १२ वर्ष उल्लेख भएको देखिएको, पीडित बालिका शान्ता भन्तनाले अनुसन्धानको क्रममा बयान गर्दा र अदालतमा बकपत्र गर्दासमेत आफ्नो उमेर १२ वर्ष भएको किटानीरूपमा लेखाइदिएको देखिन्छ । जाहेरवाली रूक्मिणी आचार्यले अदालतमा बकपत्र गर्दासमेत पीडित बालिकाको उमेर १२ वर्षकी भनी लेखाइदिएको आधार प्रमाणबाट यी पीडित बालिकाको उमेर १२ वर्ष नै कायम हुने देखिने । पुनरावेदन अदालतले निर्णय गर्दा निर्णयको आधारमा १२ वर्ष नै उमेर कायम गरेपछि जबरजस्ती करणीको ३(२) नं. हुनुपर्नेमा टाइपको सामान्य भूलबाट ऐ. जबरजस्ती करणीको महलको ३(१) नं. लेखिन गएकै कारणले मात्र उक्त फैसलालाई अन्यथा अर्थ गर्ने मिल्ने देखिएन । अतः पीडित बालिकाको उमेर १२ वर्ष कायम गरी मुलुकी ऐन, जबरजस्ती करणीको ३(२) नं. बमोजिम सजाय हुने ठहर्‍याएको पुनरावेदन अदालत, पोखराको फैसला मनासिब नै देखिने ।

तसर्थ प्रतिवादी विष्णु आचार्यलाई अभियोग दाबीबाट सफाइ दिने सुरू फैसला उल्टी गरी यी प्रतिवादीलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(२) नं. बमोजिम १०(दश) वर्ष कैदको सजाय हुने ठहर्‍याई पीडित शान्ता आचार्य (भन्तना) लाई यी प्रतिवादी विष्णु आचार्यबाट रू. १,५०,०००।- (एक लाख पचास हजार रूपैयाँ) क्षतिपूर्ति भराइदिने ठहर्‍याएको पुनरावेदन अदालत, पोखराको मिति २०६७।०१।२७ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: महेन्द्रप्रसाद भट्टराई

इति संवत् २०७३ साल साउन २५ गते रोज ३ शुभम् ।

एकल इजलास

१

मा.न्या.श्री दीपकराज जोशी, ०७३-WO-०४४८, उत्प्रेषण / परमादेश, *इस्माइल नाउँ वि. उच्च अदालत, तुलसीपुर नेपालगञ्ज इजलाससमेत*

निवेदकले सर्वप्रथम फैसलाको जानकारी पाएको विषयमा अदालतलाई आफ्नो भएको सत्य व्यहोरा ढाँटी पुनरावेदनपत्र दर्ता गर्ने प्रयास गरेको

पाइन्छ । यसै सम्बन्धमा यस अदालतबाट सफा हात लिई नआउने निवेदकलाई यस अदालतले मद्दत गर्न नसक्ने (*नेकाप* २०४१ नि.नं. १८७४ अङ्क १) भनी नारायणप्रसाद डाँगीसमेत विरूद्ध मालपोत कार्यालय, दाङसमेत भएको उत्प्रेषण मुद्दामा यस अदालतबाट मिति २०४१।१।४ मा भएको फैसलामा सिद्धान्त प्रतिपादन भएको अवस्था छ । यी निवेदकले पुनरावेदन पत्र दर्ता गर्न आफ्नो भएको यथार्थ व्यहोरा ढाँटी अदालतलाई गुमराहमा राख्ने प्रयासस्वरूप पटकपटक नयाँ नयाँ प्रमाण सिर्जना गरी अदालत, प्रवेश गर्ने प्रयास गरेको देखिन्छ । यस्तो अवस्थामा यी निवेदक सफा हात लिई अदालत, प्रवेश गर्न चाहेको देखिँदैन । यसर्थ उल्लिखित सिद्धान्तसमेतबाट रिट निवेदकको निवेदन मागबमोजिम औचित्यभित्र प्रवेश गरी कारण देखाउ आदेश जारी गर्न पर्ने अवस्था देखिएन । प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृत: प्रेम खड्का

इति संवत् २०७३ साल मङ्सिर १२ गते रोज १ शुभम् ।

२

मा.न्या.श्री दीपकराज जोशी, ०७३-WO-०४६४, उत्प्रेषण / परमादेश, *किरण गम्भीर सिं रायमाझी वि. काठमाडौं महानगरपालिका, बागदरबार, काठमाडौंसमेत*

काठमाडौं महानगरपालिकाले विवादको कम्पाउन्डवाल मिति २०६७।३।९ मा भत्काउने निर्णय गरेको पाइयो भने सोही स्थानमा काठमाडौं महानगरपालिकाले कम्पाउन्डवाल भत्काउने निर्णय गरेपश्चात् कम्पाउन्डवाल बनाउन मिति २०६७।४।१६ मा सोही संस्थाले विपक्षी सुमन रायमाझीलाई अनुमति दिएको देखिन्छ । पुनरावेदन अदालतले फैसला गर्दा प्रस्तुत कम्पाउन्डवालको विवादको निरूपणको सम्बन्धमा विकल्पको रूपमा काठमाडौं महानगरपालिकालाई पुनः निर्णय गर्नु भनी उल्लेख गरेको अवस्था छ । सामान्यतयाः विवादको निरूपण सामान्य कानूनको प्रयोगबाट गरिन्छ भने रिट क्षेत्राधिकार आकर्षित हुँदैन । यसै सम्बन्धमा यस अदालतबाट निवेदक अनिरूद्रकुमार साहसमेत विरूद्ध कृषि विकास बैंक लिमिटेड शाखा कार्यालय, दुहवी, सुनसरी भई चलेको उत्प्रेषणयुक्त परमादेश मुद्दामा वैकल्पिक उपचारको मार्ग हुँदाहुँदै असाधारण अधिकारक्षेत्रबाट बोल्न नमिल्ने (*नेकाप* २०६९ नि.नं.८९३४ अङ्क १२) भन्ने सिद्धान्त प्रतिपादित भएको अवस्थामा पनि प्रस्तुत निवेदनउपर विकल्पको रूपमा काठमाडौं महानगरपालिकामा निवेदन दिन पाउने अधिकार यी निवेदकलाई रहे भएको नै देखिने ।

निवेदकको निवेदनमा उल्लेख गरेको पर्खाल भत्काई पाउँ भन्ने विवादमा विकल्पको रूपमा निवेदकले काठमाडौं महानगरपालिकामा निवेदन गर्न पाउने नै देखिँदा प्रस्तुत निवेदन मागबमोजिम कारण देखाउ आदेश जारी हुन सक्ने देखिएन । अतः माथि उल्लिखित सिद्धान्त एवम् विवेचित आधार कारणहरूबाट प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृत: प्रेम खड्का

कम्प्युटर: बासुदेव गिरी

इति संवत् २०७३ साल मङ्सिर १६ गते रोज ५ शुभम् ।